
पुस - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क १७ | २०८० पुस १-१५ | पूर्णाङ्क ७५५



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री अविधान सापकोटा
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | २४ |
| इजलास नं. १ | २ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ५ | ८ |
| **जम्मा** | **४०** |

| | |
|---|---|
| इजलास नं. ६ | १२ |
| इजलास नं. ९ | १२ |
| इजलास नं. ११ | ६ |
| **जम्मा** | **३०** |

**कूल जम्मा ४० + ३० = ७०**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, पुस – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - २८ |
| १. | उत्प्रेषण / परमादेश | कृष्णमाया गिरी भन्ने कृष्णकुमारी गिरी वि. गुठी लगत तथा तहबिल कार्यालय, भद्रकाली, काठमाडौंसमेत | १ |
| २. | निर्णय बदर | मन्जुदेवी साह वि. शैल देवी, नरेन्द्रकुमार यादव वि. शैल देवी | २ |
| ३. | उत्प्रेषण / परमादेश | धनलक्ष्मी श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत | ३ |
| ४. | अधिकारपृच्छा समेत | दुर्गादेवी पाल वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनगढी, कैलालीसमेत | ३ |
| ५. | दूषित बकसपत्र लिखत बदरसमेत | रूकु बुढाथोकीसमेत वि. सरस्वती बुढाथोकीसमेत | ५ |
| ६. | लिखत बदर, दर्ता बदर, दर्ता कायम | सुमिन्द्र देवी साह वि. मञ्जुदेवी साहसमेत | ६ |
| ७. | अंश दर्ता | सुमिन्द्रादेवी साह वि. मञ्जुदेवी साहसमेत | ७ |
| ८. | कर्तव्य ज्यान | भरतदास तत्मासमेत वि. नेपाल सरकार | ९ |
| ९. | उत्प्रेषण | कार्यरत सुरेन्द्रमुनि शाक्य वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | १० |
| १०. | जग्गा खिचोला पर्खाल हटाइपाऊँ | गोपालप्रसाद अग्रवाल वि. जमुना चौधरीसमेत | ११ |
| ११. | उत्प्रेषण / परमादेशसमेत | सियाराम साह वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौंसमेत | १२ |
| १२. | उत्प्रेषण / परमादेशसमेत | राज नारायण ठाकुर वि. नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं | १३ |
| १३. | उत्प्रेषण | धिरेन्द्रप्रसाद दत्त वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत | १४ |

| | | | |
|---|---|---|---|
| १४. | निर्णय दर्ता बदर | सार्वजनिक ऐलानी पर्ती कायम, जितपुर गौशालासमेत वि. बारा जिल्ला, आदर्श गाउँ विकास समिति भवानीपुर जितपुर | १५ |
| १५. | खिचोला मेटाई पर्खाल भत्काई चलन | वीरेन्द्रकुमार सङ्घइ वि. उद्योग वाणिज्य सङ्घ शाखा कार्यालय जितपुर बारासमेत | १७ |
| १६. | उत्प्रेषण | लालकुमार श्रेष्ठसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत | १८ |
| १७. | अंश | गंगादेवी भट्टराई वि. निशा भट्टराईसमेत | १९ |
| १८. | जालसाजी | विष्णु भट्टराईसमेत वि. श्यामप्रसाद भट्टराईसमेत | १९ |
| १९. | नकबजनी चोरी | अजय पुरी वि. नेपाल सरकार | २० |
| २०. | जबरजस्ती चोरी | नेपाल सरकार वि. विकास मल्लसमेत | २१ |
| २१. | डाँका | नेपाल सरकार वि. रूपेसकुमार साहसमेत | २३ |
| २२. | जबरजस्ती चोरी | नेपाल सरकार वि. विक्रम तामाङसमेत | २४ |
| २३. | नकबजनी चोरी | अजय पुरी वि. नेपाल सरकार | २६ |
| २४. | नकबजनी चोरी | अजय पुरी वि. नेपाल सरकार | २७ |
| **इजलास नं.१** | | | **२८ - ३०** |
| २५. | परमादेशसमेत | अजय बुढाथोकीसमेत वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत | २८ |
| २६. | उत्प्रेषणमिश्रित परमादेश | हरिराम चौधरी वि. दिनेश कुर्मीसमेत | २९ |
| **इजलास नं.३** | | | **३१ - ३४** |
| २७. | चेक अनादर | देवेन्द्रजंग कार्कीसमेत वि. शेम महर्जन | ३१ |
| २८. | अबन्डा सम्पत्ति बन्डा गरिपाऊँ | निराला राणा वि. गायत्रीदेवी शाहसमेत | ३१ |
| २९. | दूषित निर्णय बदरसमेत | बेखामान मानन्धरसमेत वि. ईश्वरमान मानन्धर, ईश्वरमान मानन्धर वि. पशुपतिनाथ अमालकोट कचहरी, काठमाडौंसमेत | ३२ |
| ३०. | अंशचलन | रामबहादुर क्षेत्री दाहालसमेत वि. लिलाबहादुर दाहाल | ३२ |
| ३१. | जालसाजी | हरिप्रसाद जोशी वि. तीर्थराज शाक्य, जनार्दन शर्मा वि. तीर्थराज शाक्य | ३३ |

| | | | |
|---|---|---|---|
| ३२. | उत्प्रेषण | जयप्रसाद पौडेल वि. सञ्चालक समिति, नेपाल आयल निगम बबरमहल काठमाडौंसमेत | ३३ |
| इजलास नं. ५ | | | ३४ – ४३ |
| ३३. | चेक अनादर | दिनेश कोइराला वि. जया थापा | ३४ |
| ३४. | मिलापत्र बदर | सोनफी यादवसमेत वि. राजकिशोर यादवसमेत | ३५ |
| ३५. | जबरजस्ती करणी | परिवर्तित नाम ०४-२-ग-१ वि. नेपाल सरकार | ३६ |
| ३६. | उत्प्रेषण | राजन मुर्मु सतार वि. भूमिसुधार कार्यालय, मोरङसमेत | ३७ |
| ३७. | उत्प्रेषण | सुरेश ताम्राकार वि. ललितपुर जिल्ला अदालत, लगनखेल ललितपुरसमेत | ३९ |
| ३८. | लिखत बदर दर्ता बदर दर्ता कायम | सुरैतदेवी यादबसमेत वि. भवानीदेवी यादव | ४० |
| ३९. | जग्गा खिचोला घर उठाई चलन | उर्मिलादेवी साह वि. भागिरथीदेवी रूगटा, धनाई साहु तेली वि. भागिरथीदेवी रूगटा | ४१ |
| ४०. | जग्गा खिचोलासमेत | लक्ष्मीनारायण महर्जन वि. जितेन्द्र महर्जनसमेत | ४२ |
| इजलास नं.६ | | | ४३ – ५६ |
| ४१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. शिवहरि रोकासमेत | ४३ |
| ४२. | जबरजस्ती करणी र रहजनी चोरी | नेपाल सरकार वि. नारायण दर्जीसमेत | ४४ |
| ४३. | जबरजस्ती करणी | नेपाल सरकार वि. नारायण दर्जी | ४५ |
| ४४. | भ्रष्टाचार (घुस / रिसवत) | भरतराज पौडेल वि. नेपाल सरकार | ४६ |
| ४५. | उत्प्रेषणयुक्त परमादेश | सुशिला तिमिल्सिना वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत | ४७ |
| ४६. | हाइड्रोलिक कटर मेसिनसमेत चोरी पैठारी | विरेन्द्रकुमार पाल वि. नेपाल सरकार | ४९ |
| ४७. | फैसला बदर | हिरालालप्रसाद कलवार वि.असियादेवी थरूनी | ५० |
| ४८. | अंश दर्ता | रामचेला महरा चमार वि. रघु महरा चमार | ५१ |
| ४९. | अदालतको अवहेलना | दलबहादुर थापामगरसमेत वि. रूद्रप्रसाद पौडेल | ५२ |
| ५०. | उत्प्रेषणयुक्त परमादेशसमेत | दलबहादुर थापामगरसमेत वि. दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालय लैनचौर, काठमाडौंसमेत | ५३ |
| ५१. | जबरजस्ती करणी | सुरेश दर्लामी मगर वि. नेपाल सरकार | ५४ |
| ५२. | अंश दर्ता | रामचेला महरा चमार वि. जबाहिर महरा चमार | ५५ |

| | | | |
|---|---|---|---|
| **इजलास नं.९** | | | **५६ – ७१** |
| **५३.** | वन क्षेत्रको सीमा कटौती गरी मेरो नाममा दर्ता स्रेस्ता कायम गरिपाऊँ | जिल्ला वन क्षेत्र सीमा निर्धारण समिति, डोटीसमेत वि. दलबहादुर माझी | **५६** |
| **५४.** | बैंकिङ कसुर | कुमबहादुर गुरूङ वि. नेपाल सरकार | **५८** |
| **५५.** | मानिस अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. राजेन्द्रकुमार पण्डितसमेत | **५८** |
| **५६.** | करारबमोजिम जग्गा पारित गरिपाऊँ | सिताराम तिमल्सिना वि. तुल्सी महर्जनसमेत | **६०** |
| **५७.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. सेन्दाङ लिम्बूसमेत | **६१** |
| **५८.** | परमादेशसमेत | हिराबहादुर श्रेष्ठ वि. जिल्ला उदयपुर, जलजले गाउँ विकास समितिस्थित उदयपुर सिमेन्ट उद्योग लिमिटेडसमेत | **६२** |
| **५९.** | वैदेशिक रोजगार कसुर | अरूण राई भन्ने अरूणाकुमार राई वि. नेपाल सरकार | **६४** |
| **६०.** | गैरकानूनी रूपमा गरिएको ट्रेडमार्कको नक्कल रोक्का गरी हर्जाना भराइपाऊँ भन्नेसमेत | सोमनाथ पौडेल वि. सुनसरी जिल्ला, सोनापुर २ स्थित एसियन थाई फुड्स प्रा.लि. | **६५** |
| **६१.** | मानव बेचबिखन तथा ओसारपसार | जयन्ती हमाल वि. नेपाल सरकार | **६६** |
| **६२.** | बैंकिङ कसुर | निर्मला खड्का वि. नेपाल सरकार | **६८** |
| **६३.** | बैंकिङ कसुर | दिपेन्द्र कोइराला वि. नेपाल सरकार | **६८** |
| **६४.** | नामसारी गरी तर्फ कायम गरिपाऊँ | उमा मिश्र वि. इन्द्रामतीदेवी मिश्र | **६९** |
| **इजलास नं.११** | | | **७१ – ५७** |
| **६५.** | बैंकिङ कसुर | जयराम श्रेष्ठ वि. नेपाल सरकार | **७१** |
| **६६.** | जबरजस्ती करणी | गंगाबहादुर राई वि. नेपाल सरकार | **७२** |
| **६७.** | वैदेशिक रोजगार कसुर | दिर्घनाथ चापागाई वि. नेपाल सरकार | **७३** |
| **६८.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रामबहादुर थापा, रामकुमार मगर वि. नेपाल सरकार | **७४** |
| **६९.** | मोही प्रमाणपत्र मोही नामसारी | दिनेश यादव वि. कासीप्रसाद साहसमेत | **७४** |
| **७०.** | मोही लगत कट्टा | चन्द्रमान डंगोल वि. दुर्गा शर्मा | **७६** |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-WO-०७३१, उत्प्रेषण / परमादेश, कृष्णमाया गिरी भन्ने कृष्णकुमारी गिरी वि. गुठी लगत तथा तहबिल कार्यालय, भद्रकाली, काठमाडौंसमेत*

निवेदिकाले दाबी लिएको गुठी संस्थान ऐन, २०३३ को दफा ३५(२) को कानूनी व्यवस्थामा "यो ऐन प्रारम्भ हुँदाका बखत संस्थानको स्वीकृति नलिई कसैले गुठी जग्गामा घर बनाइसकेको रहेछ भने त्यस्तो जग्गा संस्थानले तोकेबमोजिमको दस्तुर लिई मोहियानीमा दर्ता गरिदिन सक्ने छ ।" भन्ने रहेको अवस्थामा मोहियानीमा दर्ता गर्ने नगर्ने कुरा बाध्यात्मक दर्ता गर्नैपर्ने नभई गुठी संस्थानको स्वेच्छाको निर्णयमा भर पर्ने देखिन्छ । यसैगरी गुठी संस्थानको लिखित जवाफमा उल्लेख गरिएको ऐजन ऐनको दफा २५ ले गुठी तैनाथी जग्गाको बन्दोबस्तको बारेमा व्यवस्था गरेको पाइन्छ । ऐजन दफा २५(४) मा "...देवस्थल रहेका वा देवी देवता देवस्थल पर्व पूजा जात्रासँग सम्बन्धित धार्मिक एवम् सार्वजनिक पर्ती जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिने छैन । त्यस्तो जग्गा दर्ता गरिएको रहेछ भने पनि संस्थानले त्यस्तो जग्गाको दर्ता बदर गर्न सक्ने छ" भनी उल्लेख गरेको देखिन्छ । प्रस्तुत कानूनी व्यवस्थाबाट गुठी तैनाथी जग्गा व्यक्तिको नाममा दर्ता गर्न नहुने र दर्ता भएकै भए पनि गुठी संस्थानले त्यस्तो दर्तालाई बदर गर्न सक्ने कुरालाई इङ्गित गरेको देखिन्छ । विधायिकाले बनाएको स्पष्ट कानूनी व्यवस्थाविपरीत रिट निवेदिकाको मागबमोजिम पहिलेदेखि घर बनाई बसेको, धारा, बिजुली आफ्नै नाममा रहेको वा सामाजिक रूपमा आफू एकल महिलाको रूपमा रहेको भनी उक्त जग्गामा मोहियानी दर्ताको माग गर्नु कानूनअनुकूल देखिँदैन । कानूनबमोजिमको कर्तव्य निर्वाह गराउन हक अधिकारको कार्यान्वयनको लागि जारी गरिने परमादेशको आदेशको प्रकृति प्रस्तुत विवादमा कानूनअनुकूलको नहुँदा जारी हुनसक्ने अवस्थाको देखिएन । निवेदिकाको नाममा मोहियानी स्वरूप जग्गा दर्ता हुनसक्ने अवस्था नहुँदा त्यो जग्गामा बनेको घरको निर्माण त्यसै पनि कानून ............हुन नसक्ने ।

गुठी संस्थान एक कानूनी हैसियत प्राप्त अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था भएको र एउटा कानूनी व्यक्तिको हैसियतमा रहेको संस्थानले राज्यको दायित्वमा पर्ने आवाससम्बन्धी हकको संरक्षणमा सीमित भूमिकाबाहेक अन्य भूमिका निर्वाह गर्न सक्ने अवस्थासमेत देखिँदैन । निवेदिकाले माग गरेको घरले चर्चेको जग्गाको मोहियानी हकको सिर्जनाबारेमा गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ञ) ले गुठी तैनाथी जग्गा भन्नाले कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गालाई जनाउने हुँदा गुठी संस्थानकै नाममा दर्ता रहेको जग्गा कुनै व्यक्तिको नाममा मोहियानी हक दर्ता हुनसक्ने अवस्था देखिँदैन । यस दृष्टिकोणबाट समेत निवेदिकाको माग संवैधानिक र कानूनी रूपमा मनासिब र औचित्यपूर्ण नदेखिने ।

तसर्थ, गुठी संस्थान ऐन, २०३३ को दफा २५(४) बमोजिम देवस्थल रहेका वा देवी देवता देवस्थल पर्व पूजा जात्रासँग सम्बन्धित धार्मिक एवम् सार्वजनिक पर्ती जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिने छैन र त्यस्तो जग्गा दर्ता गरिएको रहेछ भने पनि संस्थानले त्यस्तो जग्गाको दर्ता बदर गर्न सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा निज निवेदिकाको नाममा जग्गाको मोहियानी दर्ता हुन नसक्ने तर ऐजन ऐनकै दफा ३५(२) ले यो ऐन प्रारम्भ हुँदाका बखत संस्थानको स्वीकृति नलिई कसैले गुठी जग्गामा घर बनाइसकेको रहेछ भने त्यस्तो जग्गा

संस्थानले तोकेबमोजिम दस्तुर लिई मोहियानीमा दर्ता गरिदिन सक्ने छ भन्ने कानूनी व्यवस्थाबाट घर बनाई बसिसकेको व्यक्तिलाई घर बसोबासबाट वञ्चित नगर्ने उद्देश्य रहेको देखिँदा निज निवेदिकाले गत वि.सं. २०२८ सालदेखि आफ्नो खर्चमा घर बनाई बसेको देखिएको र निज वृद्धावस्थाको एकल महिलासमेत देखिएको विशेष परिस्थितिलाई मध्यनजर गरी न्यायको रोहमा विचार गर्दा निज निवेदिकालाई घर खाली गराउनु भनी गरिएको गुठी संस्थानको मिति २०६१।१०।८ को निर्णय र सो निर्णयको आधारमा मिति २०७३।८।२६ को पत्र तथा अन्य निर्णय, पत्राचार एवम् काम कारबाहीहरू निज निवेदिकालाई निजको जीवन छउन्जेल निजले बनाएको घरमा बस्न दिने हदसम्मको प्रयोजनार्थ उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निज निवेदिकाले गत एकाउन्न वर्षदेखि घर बनाई भोग गरी आएको घरबाट निजको जीवनपर्यन्त निजलाई उक्त घरको भोग गर्नबाट वञ्चित नगर्नु नगराउनु र यथावत् रूपमा बसोबास गर्न दिनु भनी विपक्षीहरूको नाममा यो आदेश जारी हुने ।

इजलास अधिकृत : नवीन कुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ चैत्र १९ गते रोज १ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७०-CI-०३४१, ०७०-CI-०३४३, निर्णय बदर, मन्जुदेवी साह वि. शैल देवी, नरेन्द्रकुमार यादव वि. शैल देवी*

सुरू बारा जिल्ला अदालतबाट प्रस्तुत मुद्दामा फिराद दाबी खारेज हुने ठहर्‍याउने गरी भएको फैसला उल्टी गरी विपक्षी / वादी शैलदेवी मूल पुर्खा विसुनलालको जेठो छोरा मुखलालको कान्छो छोरा नागेश्वरप्रसाद भन्ने गंगाराम यादवको श्रीमती भई निजले मुखलालको अंश हकमध्येबाट २ खण्डको १ खण्ड अंश पाउने ठहर्‍याउने गरी भएको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला सदर कायम हुने ठहर्‍याई आजै यसै इजलासबाट लगाउको ०७०-CI-०३४० को अंश हक कायम चलन मुद्दा फैसला भएको हुँदा सोही मुद्दामा विवेचित आधार प्रमाणहरूबाट समेत प्रस्तुत मुद्दामा वादी दाबीबमोजिम मिति २०६६।७।१९ गतेको मालपोत कार्यालय बाराबाट भएको निर्णयबाट मुखलालको सम्पत्तिमा प्रतिवादी नरेन्द्रकुमारको मात्र हक हुन गएको कारणबाट वादी शैलदेवीको हकमा मर्का पर्न गएको देखिन आएकोले वादीको हकदैया नै नभएको भनी बारा जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी मालपोत कार्यालय बाराबाट मिति २०६६।७।१९ मा भएको निर्णयमध्ये वादीको हकसम्म २ भागको १ भाग निर्णय बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।२।१९ को फैसला मिलेकै देखिन आयो । सो हुँदा पुनरावेदन जिकिर, पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर, तथा यस अदालतबाट विपक्षी झिकाउँदा लिइएको आधारसँगसमेत सहमत हुन नसकिने ।

तसर्थ तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट सुरू बारा जिल्ला अदालतबाट फिराद खारेज गरेको फैसला उल्टी गरी फिराद दाबीबमोजिम मालपोत कार्यालय बाराबाट मिति २०६६।७।१९ मा भएको निर्णयमध्ये वादीको हकसम्म २ भागको १ भाग निर्णय बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : चिन्तामणि शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ पौष ५ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-०३४५, फैसला बदर, नरेन्द्रकुमार यादव वि. शैल देवी
- ०७०-CI-०३४०, अंशहक कायम चलन, नरेन्द्रकुमार यादव वि. शैल देवी

३

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७१-WO-०७४४, उत्प्रेषण / परमादेश, धनलक्ष्मी श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*

निवेदकले आफ्नो हक भोगको भनी निवेदनमा दाबी गरेको जग्गा निजले आफ्नो नाउँमा दर्ता गरिपाउँ भनी २०७०।५।१४ मा मालपोत कार्यालय तनहुँमा निवेदन दिएको देखिन्छ । उक्त जग्गा भन्सार नेवारी गुठीले मन्दिर निर्माण गरी पुजा गर्दैआएको भिमसेन थुम्की सार्वजनिक वनक्षेत्रभित्र पर्ने जग्गा भएकोले व्यक्तिका नाउँमा दर्ता गर्ने कार्य रोकिपाउँ भनी नेवारी गुठी समाज भन्सारको २०७०।८।१६ मा मालपोत कार्यालय तनहुँमा निवेदन परेकोमा उक्त विवादित जग्गा सार्वजनिक जग्गा भएकोमा एस. पि. गोपीमान श्रेष्ठले आफ्नो आमा धनलक्ष्मी श्रेष्ठका नाउँमा दर्ता गर्न लागेको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको हुँदा सो सम्बन्धमा केकसो भएको हो भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोग पोखराबाट मालपोत कार्यालय तनहुँलाई पत्राचार गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गाल काठमाडौंले विवादित साबिक दोरदोर हाल भानु गा.वि.स. वडा नं. ५घ कि.नं. ९१५ को क्षेत्रफल ३६-५-०-० सार्वजनिक जग्गा व्यक्तिका नाउँमा दर्ता नगर्न नगराउन मिति २०७१।४।२ को निर्णयानुसार अनुरोध छ भनी मालपोत कार्यालय तनहुँमा च.नं. २६६ मिति २०७१।५।३ बाट पत्राचार भएको देखिने।

रिट निवेदकले आफ्नो नाउँमा दर्ता गर्न माग गरेको जग्गा निजको नाउँको दर्ता हकभोगको भएको भन्ने कुनै प्रमाणबाट नदेखिएको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो काम कारबाहीको सिलसिलामा जानकारीमा आएको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने व्यवस्था अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ मा रहेकोमा उक्त कानूनी व्यवस्थाको परिपालना अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको देखिन आउँछ । उक्त दफा २८ को उपदफा (१) को खण्ड (ख) मा "कुनै विषयमा आयोगले नेपाल सरकार वा कुनै सार्वजनिक संस्थाबाट वा नेपाल सरकार वा सार्वजनिक संस्थाको कुनै कार्यालय वा पदाधिकारीबाट सतर्कता अपनाउनुपर्ने वा कुनै कदम उठाउनुपर्ने देखेमा केकस्ता सतर्कता अपनाउन वा कदम उठाउन हुन्छ भनी सुझाव दिने" भनी उल्लेख भएको पाइन्छ । उक्त कानूनी व्यवस्थाको मनसाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राज्यलाई नोक्सान वा अहित हुने गरी कुनै सार्वजनिक निकाय वा पदाधिकारीबाट हुनसक्ने काम कारबाहीमा मौकैमा सतर्कता अपनाउन निर्देशन गर्ने उद्देश्यबाट प्रेरित रहेको देखिन्छ । यस अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आयोगमा परेको उजुरीका सम्बन्धमा अनुसन्धान गरी अनुसन्धानबाट देखिएको कुरामा उपर्युक्त सतर्कता अपनाउनका लागि दिएको आदेशलाई अन्यथा मान्न मिल्ने नदेखिने।

अतः निवेदन माग दाबीबमोजिम विपक्षी कार्यालयहरूको काम कारबाहीबाट निवेदकको हकमा आघात परेको भन्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कुबेर पाण्डे

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ माघ १७ गते रोज ३ शुभम्।

**४**

**स.का.मु.प्र.न्या. हरिकृष्ण कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७१-WO-०१३३, अधिकारपृच्छासमेत, दुर्गादेवी पाल वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनगढी, कैलालीसमेत*

विपक्षी जिल्ला प्रशासन कार्यालय, कैलालीसमेतले आफ्नो कर्तव्य निर्वाह नगरेको भनी

निवेदकले अधिकारपृच्छाको आदेश माग गरेको सन्दर्भ छ, सो सम्बन्धमा विचार गर्दा अधिकारपृच्छा भन्नाले कुनै व्यक्तिले अनधिकृत रूपमा सार्वजनिक जबाफदेहीको पदमा आसीन हुन पुगेको अवस्थामा निजका विरूद्धमा कुन अधिकारअन्तर्गत त्यस्तो पदमा बहाल भएका छौँ भनेर सोधिने न्यायिक उपचार भन्ने बुझिन्छ। यो अधिकारपृच्छाले जहिले पनि सार्वजनिक पदमा वा ओहोदामा बहाल पदाधिकारीलाई त्यस्तो पद वा ओहोदामा रहने अख्तियारीको सम्बन्धमा प्रश्न उठाउँछ । यसैले अधिकारपृच्छाको माध्यमबाट सार्वजनिक पदमा आसीन पदाधिकारीको पदको वैधताको परीक्षण गर्ने गरिन्छ । यदि त्यस्तो पदमा आसीन पदाधिकारीले आफू उक्त पदमा रहन पाउने अधिकारको वैधता स्थापित गर्न सक्दैन भने अधिकारपृच्छाको आदेशले त्यस्तो पदाधिकारीलाई निज बहाल रहेको पदबाट हटाउँछ । यो सैद्धान्तिक मान्यताको सन्दर्भमा प्रस्तुत निवेदनमा उठाइएको विषयको सान्दर्भिकतालाई हेर्दा विपक्षी बनाइएका जिल्ला प्रशासन कार्यालयलगायतका कार्यालयका पदाधिकारीहरूका विरूद्धमा निजहरू उक्त पदमा बहाल रहनुको अधिकारको बारेमा प्रश्न उठाइएको नभई निवेदकको घरटहरा भत्काउने कार्य हुँदा निजहरूले कानूनबमोजिमको कर्तव्य निर्वाह नगरी आवश्यक सुरक्षा नदिएको विषयलाई उठाइएको पाइन्छ । यो विषय अधिकारपृच्छाको माध्यमबाट उपचार प्राप्त हुनसक्ने विषयभित्र पर्ने नदेखिने।

स्थानीय प्रशासन ऐन, २०२७ को दफा ५(५) मा उल्लेख भए अनुसार जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख तथा सम्भार गर्ने कर्तव्य प्रमुख जिल्ला अधिकारीको हुने व्यवस्था भएको पाइन्छ । साथै प्रमुख जिल्ला अधिकारीको कर्तव्य सम्पादनमा सहयोग पुऱ्याउनु प्रहरी कर्मचारीको कर्तव्य हुने व्यवस्था भएको पाइन्छ । निवेदकले विवादित जुन सम्पत्तिको विषय उठाएको हो त्यो सम्पत्ति निजको निजी सम्पत्ति नभई सरकारी/सार्वजनिक पर्ती जग्गा रहेको तथ्यमाथि प्रकाश पारिसकिएको छ । सार्वजनिक/सरकारी पर्ती जग्गाको संरक्षण गर्नु स्थानीय निकाय, प्रमुख जिल्ला अधिकारी र प्रहरी कर्मचारीको समेत कानूनी कर्तव्य नै रहेको देखिन्छ । यो स्थितिमा विपक्षी बनाइएका कार्यालय एवम् पदाधिकारीहरूले निवेदकको घरटहरा संरक्षण गर्नुपर्ने आफ्नो कर्तव्य निर्वाह नगरेको भन्न मिल्ने पनि देखिएन । जहाँसम्म निज निवेदकको घरटहरामा रहेका मालसामानहरू विपक्षीहरूले नियन्त्रणमा लिएको भन्ने निजको भनाइ छ, यस सम्बन्धमा विपक्षी जिल्ला प्रहरी कार्यालय कैलालीको लिखित जवाफ बेहोरा हेर्दा घर टहरा हटाएपछि अन्य मानिसहरूले आ-आफ्नो सामान, धनमाल आफूसाथ लगे पनि निवेदकले नलगेको कारणबाट स्थानीय मानिसहरूको रोहबरमा मुचुल्का गरी निजको सामान उठाई प्रहरी चौकी सडकपुर बौनियामा सुरक्षित राखिएको भनी उल्लेख गरेको देखिन्छ । यसबाट घरटहरा हटाई जग्गा खाली गर्ने क्रममा उठाइएका यी निवेदकको सामानहरू प्रहरी चौकीमा रहेको कुरा विपक्षी कार्यालयबाट स्वीकार गरेको देखिएबाट उक्त सामानहरू निवेदकलाई फिर्ता गर्ने / गराउने दायित्वसम्म विपक्षी प्रहरी चौकीलाई रहेको देखिने।

यसप्रकार विभिन्न प्रकरणहरूमा विवेचना गरिएबमोजिम कैलाली जिल्ला दोधारा गा.वि.स. वडा नं. ७ बौनिया बजारमा रहेको निवेदक र निजको परिवारले भोग गर्दै आएको जग्गा तथा घरटहरा विपक्षी बौनिया बजार व्यवस्थापन समितिसमेत मिली जबरजस्ती उक्त जग्गा खाली गरी निवेदकलाई हटाएकाले अधिकारपृच्छासमेतको आदेश माग गरेको प्रस्तुत निवेदनका सन्दर्भमा हेर्दा उक्त खाली गरिएको जग्गा निजको हक स्वामित्वभित्रको जग्गा भएको भन्ने नदेखिएको र सोही क्षेत्रमा निवेदकको अर्को घरबास रहेको भन्ने देखिएबाट निवेदक बेघरबार रहेको भनी

मान्न मिल्ने पनि नहुँदा अधिकारपृच्छासमेतको आदेश जारी गरिरहन नपर्ने।

इजलास अधिकृत : शिवबहादुर थापा / कुबेर पाण्डे

इति संवत् २०७९ साल माघ १९ गते रोज ५ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०६९-CI-०८२१, दूषित बकसपत्र लिखत बदरसमेत, रूकु बुढाथोकीसमेत वि. सरस्वती बुढाथोकीसमेत*

पुनरावेदक प्रतिवादीहरूले प्रस्तुत पुनरावेदनमा हदम्यादको प्रश्न पनि उठाएको देखिँदा त्यसतर्फ पनि विवेचना हुनुपर्ने देखिएको छ । प्रस्तुत विषयको फिराद गर्ने हदम्यादका सम्बन्धमा प्रतिवादीहरूले मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १० नं बमोजिमको हदम्याद गुज्रेको भनी जिकिर लिएको देखिन्छ। लेनदेन व्यवहारको महलको १० नं. मा सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडिदिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरका अंशियार साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले लिखत रजिस्ट्रेसन भएको मितिले एक वर्षसम्म मा थाहा पाएको पैँतिस दिनभित्र उजुर गर्नुपर्ने व्यवस्था भएको पाइन्छ । यो व्यवस्था अनुसारको हदम्याद प्रस्तुत मुद्दामा गुज्रिएको तथ्यमा यो इजलासको असहमति रहेको छैन । तर प्रस्तुत मुद्दामा विवादमा ल्याइएको लिखत लेनदेन व्यवहारको महलको १० नं मा उल्लेख भएबमोजिमको अचल सम्पत्ति बेचिबखन गर्दाको लिखत नभई बकसपत्रको लिखतमार्फत हक हस्तान्तरण भएको अवस्था देखिन्छ। दिन नहुने दान बकसको विषयमा उजुर गर्ने हदम्याद मुलुकी ऐन, दानबकसको महलको ५ नं मा छुट्टै तवरबाट व्यवस्था भएको देखिँदा प्रस्तुत विवादको विषयमा लेनदेन व्यवहारको महलको १० नं मा उल्लिखित हदम्यादसम्बन्धी व्यवस्था आकर्षित हुने स्थिति नदेखिने।

दाबी गरिएको जग्गा रूकु बुढाथोकीको निजी आर्जनको भई आफूखुस गर्न पाउने प्रकृतिको जग्गा हो भन्ने पनि पुनरावेदकहरूको जिकिर रहेको देखिँदा त्यसतर्फ पनि विचार गर्नुपर्ने भएको छ । यो प्रश्नको सन्दर्भमा हेर्दा  भक्तपुर जिल्ला, सुडाल गा.वि.स.को वडा नं. ३ "घ" को कि.नं.३३,३२,३४,४६ र १७२ समेतको जग्गाहरू प्रतिवादीमध्येका रूकु बुढाथोकीलाई निजको श्रीमान् कृष्णबहादुर बुढाथोकीले र.नं.२५७३ मार्फत मिति २०३४।०९।१८ मा गरिदिएको हालैको बकसपत्रको लिखतमार्फत प्राप्त जग्गा रहेको कुरा मिसिल संलग्न पारित लिखतको प्रतिलिपिबाट देखिन्छ। हाल प्रस्तुत मुद्दामा विवादित लिखत पनि सासूले एकाघरकी बुहारीलाई बकसपत्र गरिदिएको विषयको रहेको देखिन्छ । प्रमाण ऐन,२०३१ को दफा ६(क) ले "एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति पनि सगोलको सम्पत्ति होभनी अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ । उल्लिखित लिखतहरूबाट सम्पत्तिहरू अंशियारहरूमध्ये एकाको नामबाट अर्कोको नाममा सम्म हस्तान्तरण भएको देखिन आएको भए पनि परिवारबाहिरका व्यक्तिमा हस्तान्तरण भई गएको भन्ने देखिँदैन । यसरी एकाघर परिवारका सदस्यहरूबिच नै सम्पत्ति हस्तान्तरण भई एकाघर परिवारका सदस्यहरूभित्रै रहिरहेको स्थितिमा प्रमाण ऐन, २०३१ को दफा ६(क) मा भएको व्यवस्थाबाट त्यस्तो सम्पत्तिको हकबाट वादीहरू वञ्चित हुने भनी मान्न मिलेन । सगोलका एक अंशियारले छुट्टी भिन्न नहुँदै अर्को अंशियारलाई बकसपत्र गरिदिएको अवस्थामा त्यस्तो सम्पत्ति सगोलकै मान्नुपर्ने भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको पनि छ (ने.का.प. २०७१, अङ्क-१०, नि.नं. ९२७०, पृष्ठ १७६६; साथै ने.का.प. २०६९, अङ्क- ३, नि.नं. ८७८८, पृष्ठ ४३६)। यस अदालतबाट प्रतिपादित यो सिद्धान्तको रोहमा विचार गर्दा सगोलका आफ्नै पति कृष्णबहादुरबाट प्रतिवादीमध्येका रूकु बुढाथोकीले

मिति २०३४।९।८ मा बकसपत्रको लिखत मार्फत प्राप्त गरेको सम्पत्ति निजको निजी आर्जनको वा निजले आफूखुसी गर्न पाउने प्रकृतिको सम्पत्ति हो भनी मान्न नमिल्ने।

प्रतिवादीमध्येका रूकु बुढाथोकीले र.नं.२२१८(घ) को लिखतमार्फत मिति २०६४।१०।२९ मा हालैको बकसपत्र गरी प्रतिवादीमध्येका रामकला बुढाथोकीलाई दिएको जग्गाहरूमा वादीहरूको समेत अंश हक कायम रहेको देखिएकोले वादी दाबी पुग्न नसक्ने गरी सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६७।९।८ मा भएको फैसला उल्टी गरी पुनरावेदन अदालत पाटनबाट विवादित र.नं.२२१८(घ) मिति २०६४।१०।२९ को लिखतमध्ये वादीहरूको अंश भागको हदसम्म ९ खण्डको ३ खण्ड लिखत बदर हुने र निजहरूको अंश भागको हदसम्म ती जग्गाहरू निजहरूको नाममा दर्ता हुने ठहऱ्याई मिति २०६९।०३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : श्रद्धा विष्ट

इति संवत् २०७९ साल माघ २९ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०८१९, लिखत बदरसमेत, नानु बुढाथोकी वि. सरस्वती बुढाथोकीसमेत
- ०६९-CI-०८२०, लिखत बदरसमेत, नानु बुढाथोकी वि. सरस्वती बुढाथोकीसमेत
- ०६९-CI-०८१८, दूषित बकसपत्र लिखत बदरसमेत, नानु बुढाथोकीसमेत वि. सरस्वती बुढाथोकीसमेत

**६**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CI-०७५०, लिखत बदर, दर्ता बदर, दर्ता कायम, सुमिन्द्र देवी साह वि. मञ्जुदेवी साहसमेत*

फिरादमा उल्लिखित कि.नं. ३६१ को जग्गा प्रतिवादीमध्येकी मञ्जुदेवी साहको नाम दर्तामा रहेकोमा निजले उक्त जग्गा र.नं. ५५६० मार्फत मिति २०६६।७।१६ को राजीनामा लिखतबाट प्रतिवादीमध्येकी सौरूल खातुनलाई बिक्री गरिदिएको तथ्यमा विवाद रहेको देखिँदैन। सो लिखत बदर हुनुपर्ने भन्ने वादीको दाबी रहेकोमा प्रतिवादी मञ्जुदेवी साहले प्रतिउत्तर पत्र फिराउँदा उक्त जग्गा आफूले आफूखुसी गर्न पाउने निजी आर्जनको सम्पत्ति रहेको र त्यस्तो सम्पत्ति आफूखुसी बिक्री गर्न पाउने भएकोले लिखत बदर हुन नपर्ने बेहोराको जिकिर लिएको देखिएको छ। प्रतिवादी मञ्जुदेवी साहलाई उक्त जग्गा प्राप्त हुँदाको स्रोत हेर्दा उक्त जग्गा निजले ससुरा सुबेलाल साहबाट प्राप्त गरेको देखिन्छ । वादी र प्रतिवादी मञ्जुदेवी साहसमेत सगोलमै रहेको तथ्य लगाउको अंश मुद्दाबाट स्थापित भएको छ। विवादित जग्गा ससुरा सुवेलालले निज मञ्जुदेवी साहलाई लिखत गरिदिँदा निज ससुरा अंश लिई छुट्टी भिन्न भइसकेको वा निज सुवेलालले आफ्नो अंश भागमध्येको जग्गा निज मञ्जुदेवी साहलाई लिखत पारित गरिदिएको भन्ने देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा ६(क) मा उल्लेख भए अनुसार सगोलका अंशियारहरूमध्ये जोसुकैको नाममा रहेको भए पनि त्यस्तो सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सगोलको सम्पत्ति नै मानिने व्यवस्था भएको देखिन्छ। यो कानूनी व्यवस्थालाई आधार मान्दा छुट्टी भिन्न नभई सगोलमै रहेका कुनै एक अंशियारले अर्को अंशियारलाई जुनसुकै बेहोराले कुनै सम्पत्ति दिएको भन्ने कारणले मात्र त्यस्तो सम्पत्तिको सगोलीय चरित्र र प्रकृतिमा भिन्नता आउने देखिँदैन। अंशको हक अंशियार भएको नाताले प्राप्त हुने नैसर्गिक हक भएकोले सगोलका कुनै अंशियारले अर्को मन परेको कुनै अंशियारलाई सम्पत्ति दिने र मन नपरेको अर्को अंशियारलाई नदिने प्रकृतिको अंशियारको स्वेच्छाचारी व्यवहारमा अङ्कुश लगाउने उद्देश्यले प्रमाण ऐन, २०३१ को दफा ६(क) मा यस प्रकारको व्यवस्था गरिएको पाइन्छ। यस्तै प्रश्न समावेश

भएको बालकृष्ण श्रेष्ठ विरूद्ध श्रीकृष्ण श्रेष्ठसमेतको मुद्दामा बकसपत्रबाट प्राप्त सम्पत्ति अंशियारमध्येका अरू कसैको नाममा नामसारी दाखिल खारेज हुँदैमा सो सम्पत्तिको सगोलीय चरित्र र प्रकृतिमा भिन्नता नआउने र बदर गराइरहन पनि नपर्ने भनी यस अदालतबाट यसअघि नै सिद्धान्त प्रतिपादन भइसकेको पनि पाइन्छ (ने.का.प.२०६९ नि.नं.८८०३ पृ.५५७) । मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. मा कसैबाट बकस पाएको सम्पत्ति पाउनेको निजी ठहरी आफूखुसी गर्न पाउँछ भन्ने व्यवस्था भएकोले त्यसतर्फ पनि विवेचना हुनुपर्ने देखिएको छ । अंशबन्डाको महलको उक्त १८ नं. मा बकस पाएको भन्ने शब्दावली मात्र प्रयोग भएको नभई कसैबाट निजी तवरले दान वा बकस पाएको हुनुपर्ने भन्ने शब्दावली पनि प्रयोग भएको पाइन्छ । सगोलका एक अंशियारबाट अर्को अंशियारले निजी तवरबाट बकस पाएको भनी सम्झन मिल्ने नदेखिने ।

विवादित लिखत बदर नहुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेको देखिन्छ वा देखिँदैन भन्ने अर्को प्रश्नमा विचार गरौँ । मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १० नं मा रहेको कानूनी व्यवस्थालाई हेर्दा अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडिदिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ । साक्षी पनि नबसेको र मन्जुरी पनि नरहेको भए कुनै अंशियारको उजुरी परेमा सो सम्पत्तिबाट निजको हकजति निजलाई फिर्ता गराइदिनुपर्छ भनी उल्लेख भएको देखिन्छ । प्रस्तुत मुद्दामा विवादित रहेको कि नं. ३६१ को जग्गा निज मञ्जुदेवी साहको आफूखुसी गर्न पाउनेमध्येको सम्पत्ति नरहेको भन्ने सम्बन्धमा माथिको प्रकरणमा विवेचना गरि सकिएकै छ । विवादित सम्पत्ति प्रतिवादीमध्येका सौरूल खातुनलाई बिक्री गर्दा अंशियार यी वादीको र निजका पतिको मन्जुरी लिएको भन्ने देखिँदैन । यो स्थितिमा विवादित जग्गाको हक हस्तान्तरण गर्ने गरी प्रतिवादीहरूबिच भएको लिखत वादीको माग दाबीबमोजिम निजको अंश हकसम्मको भाग बदर नहुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला र सोही फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसलालाई पनि मिलेको मान्न नमिल्ने ।

विवादित कि. नं. ३६१ को जग्गा प्रतिवादी मन्जुदेवी साहको आफूखुसी गर्न पाउने प्रकृतिको सम्पत्ति रहेको नदेखिएको र निजले अर्का प्रतिवादी सौरून खातुनलाई बिक्री गर्दा वादीको मन्जुरी लिएको पनि नदेखिँदा वादी दाबीको विवादित मालपोत कार्यालय सप्तरीबाट पारित र.नं. ५५६० मिति २०६६।७।१६ को राजीनामाको लिखतमध्ये २ भागको १ भागलाई ४ भाग लगाई सो ४ भागको १ भाग लिखत बदर गरी सो हदसम्मको जग्गा वादीका नाममा दर्ता हुनेसमेत ठहर गर्नुपर्नेमा सो नगरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।११।१ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई वादी दाबीबमोजिम २ भागको १ भागलाई ४ भाग लगाई सो ४ भागको १ भाग विवादित लिखत बदर गरी वादीका नाममा दर्ता हुने ।

इजलास अधिकृत : गम्भीर घिमिरे / कुवेर पाण्डे

इति संवत् २०७९ साल फागुन २६ गते रोज ६ शुभम् ।

**७**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CI-०७४९, अंश दर्ता, सुमिन्द्रादेवी साह वि. मञ्जुदेवी साहसमेत*

वादी र प्रतिवादीहरू एकासगोलका अंशियार नाताभित्रका व्यक्तिहरू रहेको तथ्यमा विवाद रहेको देखिँदैन । निजहरूबिच यसभन्दा पहिले अंशबन्डा भइसकेको भन्ने पनि देखिएको छैन । फिराद दाबीबमोजिम वादीले अंश भाग पाउनुपर्ने भन्ने तथ्यमा

पनि विवाद रहेको देखिँदैन । पुनरावेदनमा जिकिर लिएजस्तो पुनरावेदनमा उल्लिखित कि. नं. २६३ र २६४ का जग्गाहरू अन्य अंशियारहरूको अंश हक नलाग्ने पुनरावेदको निजी आर्जनको सम्पत्ति रहेको देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धमा विचार गर्दा वादी सुमिन्द्रादेवी साहले मिति २०६७।६।१७ मा पेस गरेको तायदाती फाँटवारीमा आफ्नो नाम दर्ताका कि.नं. २६३ को ०-५-० र २६४ को ०-३-१९ जग्गा शेषपछिको बकसपत्रबाट प्राप्त गरेको भनी उल्लेख गरेकोमा मिसिल संलग्न र नं ६७२२ मिति २०५६।१२।२५ को पारित लिखत हेर्दा यी जग्गाहरू रामपति तेलिनबाट शेषपछिको बकसपत्र लिखतमार्फत प्राप्त गरेको देखिन्छ । रामपति तेलिन यी पुनरावेदक वादीकी आमा नाताकी रहेको देखिन्छ । साबिक मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं मा कुनै अंशियारले आफ्नो ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंशधनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउने गरी व्यवस्था भएको पाइन्छ । मुलुकी ऐन, स्त्री अंशधनको महलको ४ नं. मा स्वास्नी मानिसलाई माइती मावलीपट्टिका नातेदार इष्टमित्रहरूले दिएको चल अचल सम्पत्ति दाइजो ठहर्छ भन्ने उल्लेख भई सोही महलको ५ नं. बमोजिम स्वास्नी मानिसले आफ्नो दाइजो आफूखुस गर्न पाउने व्यवस्था भएको देखिन्छ । यी कानूनी व्यवस्थाको रोहमा विचार गर्दा उल्लिखित कि. नं. २६३ र २६४ का जग्गाहरू निज वादीको निजी आर्जनको भन्ने देखिई अंशबन्डाको महलको १८ नं. ले बन्डा गर्न कर नलाग्ने प्रकृतिको रहेको देखिने।

प्रतिवादी मञ्जुदेवी साहको तर्फबाट दाखिला भएको तायदाती फाँटवारीमा ४ कित्ता जग्गा उल्लेख भएकोमा कि.नं. ३६१ र ५३१ को जग्गा बकसपत्रबाट प्राप्त गरेको तथा कि.नं. २५५ र २०३ को जग्गा सासू ससुराबाट प्राप्त गरेको भई बन्डा नलाग्ने निजी आर्जनको सम्पत्ति हो भनी जिकिर लिएको पाइन्छ । तायदाती फाँटवारीमा उल्लिखित विभिन्न कित्ता नम्बरका जग्गाहरूमध्ये निजको नाम दर्ताको पातो वडा नं. ६ कि.नं. ३६१ को क्षेत्रफल ०-१-१३१/२ र पातो वडा नं. १ख कि.नं. ५३१ को क्षेत्रफ ०-०-५ गरी २ कित्ता जग्गाबाहेक अन्य दुई कित्ता जग्गाको स्रेस्ता मिले भिडेको कुरा मालपोत कार्यालयबाट प्राप्त दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपिबाट देखिन आउँछ। स्रेस्ता भिडेका कि.नं. २०३ र २५५ गरी २ कित्ता जग्गा बन्डा हुने गरी भएको फैसलाउपर निज प्रतिवादीले पुनरावेदन नगरी फैसलालाई स्वीकार गरेको देखिँदा त्यसतर्फ विवेचना गर्नुपर्ने अवस्था देखिएन । स्रेस्ता भिड्न नआएको पातो वडा नं. ६ कि.नं. ३६१ को क्षेत्रफल ०-१-१३१/२ जग्गाको हकमा हेर्दा प्रतिवादी मञ्जुदेवीको तर्फबाट मिति २०६७।८।२३ मा पेस भएको तायदाती फाँटवारीमा कि.नं. ३६१ को जग्गा ससुरा सुबेलाल साहबाट प्राप्त गरेकीले वादीको अंश हक लाग्ने जग्गा होइन भनी उल्लेख भएको देखिन आयो । यी प्रतिवादी मञ्जुदेवीको नाम दर्ताको कित्ता नम्बर ३६१ को जग्गा दिने मञ्जुदेवी साह र लिने सौरूल खातुन भई र.नं. ५५६० मिति २०६६।७।१६ मा मालपोत कार्यालय सप्तरीबाट पारित राजीनामाको लिखत बदर गरिपाउँ भन्ने दाबी लिई यिनै वादीको यिनै प्रतिवादीसमेतउपर लिखत बदर दर्ता बदर दर्ता कायम मुद्दा परी तह तह फैसला भई यस अदालतमा पुनरावेदनको रोहमा पेस हुन आएको लगाउमा रहेको ०७४-CI-०७५० को लिखत बदर मुद्दाबाट लिखत बदर भई निजको भागमा पर्नेसम्मको जग्गा निजको नाममा दर्ता हुने गरी आज यसै इजलासबाट फैसला भएकोले सो कित्ताको जग्गाको सम्बन्धमा प्रस्तुत मुद्दाबाट थप बोल्नुपर्ने भएन । स्रेस्ता नभिडेकोले बन्डा नलाग्ने भनी उल्लेख भएको कि.नं. ५३१ को ०-०-५ जग्गाको हकमा हेर्दा प्रतिवादी मञ्जुदेवीको तर्फबाट मिति २०६७।८।२३ मा पेस भएको तायदाती

फाँटवारीमा कि.नं.५३१ (बकसपत्र लिखतमा कि.नं. ५३२ उल्लेख भएको) को जग्गा जुदामणिदेवी थरूनीबाट रिझ खुसबापतमा र.नं. ३५७१ मार्फत मिति २०५४।१०।३० मा बकसपत्रबाट प्राप्त जग्गा भएकोले निजी आर्जनको सम्पत्ति हुँदा वादीको अंश हक लाग्ने जग्गा होइन भनी जिकिर लिएको देखिएको।

पुनरावेदक वादी सुमिन्द्रादेवी साहको नाम दर्ताको सप्तरी जिल्ला, साबिक पातो गा.वि.स. वडा नं. ९(क) कि.नं. २६३ र २६४ को ज.वि. क्रमशः ०-५-० र ०-३-१९ गरी २ कित्ता जग्गा निजले माइतीतर्फकी आमाबाट शेषपछिको बकसपत्रबाट प्राप्त गरेको पुष्टि हुन आई सो जग्गा निजको निजी आर्जनको तथा निजले आफूखुस गर्न पाउने प्रकृतिको रहेको देखिन आएकोले ती जग्गाहरूमा अन्य अंशियारहरूको अंश हक लाग्न नसक्नेमा सबै अंशियारहरूबिच बन्डा लाग्ने ठहराएको सप्तरी जिल्ला अदालतको मिति २०६८।३।३० को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।११।१ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई उल्लिखित कि.नं. २६३ र २६४ को जग्गाबाट प्रतिवादीहरूले अंश हक पाउन नसक्ने ठहर्ने। प्रतिवादी मञ्जुदेवी साहले बकसपत्रबाट प्राप्त गरेकी बकसपत्र लिखतमा कि.नं. ५३२ उल्लेख भएको ०-०-५ जग्गाबाट समेत आफूले अंश पाउनुपर्ने भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : गम्भीर घिमिरे/कुवेर पाण्डे

इति संवत् २०७९ साल फागुन २६ गते रोज ६ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CR-२१५४, कर्तव्य ज्यान, भरतदास तत्मासमेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूका हकमा ठहरेको कसुरसँग सम्बन्धित कानूनी व्यवस्था मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६ नं को व्यवस्था हेर्दा भवितव्य भई मानिसको ज्यान मरेकोमा हुने सजायको व्यवस्था भएको पाइन्छ। खास गरेर ज्यानसम्बन्धीको महलको ६(२) मा होस नपुऱ्याई वा हेलचेक्रायाइँ गरी कुनै काम गर्दा भवितव्य परेकोमा हुने सजायको व्यवस्था भएको पाइन्छ भने ६(४) मा कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा हुने सजायको व्यवस्था भएको पाइन्छ। यी कानूनी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूको स्थितिलाई हेर्दा प्रस्तुत मुद्दामा मृतक वर्ष १० की कन्चनकुमारी मण्डलको मृत्यु कुटपिटको कारणबाट भएको तथ्यमा विवाद रहेको देखिँदैन। कुटपिटबाट मरेको ठहऱ्याई प्रतिवादीहरूलाई सजाय हुने गरी फैसला भएकोमा सो फैसलाउपर अन्य प्रतिवादीहरूको पुनरावेदन नपरी चित्त बुझाइ बसेको देखिएकोबाट यो तथ्य स्थापित भएको मान्नुपर्ने हुन्छ। तथापि उक्त कुटपिटमा यी पुनरावेदक दुई जना प्रतिवादीहरूको संलग्नता रहे नरहेको सम्बन्धमा हेर्दा प्रतिवादीहरूमध्ये भरतदास तत्माले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही आफू वारदातको बखत वारदातस्थलमा नरही सर्लाही जिल्लाको हजरिया गा.वि.स. वडा नं ९ भगवतीपुरमा रहेको भनी बयान गरेको देखिन्छ। निजको उक्त बयान बेहोरा निजका साक्षी रामचन्द्र दासको अदालतमा भएको बकपत्रबाट समर्थित रहेको देखिन्छ। यसैगरी अर्का प्रतिवादी रामजी दास तत्माले पनि अदालतमा बयान गर्दा कसुरमा इन्कार रही वारदातका बखत आफू भारतको पञ्जाबमा काम गरी बसेको बेहोरा लेखाएको देखिन्छ। निजका अनुसार निज प्रतिवादी २०६६ सालको फागुनमा भारतको पञ्जाबतर्फ गई २०६७ सालको असारमा मात्र फर्की आएको भनी बयानमा लेखाएको देखिन्छ। निजको यो बयान बेहोरा निजका साक्षी शम्भु झाको बकपत्रबाट समर्थित रहेको देखिन्छ। निज साक्षी शम्भु झाले बकपत्र गर्दा आफू पनि भारतको पञ्जाबमा काम गरी बस्ने भएको र सोही बखत प्रतिवादी रामजीदास तत्मासँग भारतमै भेट भएको भनी लेखाएको पाइन्छ। निजहरूको यो बयान बेहोराबाट वारदातका बखत वारदातस्थलमै रहेको

नदेखिएकोले वारदातस्थलमै नरहेका प्रतिवादीहरूले मृतकलाई कुटपिट गरे होलान् भनेर सम्झन मिल्ने नदेखिने।

फौजदारी कसुरका सम्बन्धमा अभियोग दाबी प्रमाणित गर्ने भार वादी पक्षमा रहन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि यही व्यवस्था गरेको देखिन्छ । प्रस्तुत मुद्दामा वादी पक्षबाट पेस हुन आएको प्रमाणहरूका सन्दर्भमा हेर्दा सुरूमा जाहेरवालाले जाहेरी दिँदा यी प्रतिवादीहरूको समेत नाम पोल गरी जाहेरी दिएको देखिएको भए पनि अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूलाई सफाइ दिई बकपत्र गरेको मात्र होइन, मृतक आफ्नी छोरी कुटपिटको चोटले नभई आफैँ बिमारी परी मृत्यु भएको हो भनी लेखाएको देखिन्छ। यद्यपि निजको यो बकपत्र बेहोरालाई लिएर पुनरावेदन अदालतबाट झुठा बकपत्र गरेको भनी सजायसमेत भएको पाइन्छ । तथापि मृतकको लासजाँच प्रकृति हेर्दा निजको शरीरमा धेरै सङ्ख्यामा घाउ चोट लागेको देखिएको छैन । बायाँ कम्मरको भागदेखि २ इन्चमाथि र पेटको साइडमा ९ इन्च गोलाइको निलडाम रहेको देखिएको छ। मृतकको लासमा देखिएको यो घाउ चोटको सङ्ख्यालाई हेर्दा धेरै जनाको कुटपिटबाट चोट लागेको अवस्था देखिन आउँदैन । निजै मृतकलाई कुटपिट गरेको भनी अन्य ५ जना प्रतिवादीहरूलाई सजाय हुने ठहरी फैसला भएकै छ । यो स्थितिमा उक्त कुटपिटको वारदातमा यी प्रतिवादीहरूको पनि संलग्नता रहेको थियो भनी शङ्कारहित तवरबाट निष्कर्षमा पुग्न सक्ने स्थिति रहेको नदेखिने।

पुनरावेदक प्रतिवादीहरू भरतदास तत्मा र रामजी दास तत्माले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको, निजहरूले वारदातका बखत आफूहरू वारदातस्थलमा नरही अन्यत्रै रहेको भनी जिकिर लिएको देखिएको, निजहरूको सो जिकिर निजहरूका साक्षीहरूको बकपत्रबाट समर्थित भएको, निजहरूले समेत कुटपिट गरेको हो भनी तथ्ययुक्त रूपमा लेखाइदिने चश्मदिद गवाह कोही नरहेको, मृतकको लासमा देखिएको घाउ चोटको सङ्ख्या र प्रकृतिबाट पनि उक्त कुटपिटको वारदातमा यी प्रतिवादीहरूको पनि संलग्नता रहेको थियो भनी भन्न सकिने अवस्था नदेखिएकोसमेतको अवस्था हुँदा प्रतिवादीहरू भरतदास तत्मा र रामजी दास तत्माका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६ नं. बमोजिम जनही १ वर्ष ६ महिना कैद हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरूले कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : शिव बहादुर थापा / कुबेर पाण्डे
इति संवत् २०७९ साल माघ १९ गते रोज ५ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** ०७४-WO-०४९८, उत्प्रेषण, कार्यरत सुरेन्द्रमुनि शाक्य वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

रिट निवेदक नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।९।२७ को निर्णयानुसार लुम्बिनी विकास कोषको कोषाध्यक्ष पदमा ५ (पाँच) वर्षका लागि मनोनयन भएको देखिन्छ। लुम्बिनी विकास कोष ऐन, २०४२ को व्यवस्था हेर्दा सो कोषको सदस्य सचिव मात्र कार्यकारी पद रहेको र नेपाल सरकार मन्त्रिपरिषद्बाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ स्वीकृत भई सो मापदण्डसमेतका आधार अवस्थालाई मनन् गर्नुपर्ने देखिन्छ । कार्यकारी पदहरू पूर्णकालीन पद हुने र त्यस्ता पदमा कार्यरत पदाधिकारीलाई मात्र पारिश्रमिकसमेतको सुविधा प्रदान गरिने र अन्य पद पूर्णकालीन पद नहुने हुँदा तलब सुविधासमेतको व्यवस्था गरिएको पाइँदैन । कोषको सदस्य सचिव पद मात्र प्रमुख कार्यकारी पद हुँदा सो

पदमा कार्यरत पदाधिकारीलाई मात्र पारिश्रमिक र सेवा सुविधाको व्यवस्था गर्नुपर्ने हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।८।१४ को निर्णयले लुम्बिनी विकास कोष ऐन, २०४२ को व्यवस्थालाई कार्यान्वयन गर्नका निमित्त नेपाल सरकारले यी निवेदकलाई तलब भत्ता नपाउने निर्णयसमेत गरेको पाइयो । प्रचलित ऐन कानूनबमोजिम अधिकार प्राप्त निकाय नेपाल सरकार (मन्त्रिपरिषद्) ले सदस्य सचिव मात्र कार्यकारी प्रमुख पद रहने गरी गरेको निर्णय पूर्वाग्रही वा व्यक्ति लक्षित नभई सामान्य व्यवस्थाका रूपमा देखिन्छ । यी निवेदकले उक्त कोषको पदमा रहेकाबखत यो यस्तो पारिश्रमिक प्राप्त गर्ने भनी किटानी व्यवस्था भई नियुक्त भएको पनि देखिँदैन । कोषको कोषाध्यक्षलाई यो यस्तो पारिश्रमिक दिनुपर्ने भन्ने कोषको ऐन एवम् अन्य प्रचलित कानूनमा रहे भएको पनि देखिँदैन । त्यसैगरी सोही कोषमा उपाध्यक्ष पदमा नियुक्ति गरिएका अवधेशकुमार त्रिपाठीलाई मासिक पारिश्रमिक सुविधा नपाउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मनोनयन गरी नियुक्ति गरिएको अवस्थामा एउटै संस्थाभित्र कार्यकारी पदको रूपमा रहेको सदस्य सचिवबाहेकको भिन्नभिन्न पदाधिकारीलाई भिन्नभिन्न सेवा सुविधा पाउने वा नपाउने गरी असमान व्यवहार गर्ने अनुमति लुम्बिनी विकास कोष ऐन, २०४२ तथा अन्य प्रचलित कानूनले पनि दिने वा दिएको अवस्था नदेखिने ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।८।१४ मा भएको निर्णय र सो निर्णय कार्यान्वयन गर्न मिति २०७४।८।२० मा भएको निर्णय कानूनसम्मत भएको देखिँदा रिट निवेदकको हक हनन भएको स्थिति देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: डिल्लीराम प्रसाई

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल जेठ ३१ गते रोज ३ शुभम् ।

## १०

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल**, *०६८-CI-०८६८, जग्गा खिचोला पर्खाल हटाइपाऊँ, गोपालप्रसाद अग्रवाल वि. जमुना चौधरीसमेत*

वादी दाबीको विवादित कि.नं. ६१ र ९४० का जग्गाको नाप नक्सा गर्ने क्रममा सुरू जिल्ला अदालतबाट मिति २०६३।९।२१ मा भइआएको नक्सा मुचुल्कामा वादीले खिचोला गरेको भनी दाबी गरेको जग्गा उक्त नक्सा मुचुल्कामा न.नं. १० देखि न.नं. १६ सम्म विवादित जग्गा भनी खुलाइएको र उक्त न.नं. मध्ये न.नं. १० मा पक्की पर्खाल भई आदर्श धर्मशाला जितपुरको भोगचलनमा रहेको, न.नं. ११ जनिएको जग्गामा न.नं. १२ को पक्की पर्खाल भई आदर्श धर्मशाला जितपुरकै भोगचलनमा रहेको, न.नं. १३ जनिएको जग्गामा न.नं. १४ को पर्खाल र न.नं. १५ जनिएको खरको बार टायलको छानो भएको घर आदर्श गा.वि.स. भवानीपुर जितपुर र आदर्श धर्मशाला जितपुरको भोगमा रहेको भन्ने नाप नक्सा मुचुल्कामा उल्लेख भएको देखिने ।

यसरी वादीले खिचोला भयो भनी दाबी गरेको जग्गामा भवानीपुर जितपुर गा.वि.स. तथा भेटेनरी कार्यालयसमेत रहेका पक्की संरचना बनी उक्त कार्यालयहरूको भोग चलनमा रहेको तथा पक्की धर्मशाला, पक्की पर्खाल, शौचालय, महामण्डप यज्ञ निर्माण भई आदर्श गा.वि.स. भवानीपुर जितपुर र आदर्श धर्मशाला जितपुरको भोगमा रहेको देखिन्छ । प्रतिवादीहरूले खिचोला गरी पर्खाल लगाएको भन्ने वादी दाबी रहेकोमा उक्त दाबीको पर्खाल वादीले दाबी गरे अनुसार हालसालै निर्माण गरेको नभई न.नं. १० मा जनिएको पर्खाल सँगसँगै जोडेर निर्माण भएको भन्ने नक्सा मुचुल्काबाट देखिँदा वादीले उक्त जग्गा खरिद गरिलिएपश्चात् निर्माण भएको नभई अन्य संरचनाहरू निर्माण हुँदाकै बखत उक्त पर्खालसमेत निर्माण भएको अवस्था देखिने ।

विवादित कि.नं. ९४० र ६१ का जग्गामा प्रतिवादीहरूले पर्खाल लगाइ खिचोला गरेको भनी वादीले दाबी गरेकोमा पर्खाललगायतका नक्सा मुचुल्कामा उल्लिखित सार्वजनिक प्रकृतिका पक्की संरचना भवानीपुर जितपुर गा.वि.स. ले स्थानीय निकायको हैसियतले निर्माण गरी भोगचलन गरेको देखिन्छ । उक्त भोगचलनकर्ता गा.वि.स. लाई प्रतिवादीसमेत बनाउन सकिएको देखिँदैन । गा.वि.स. का तत्कालीन अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्ष र सर्वसाधारण व्यक्तिलाई सम्म प्रतिवादी बनाई फिराद दायर गरेको देखिन्छ । प्रतिवादीहरू गाउँ विकास समितिले पर्खाल लगाई खिचोला गरे भनी दाबी गरेको पर्खाल निज वादीले दाबी गरेको मितिमा बनेको नभई पहिले नै निर्माण भएको अवस्था देखिँदा निर्माण भएको पर्खालको हकमा तत्कालीन मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. बमोजिमको हदम्याद नाघेपछि फिराद दायर भएको देखिन्छ । साथसाथै सो गाउँ विकास समितिले भोग चलन गरिरहेको जग्गा नै सार्वजनिक जग्गा भएको अवस्था लगाउमा रहेको ०६८-CI-०८६७ को मुद्दाबाट नै देखिएको र सो जग्गा सम्बन्धमा परिचर्चा भएकोसमेतको अवस्था हुँदा फिराद खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला अन्यथा भयो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित तथ्य, आधार, कारण एवम् कानूनी व्यवस्था एवम् लगाउमा रहेको ०६८-CI-०८६७ को फैसलामा वर्णित आधार कारणबाट फिराद खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।३।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल/नम्रता गैरे

इति संवत् २०७९ साल जेष्ठ २३ गते रोज २ शुभम् ।

**११**

**स.का.मु.प्र.न्या.श्री दिपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७६-WO-०४०४, उत्प्रेषण / परमादेशसमेत, सियाराम साह वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौंसमेत*

नेपालको संविधानले सङ्घीय संरचनाको व्यवस्था गरेबमोजिम मुलुक सङ्घीय स्वरूपमा रूपान्तरण भई तत्कालीन अवस्थाको संरचनाहरू सङ्घीय प्रणालीबमोजिम रूपान्तरण भइसकेको अवस्थामा सङ्घीय संरचनाबमोजिम सरकारी सेवालाई व्यवस्थित गर्ने सम्बन्धमा संविधानको धारा ३०२ मा आवश्यक व्यस्था गरिएको छ । संविधानको धारा ३०२ को उपधारा १ मा प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने छ भन्ने व्यवस्था गरी सोही धाराको उपधारा (२) मा उपधारा (१) बमोजिमको संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानूनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने छ भन्ने व्यवस्थाको कार्यान्वयनका लागि कर्मचारी समायोजन ऐन, २०७५ जारी भई उक्त ऐनबमोजिम यी रिट निवेदकको स्थानीय तहमा समायोजन भएको देखिने ।

कर्मचारी समायोजन ऐन, २०७५ ले निर्धारण गरेको निश्चित आधारमा सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजनको लागि सूचना प्रकाशन गरी उक्त ऐनको ५ को उपदफा (१) मा सरकारी सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट कर्मचारी समायोजन सम्बन्धमा काम कारबाहीलाई भएको भन्ने देखिन आउँछ । सङ्गठन संरचना र स्वीकृत दरबन्दीबमोजिम मात्र कर्मचारी समायोजन गर्नुपर्ने हुँदा सबै कर्मचारीले आफूले रोजेको र पायक पर्ने स्थानमा समायोजनको सम्भावना नहुने हुँदा यी रिट निवेदकले माग गरेको निवेदन बेहोराबमोजिम नै समायोजन हुन पनि सक्ने नदेखिने ।

रिट निवेदनले श्रीमान् श्रीमती एकै ठाउँमा हुनुपर्ने भन्ने सम्बन्धमा निजहरूको दरबन्दीको अवस्थासमेतलाई विचार गर्नुपर्ने र कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८(३) को व्यवस्थाबमोजिम सम्भव भएसम्म श्रीमान् श्रीमती एकै स्थानमा मिल्ने गरी गर्नुपर्ने देखिन आउँछ । यो व्यवस्था स्वयम्मा कर्मचारीको अधिकार भई बाध्यात्मक व्यवस्था नभई सुविधाका रूपमा रहेको देखिन्छ । निज निवेदकलाई स्थानीय तहमा समायोजन भएको हुँदा च.नं. ७५९ मिति २०७६।३।१ को पत्र अनुसार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सचिवस्तर) को मिति २०७६।६।७ को निर्णय एवम् पत्रसमेतले स्थानीय तहअन्तर्गत दार्चुला जिल्लाको दुहु गाउँपालिकामा समायोजन गरिएको कार्यलाई अन्यथा भन्न मिल्ने देखिएन। साथै समायोजनका क्रममा भएका प्राविधिक त्रुटि सच्याएन र चित्त नबुझेको कर्मचारीहरूको हकमा समायोजन पत्र प्राप्त भएपश्चात् आफूलाई परेको मर्का उल्लेख गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा नै गुनासो गर्ने व्यवस्था गरिएको र सोको सम्बोधन गर्नका लागि सम्बन्धित मन्त्रालयमा ६ सदस्यीय "गुनासो व्यवस्थापन एवम् सहजीकरण समितिसमेत गठन भइरहेको अवस्था देखिँदा रिट निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न मिलेन। अब यी निवेदकका श्रीमतीसमेत सरकारी सेवामा रहेको देखिँदा सम्भव भएसम्म निवेदकले भरेको समायोजन फाराममा उल्लेख गरेको प्राथमिकता क्रमअनुसार पायक हुने कार्यालयमा समायोजन गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिदिएको।

इजलास अधिकृत : डिल्लीराम प्रसाई

कम्प्युटर: शंकर सापकोटा

इति संवत् २०७९ साल जेठ ३१ गते रोज ३ शुभम्।

## १२

**स.का.मु.प्र.न्या.श्री दिपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७६-WO-०८८५, उत्प्रेषण / परमादेशसमेत, राज नारायण ठाकुर वि. नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं*

सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने सम्बन्धमा बनेको कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ मा कर्मचारी समायोजन गर्ने प्रयोजनको लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहको लागि आवश्यक सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुने छ भन्ने व्यवस्था गरिएको छ । सोही ऐनको दफा ४ मा सरकारी सेवाका कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि राष्ट्रिय किताबखानामा रहेको कर्मचारीको विवरणसमेतलाई आधार मानिने छ भन्ने व्यवस्था गरिएको छ । सोही ऐनको दफा ५ ले सङ्घ, प्रदेश र स्थानीय तहको पदमा समायोजन गर्ने प्रयोजनका लागि समायोजन गरिने सेवा समूहको पद तथा तहगत विवरण खुलाई कर्मचारीबाट निवेदन माग गर्ने सूचना मन्त्रालयले प्रकाशन गर्ने, सरकारी सेवाका कर्मचारीले प्रकाशित सूचनामा तोकिएको अवधिमा आफू समायोजन हुन चाहने सङ्घ, प्रदेश र स्थानीय तहको प्राथमिकताक्रम खुलाई मन्त्रालयमा निवेदन गर्नुपर्ने भन्ने देखिने।

नेपालको संविधानले सङ्घीय संरचनाको व्यवस्था गरेबमोजिम सरकारी सेवालाई व्यवस्थित गर्ने सम्बन्धमा संविधानको धारा ३०२ मा आवश्यक व्यवस्था गरिएको छ। जस अनुसार धारा, ३०२ को (१) बमोजिम प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने छ भन्ने व्यवस्था गरी सोही धाराको उपधारा (१) मा उपधारा (२) बमोजिमको व्यवस्था गर्दा यो संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानूनबमोजिम र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने छ भन्ने व्यवस्था रहेको देखिन्छ । सोही व्यवस्थाको कार्यान्वयनका निमित्त कर्मचारी

समायोजन ऐन, २०७५ जारी भई उक्त ऐनबमोजिम यी रिट निवेदकले भरेको प्राथमिकताक्रमबमोजिम नै निवेदकको समायोजन भएको देखिन्छ । यसरी कर्मचारी समायोजन ऐन, २०७५ ले निर्धारण गरेको निश्चित आधारमा सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजनको लागि सूचना प्रकाशन गरी भएको काम कारबाहीको विषयलाई अन्यथा भन्न मिल्दैन । यस्तै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५ को उपदफा (१) बमोजिम सरकारी सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजनको लागि सङ्घीय, मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट गरिएका काम कारबाही कानूनसम्मत नै भएको पाइने ।

त्यसैगरी कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ बमोजिम कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकारले स्वीकृत गर्नुपर्ने व्यवस्था भएबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना नेपाल सरकारबाट स्वीकृत भई सो स्वीकृत सङ्गठन संरचना र दरबन्दीभित्र सरकारी सेवाका कर्मचारीलाई सङ्घमा समायोजन गर्नुपर्दा ऐनको दफा ८(१) बमोजिम क्रमशः कार्यरत पदको ज्येष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता, उमेरको ज्येष्ठताजस्ता प्राथमिकताका आधारमा समायोजन गर्नुपर्ने र सोही दफाको उपदफा (२) बमोजिम प्रदेश र स्थानीय तहका पदमा समायोजन गर्नुपर्दा क्रमशः कार्यरत पदको ज्येष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता, कर्मचारी हाल कार्यरत रहेको प्रदेश वा स्थानीय तह हालको स्थायी बसोबासको ठेगाना, नागरिकता प्रमाणपत्रमा उल्लिखित ठेगाना र उमेरको ज्येष्ठताका आधारमा समायोजन गर्नुपर्ने व्यवस्थाबमोजिम सोही प्रक्रिया र आधार अनुसार यी निवेदकको प्रदेश नं.१ को सुर्योदय नगरपालिका इलाममा समायोजन सिफारिस गरिएको देखिने ।

अतः यी निवेदकले यसै विषयवस्तुलाई उल्लेख गरी विपक्षी साधिकार मन्त्रालयसमेतलाई विपक्षी बनाई उच्च अदालत पाटनमा रिट दायर गरेको एवम् सो अदालतबाट अन्तरिम आदेश जारी नभएको बेहोरा लुकाई परेको प्रस्तुत रिट निवेदन स्वच्छ र सफा हातबाट परेको नदेखिएको एवम् विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।१२।१४ को समायोजन निर्णय एवम् उक्त मन्त्रालयको च.नं.७५९ मिति २०७६।३।१ को पत्र तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (सचिवस्तरको) मिति २०७६।९।१३ को निर्णय एवम् पत्र कानूनसम्मत नै देखिँदा प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृत : डिल्लीराम प्रसाई

कम्प्युटर: शंकर गुरूङ

इति संवत् २०७९ साल जेठ ३१ गते रोज ३ शुभम् ।

**१३**

**स.का.मु.प्र.न्या.श्री दिपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७४-WO-१०३४, उत्प्रेषण, धिरेन्द्रप्रसाद दत्त वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत*

जनकपुर यदुकुहा सडक विस्तार गर्ने सिलसिलामा सरोकारवाला व्यक्तिले मुआब्जा दाबी गर्न आ-आफ्नो हकदैया वा भोगचलनसम्बन्धी सबुत लिई यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० दिनभित्र जिल्ला प्रशासन कार्यालय, धनुषामा निवेदन दिनु हुन जानकारी गराइन्छ, तोकिएको म्यादभित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानूनबमोजिम हुने छ र पछि कुनै उजुर लाग्ने छैन साथै यस विषयमा कुनै कुरा बुझ्नुपरेमा जिल्ला प्रशासन कार्यालय धनुषा वा डिभिजन सडक कार्यालय जनकपुरमा सम्पर्क राख्नु हुन भनी जिल्ला प्रशासन कार्यालय धनुषाको नामबाट मिति २०६६।७।२० मा गोरखापत्रमा जग्गा प्राप्तिसम्बन्धी सूचना प्रकाशन भएको मिसिलबाट देखिने ।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८

ले मुआब्जा पाउनेको नामावली र त्यसउपरको उजुरी शीर्षकअन्तर्गत उपदफा १ मा दफा ९ बमोजिमको सूचनामा तोकिएको म्यादभित्र प्राप्त भएका निवेदनहरूबाट मुआब्जा पाउने ठहरिएका व्यक्तिहरूको नामावली तयार पारी सरोकारवाला व्यक्तिहरूको जानकारीको लागि स्थानीय अधिकारीले सूचना टाँस गर्ने छ भन्ने व्यवस्था गरेको देखिन्छ । त्यसैगरी उपदफा (२) मा उपदफा (१) बमोजिम टाँस गरिएको नामावलीमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना जारी भएको मितिले १५ दिनभित्र नेपाल सरकार, गृह मन्त्रालयमा उजुर गर्न सक्ने छ भन्ने व्यवस्था रहेको देखिन्छ। सो कानूनी व्यवस्थाबमोजिम मुआब्जा निर्धारण सम्बन्धमा चित्त नबुझ्ने व्यक्तिले सूचना प्रकाशित भएको १५ दिनभित्र गृह मन्त्रालयमा निवेदन दिइसक्नुपर्नेमा जिल्ला प्रशासन कार्यालय धनुषाबाट मिति २०६६।७।२० मा मुआब्जा रकम बुझ्न आउने बारेको सूचना प्रकाशित गरिएकोमा रिट निवेदकले जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ बमोजिमको समय सीमाभित्र प्रक्रिया पुऱ्याएर निवेदन दिई सोबमोजिम आफ्नो हक अधिकार स्थापित गराइसक्नुपर्नेमा सोबमोजिम गर्न सकेको पाइएन । साथै निवेदकको दाबी मिति २०६७।६।४ मा निर्धारण गरेको मुआब्जा चलनचल्तीको मोलभन्दा कम रहेको र ०-०-६ धुर जग्गा बढी अधिग्रहण गरेको भन्ने देखिन्छ । आफ्नो जग्गा अधिग्रहण हुन लागेको सम्बन्धमा निवेदकलाई मिति २०६७।६।४ मा नै जानकारी भएको अवस्था देखिन्छ । प्रस्तुत रिट निवेदन मिति २०७५।३।३२ मा ८ वर्षपछि परेको भई अनुचित विलम्ब (unreasonable delay) को अवस्था देखिन आउँछ। निवेदकलाई आफ्नो जग्गाको मूल्याङ्कन कम भएको वा बढी जग्गा परेको भन्ने भएको भए मुआब्जा निर्धारण समितिको निर्णयउपर तत्कालै उजुर गर्ने वैकल्पिक व्यवस्थासमेत रहे भएको मा हाल आएर मुआब्जा रकम कम भयो वा बढी जग्गा परेको भन्ने निवेदन दाबी खम्बिर हुन सक्ने अवस्था नदेखिने।

तसर्थ, माथि उल्लिखित आधार प्रमाणबाट प्रस्तुत निवेदनमा निवेदकको माग दाबीबमोजिम आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नम्रता गैरे
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७९ साल वैशाख १९ गते रोज २ शुभम्।

**१४**

**स.का.मु.प्र.न्या.श्री दिपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** *०६८-CI-०८६७, निर्णय दर्ता बदर, सार्वजनिक ऐलानी पर्ती कायम, जितपुर गौशालासमेत वि. बारा जिल्ला, आदर्श गाउँ विकास समिति भवानीपुर जितपुर*

वादी दाबीको उक्त कि.नं. १४५ को जग्गाको फिल्डबुक हेर्दा जोताहाको नाम, थर वतनमा पर्ती तथा जग्गाधनीको नाम, थर वतनमा खाली रहेको र कैफियत महलमा यो जग्गा पञ्चायत भवानीपुर जितपुरको गौचर गौशाला पर्ती हो भन्ने उल्लेख भएको देखिन्छ। सार्वजनिक जग्गा भनी दाबी गरेको विवादित कि.नं. १४५ को जग्गा २०२२ सालमा सर्वे नापी भएको तथ्यमा विवाद रहेको देखिँदैन । प्रतिवादीले जितपुर गौशाला पहिलेदेखि नै अस्तित्वमा रहेको र जग्गाको फिल्डबुकमा गौचर गौशाला लेखिएको हुँदा सो जग्गा गौशालाकै नाममा नापी भएको भनी जिकिर लिएकोमा उक्त गौशाला संस्था रजिस्टर्ड ऐन, २०१६ बमोजिम मिति २०३०।२।३।४ मा दर्ता भएको र संस्था दर्ता ऐन, २०३४ बमोजिम मिति २०५२।६।२९ मा पुनः दर्ता भएको पुनरावेदक / प्रतिवादीले पेस गरेको मिसिल संलग्न संस्था दर्तासम्बन्धी प्रमाणपत्रलगायतका प्रतिलिपिबाट देखिन्छ। यसबाट पुनरावेदक वीरगन्ज जितपुर गौशाला २०३० सालमा मात्र दर्ता भई कानूनी मान्यता प्राप्त गर्नुका साथै अस्तित्वमा आएको र विवादित जग्गा २०२२ सालमै सर्वे नापी भएको तथ्य स्थापित भएको देखिन्छ। कुनै ऐन कानूनले नचिनेको पुनरावेदक / प्रतिवादी वीरगन्ज जितपुर गौशाला

संस्था १९६३ सालदेखि स्थापना भएको भन्ने दाबी रहेको संस्था कानूनतः अस्तित्वमा रहेको मान्न मिल्ने देखिँदैन। साथै पुनरावेदकले उल्लेख गरेको संस्थाले कानूनी हैसियत प्राप्त गर्नुपूर्व नै नापी भएको जग्गाको फिल्डबुकमा जोताहाको नाम, थर, वतनमा पर्ती जनिएको, जग्गाधनीको नाम खाली रहेको र कैफियत महलमा गौचर गौशाला जनिएको स्थितिमा सो जग्गा उक्त गौशाला संस्थाको नाममा नापी भएको भन्ने पर्याप्त आधार नदेखिँदा विवादित कि.नं. १४५ को जग्गा पर्ती जग्गा भन्ने स्थापित हुन आउने।

साथै उक्त कि.नं. १४५ को जग्गाको फिल्डबुकको कैफियत महलमा यो जग्गा पञ्चायत भवानीपुर जितपुरको गौचर गौशालाको हो भनी जनिएको देखिँदा उक्त तथ्यबाट जग्गा अन्य कुनै सङ्घ संस्थाको नामको नभई तत्कालीन पञ्चायतको भोगचलनमा रहेको गौचर गौशालाको सार्वजनिक जग्गा भन्ने स्थापित भएको देखिन्छ। उक्त जग्गा गौशालाका नाममा के कुन रोह एवम् स्रोतबाट कुन आधारमा मालपोत कार्यालय बाराबाट दर्ता भएको भन्ने खुल्न सकेकोसमेत देखिँदैन। यसका साथै पुनरावेदकको पुनरावेदन जिकिर हेर्दा २०२२ सालमा नापी हुँदा गौचर गौशालाको जग्गा हो भन्ने कैफियत जनिएको आधारमा गौशालाले ७ नं. फाँटवारी भरेको र सोही आधारमा दर्ता भएको भन्नेसम्म जिकिर लिएको देखिन्छ। जग्गा नापी हुँदा फिल्डबुकको जोताहा महलमा पर्ती र जग्गाधनी खाली रहेकोमा कैफियत महलमा पञ्चायत भवानीपुर जितपुरको गौचर गौशालाको जग्गा भनी उल्लेख भएको देखिने।

मालपोत ऐन, २०३४ को दफा २(ख३) मा "सार्वजनिक जग्गा" भन्नाले सार्वजनिक प्रयोजनको लागि रहेका परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डिल, गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टिस्थल, चिहान, मसानघाट, समाधिस्थल, कब्रस्तान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जिद, इदगाह, कब्रस्तान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी जग्गा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको अन्य जग्गा सम्झनुपर्छ भन्ने व्यवस्था रहेको छ। यसै लगाउको ०६८-CI-०८७० को खिचोला मेटाई पर्खाल भत्काई चलन मुद्दामा सुरू अदालतबाट मिति २०६३।९।२१ मा भई आएको नक्सा मुचुल्कामा प्रस्तुत मुद्दाको विववादित कि.नं. १४५ को जग्गामा २ तले पक्की भवन रहेको भनी न. नं. २ मा देखिएको र न.नं. ३ मा पक्की पर्खाल रही गाउँ विकास समिति आदर्श भवानीपुर जितपुरको भोगमा रहेको भनी उल्लेख भएको देखिँदा विवादित जग्गामा सार्वजनिक प्रकृतिका संरचना निर्माण भई गा.वि.स. को भोगचलनमा रहेको देखिएको छ। यसबाट उक्त जग्गा सर्वे नापी हुँदा जोताहाको नाम, थर वतनमा पर्ती जनिएको, जग्गाधनीको नाम, थर, वतनमा खाली रहेको कैफियत महलमा पञ्चायत भवानीपुर जितपुरको गौचर गौशालाको जग्गा भन्ने उल्लेख भएको अवस्था देखिएको र उक्त जग्गामा पञ्चायत भवानीपुर जितपुरको भोग चलन स्थापित भएको देखिने।

सर्वोच्च अदालतबाट जितपुर गौशालाको महासचिव चिरञ्जीवी सराहणी वि. वीरगन्ज चिनी कारखानासमेत भएको रिटमा (ने.का.प. २०४२, अङ्क ४ नि.नं. २३३७) भएको निर्णय सम्बन्धमा हेर्दा विवादको कि.नं. १४५ समेतका जग्गामा वादीको हक नै कायम हुने गरी सर्वोच्च अदालतबाट मिति २०४२।४।११ मा फैसला भएको भन्ने देखिन आउँदैन। उक्त कि.नं. समेतका जग्गा फाँटवालाको भुलले स्रेस्ता पुर्जा तयार गर्ने क्रममा निर्णयमा नपरेकोले गल्ती सच्याइएको सम्बन्धमा सो रिट निवेदन परेको देखिन्छ। उक्त फैसलाबमोजिम मिति २०४०।१।३०

को मालपोत कार्यालयको निर्णय बदर गरे तापनि सो बदर मात्रको कार्यले निर्विवाद हक नै स्थापित गरेको भन्न सकिने अवस्था रहन्न । मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सरकारी वा सार्वजनिक जग्गा सो कानून लागु हुनुअघि वा पछि कुनै व्यक्ति विशेषका नाममा दर्ता भएमा त्यस्तो दर्ता स्वतः बदर हुने व्यवस्था भएको पाइन्छ । हेरम्बराज पराजुली वि. अञ्चलाधीशको कार्यालय गण्डकी अञ्चलसमेत भएको रिट निवेदनमा (ने.का.प. २०५४, अङ्क ११ नि.नं. ६४५९) "परापूर्वकालदेखि सार्वजनिक रूपमा प्रयोग गर्दैआएको जग्गा दर्ता भए पनि मालपोत कार्यालयले त्यस्तो दर्ता बदर गर्न सक्ने व्यवस्था मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (३)(४) बमोजिम मालपोत कार्यालयले बदर गर्न सक्ने नै देखिन आयो" समेत भनी व्याख्या भएको पाइने ।

अतः उल्लिखित तथ्य, आधार, कारण एवम् प्रमाणका आधारमा वादी दाबीको विवादित कि.नं. १४५ को जग्गा नापी हुँदा पर्ती जनिएको, जग्गाधनीको महलमा खाली रहेको र कैफियतमा पञ्चायत भवानीपुर जितपुरको गौचर गौशाला जनिई सार्वजनिक प्रकृतिको देखिनुका साथै अदालतबाट भइआएको नक्सा मुचुल्काबाट समेत सार्वजनिक प्रकृतिका संरचना निर्माण भई गा.वि.स. को भोगचलनमा रहेको भन्ने देखिँदा पुनरावेदक/प्रतिवादीको नाममा दर्ता हुन नसक्ने जग्गा दर्ता गर्ने गरी मालपोत कार्यालय बाराबाट भएको निर्णय बदर भई सो जग्गा सरकारी, सार्वजनिक ऐलानी पर्ती गौचर कायम हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।३।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल / नम्रता गैरे

इति संवत् २०७९ साल जेष्ठ २३ गते रोज २ शुभम् ।

**१५**

**स.का.मु.प्र.न्या.श्री दिपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल**, *०६८-CI-०८७०, खिचोला मेटाई पर्खाल भत्काई चलन, वीरेन्द्रकुमार सङ्घइ वि. उद्योग वाणिज्य सङ्घ शाखा कार्यालय जितपुर बारासमेत*

बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा नं. ३ कि. नं. १४५ को क्षेत्रफल ०-१२-० जग्गा नापी नक्सा हुँदा जितपुर गौशालाको नाममा नापी भई भोगचलन गरी आएकोमा प्रतिवादीहरूले खिचोला गरी पर्खाल लगाई कब्जा गरेको हुँदा खिचोला मेटाइपाउँ भन्ने फिराद दाबी रहेकोमा प्रतिवादी उद्योग वाणिज्य सङ्घ शाखा कार्यालय बाराले जितपुर गौशालाको नाममा नापी भएको भए पनि उक्त जग्गाको हकाधिकार गा.वि.स. लाई भएकोले गा.वि.स. बाटै धर्मशाला पर्खाल भवनलगायतका संरचना निर्माण भई भोगचलन हुँदैआएको हो । वादीको जग्गा खिचोला भएको होइन भन्ने प्रतिउत्तर बेहोरा रहेको देखिन्छ । यसै लगाउको निर्णय दर्ता बदर सार्वजनिक ऐलानी पर्ती कायम (०६८-CI-०८६७) को मुद्दामा वादी दाबीको कि.नं. १४५ समेतका जग्गा प्रतिवादी जितपुर गौशालाका नाममा दर्ता गर्ने गरी मालपोत कार्यालय बाराबाट भएको निर्णय र दर्तासमेत बदर भई सार्वजनिक ऐलानी कायम हुने ठहरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको देखिने ।

यसरी वादी दाबीको कि.नं.१४५ को जग्गाको वादीका नाममा दर्ता भएको निर्णय बदर भई सो जग्गा नै सरकारी सार्वजनिक ऐलानी पर्ती कायम हुने ठहरी फैसला भएको हुँदा उक्त जग्गामा वादीको हक नै कायम हुन नसकेको र सुरू जिल्ला अदालतबाट भएको नाप नक्सा मुचुल्काबाट समेत उक्त जग्गामा पक्की घर तथा पर्खाललगायतका संरचना निर्माण भई गा.वि.स. को भोगमा रहेको र गा.वि.स. लगायतका सार्वजनिक प्रकृतिका संरचना निर्माण भएको देखिँदा वादीको हक नै पुग्न नसक्ने जग्गामा प्रतिवादीले खिचोला गरेको भन्ने वादी दाबी एवम् पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था नदेखिने ।

अतः उल्लिखित यसै लगाउको ०६८-CI-

०८६७ को मुद्दामा लिइएका आधार कारणबाट वादीले दाबी लिएको जग्गा कि.नं. १४५ को सार्वजनिक जग्गा भएको आधार प्रमाणबाट वादी दाबीको विवादित जग्गा तथा पर्खालमा वादीको हक स्वामित्व नै स्थापित हुन नसकेको स्थितिमा वादी दाबीबमोजिम खिचोला गरेको नठहर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल / नम्रता गैरे

इति संवत् २०७९ साल जेष्ठ २३ गते रोज २ शुभम् ।

**१६**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७४-WO-०००१, उत्प्रेषण, लालकुमार श्रेष्ठसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत*

मिति २०७४।२।३१ मा जिल्ला प्रशासन कार्यालय तनहुँका अध्यक्षको अध्यक्षतामा बसेको बैठकको निर्णय नं. १ मा तनहुँ जिल्लाको भानु नगरपालिका वडा नं. १, हात्तीचौरमा नेपाली सेनाको स्वयम्भु बारूदखाना कार्यालयको लागि जग्गा प्राप्तिको लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ६ बमोजिम प्रारम्भिक कारबाहीसम्बन्धी सूचनास्वरूप प्रारम्भिक कारबाही चलाउने अधिकारीले ७ दिने सूचना प्रकाशन गर्ने, त्यसरी सूचना प्रकाशन गर्दा चार किल्ला र आफूलाई चाहिने न्यूनतम क्षेत्रफलसमेत उल्लेख गर्ने र प्राप्त सूचना अनुसार पर्न आएका निवेदनमध्ये ऐ. ऐनको दफा ८ बमोजिम १५ दिनभित्र प्रारम्भिक कारबाहीको ठहरसम्बन्धी प्रतिवेदन प्रारम्भिक कारबाही चलाउने अधिकारी अर्थात् प्रकाश थापाले स्थानीय अधिकारी प्र.जि.अ. समक्ष पेस गर्ने भनी निर्णय भएको देखिन्छ । सोहीअनुसार प्रारम्भिक अधिकृत प्रकाश थापाले प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गरेको प्रतिवेदनमा नेपाली सेनालाई व्यक्तिगत तथा ऐलानी गरी करिब ६०० रोपनी आवश्यकता हुने भए पनि प्रथम चरणमा अधिग्रहण गर्नुपर्ने जग्गा तथा जग्गाधनीहरूले बिक्री गर्न इच्छुक जग्गा जम्मा २२१ रोपनी जग्गा प्राप्तिको लागि पर्न आएका निवेदनसहित प्रतिवेदन पेस गरेको देखिने ।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा "नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐनबमोजिम मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्ने छ" भनी उल्लेख भएको पाइन्छ । निवेदकहरूका जग्गामध्येको नेपाली सेनाको स्वयम्भु बारूदखाना स्थापनाका लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ का आधारमा नेपाल सरकारले सार्वजनिक कामका लागि जग्गा प्राप्त गर्न सक्ने नै देखिन्छ । सोही ऐनको दफा ११ मा "दफा ९ बमोजिम सूचना टाँस भएको मितिले बाटोको म्यादबाहेक सात दिनभित्र आफ्नो जग्गा प्राप्त नगर्नुपर्ने कुनै कारण भए त्यसको कारण खोली सम्बन्धित जग्गावालाले स्थानीय अधिकारीको कार्यालयमार्फत नेपाल सरकार, गृह मन्त्रालयमा उजुर गर्न सक्ने छ भन्ने व्यवस्था रही जिल्ला प्रशासन कार्यालय तनहुँको मिति २०७४।०३।१८ को निर्णयबमोजिम जग्गा प्राप्तिको प्रयोजनार्थ सूचना प्रकाशित भएको भन्ने देखिएकोमा उक्त सूचनाउपर सरोकारवाला जग्गाधनीले सम्बन्धित निकायसमक्ष उजुर गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिएको छैन । तनहुँमा अधिग्रहण गर्न लागेको जग्गा जग्गाधनीहरूको चाहनाविपरीत जबरजस्ती लिन लागेको अवस्था देखिँदैन । प्रारम्भिक चरणमा १६ जना जग्गाधनीबाट २२१-७-१-० रोपनी जग्गा अधिग्रहण गर्नको लागि स्वेच्छिक रूपमा जग्गाधनीहरूको निवेदन र जग्गाको कागजपत्रसमेत प्रदान गरेको पाइन्छ । रिट निवेदकमध्येकै शम्भु भुजेल, कृष्णमाया भुजेल, सुर्यकुमारी श्रेष्ठ, रणबहादुर कुमालसमेत जम्मा चार जनाले समेत आफूहरू जग्गा बेच्न सहमत रहेको भनी निवेदनसाथ जग्गाको कागजपत्र पेस गर्नुभएको छ भन्ने नेपाली सेना, स्वयम्भु बारूदखाना कार्यालय र रामवाण गुल्मसमेतको संयुक्त लिखित जवाफबाट देखिएको छ । साथै सुनुवाइको

क्रममा नेपाली सेनाका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय प्रमुख सेनानी श्री अमित प्याकुरेल र प्राड सेनानी श्री राजकुमार रञ्जितले नेपाली सेनाको स्वयम्भु बारूदखाना स्थानान्तरण गरी तनहुँ जिल्ला, भानु नगरपालिका वडा नं. १ हात्तीचौरमा स्थापना गर्न जग्गा अधिग्रहण गर्ने निर्णय भई सोहीबमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरी नेपाली सेनाको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरी कार्य सञ्चालनमा आउने अवस्थामा छ भनी इजलासलाई विश्वस्त गराएको पाइने।

तसर्थ, उल्लिखित तथ्य एवम् कानूनी व्यवस्था तथा नेपाली सेनाको स्वयम्भु बारूदखाना स्थानान्तरण गरी तनहुँ जिल्ला, भानु नगरपालिका वडा नं. १ हात्तीचौरमा स्थापना गर्न जग्गा अधिग्रहण गर्ने निर्णय भई जग्गा अधिग्रहणसम्बन्धी कानूनबमोजिमका सम्पूर्ण प्रक्रिया पूरा गरी नेपाली सेनाको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भई कार्य सञ्चालनमा आउने अवस्थामा रहेको देखिएको र त्यसरी जग्गा प्राप्त गर्दा मुआब्जा / क्षतिपूर्ति दिने भनी विपक्षीहरूको लिखित जवाफ बेहोराबाट नै देखिएको स्थितिमा नेपाली सेनाको बारूदखाना सञ्चालनको लागि जग्गा प्राप्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय तनहुँको मिति २०७४।१।२१ मा गरेको प्रारम्भिक कारबाही चलाउने निर्णय र मिति २०७४।०३।१८ मा गरेको १५ दिने सूचना प्रकाशनको निर्णय कानूनसम्मत नै देखिएकोले विपक्षीहरूका नाममा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन जिकिर पुग्नसक्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नम्रता गैरे

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७९ साल वैशाख १९ गते रोज २ शुभम्।

**१७**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CI-१९४४, अंश, गंगादेवी भट्टराई वि. निशा भट्टराईसमेत*

लगाउमा रहेको ०७२-CI-१९४५ नं को अंश नामसारी मुद्दामा कि.नं. ९१७ को घरजग्गा र कि.नं. ५९० एवम् ५९३ को जग्गाहरू अंशियारमध्येका पुष्पा भट्टराईको निजी आर्जनको ठहऱ्याई भएको सुरू जिल्ला अदालत र पुनरावेदन अदालतको फैसला मिलेको देखिएको भनी विस्तृत विवेचनासहित आज यसै इजलासबाट सदर हुने ठहऱ्याई फैसला भएको अवस्था छ। सोही फैसलामा उल्लिखित आधार प्रमाणबाट प्रस्तुत मुद्दामा पनि रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने देखिएन। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर तथा यस अदालतबाट मुद्दा दोहोऱ्याई पाउने निस्सा प्रदान गर्दा लिइएका आधारहरूसँग सहमत हुन नसकिने।

वादी तथा प्रतिवादीले तायदातीमा पेस गरेका सम्पत्तिहरूको कुल ९ भाग गरी सोको २ भाग अंशहक वादीहरूले प्रतिवादीहरूबाट छुट्याइलिन पाउने ठहऱ्याई रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम्।

- यसै लगाउका ०७२-CI-१९४६, दर्ता बदर, राजेन्द्र भट्टराईसमेत वि. श्यामप्रसाद भट्टराईसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**१८**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CR-२०४५, जालसाजी, विष्णु भट्टराईसमेत वि. श्यामप्रसाद भट्टराईसमेत*

अंशको हक र सगोलको सम्पत्ति बिक्री व्यवहार गर्न पाउने अधिकारका सम्बन्धमा मुलुकी ऐन, अंशबन्डाको महलको १ नं. मा भएको व्यवस्था

हेर्दा स्वास्नी, छोरा र छोरीले पति पिताको सम्पत्तिमा अंश हक प्राप्त गर्ने कुरामा विवाद छैन । तर सोही महलको १९(१) नं मा भएको व्यवस्था हेर्दा पिता पुर्खाको पालाको अचल सम्पत्तिमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा र छोरीको मन्जुरी नभए पनि आफूखुस गर्नपाउने व्यवस्था भएको देखिन्छ । विवादित लिखतबाट राजीनामा गरिदिएको सम्पत्ति अंशबन्डाको १९(१) नं. विपरीत बिक्री व्यवहार भएको हो भनी प्रमाणित हुनसकेको अवस्था देखिँदैन । लगाउमा रहेको ०७२-CI-१९४४ र ०७२-CI-१९४५ को अंश मुद्दाका प्रमाण मिसिलहरूबाट विवादित लिखतबाट बिक्री व्यवहार भएको जग्गाभन्दा बढी नै जग्गा प्रतिवादी श्यामप्रसादको नाम दर्तामा बाँकी नै रहेको देखिन्छ । कानूनबमोजिम कानूनले निर्धारण गरेको सीमाको हदसम्म सम्पत्ति बिक्री व्यवहार गरेको कार्यबाट वादीहरूको हक मेटिन गएको मान्न सकिने अवस्था पनि देखिँदैन । प्रतिवादी श्यामप्रसादले आफ्नो हकै नभएको सम्पत्तिलाई आफ्नो हकको भनी बिक्री व्यवहार गरेको मान्न पनि मिलेन । यो अवस्थामा मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं. बमोजिम जालसाजीपूर्ण कार्य भएको मान्न नसकिने ।

प्रतिवादीहरू श्यामप्रसाद भट्टराई र मथुराकुमारी मुडभरीका बिचमा जिल्ला रूपन्देही सौ फर्साटिकर गा.वि.स. वडा नं.१(क) कि.नं.१३६६ को ज.वि. ०–०–१११/४ जग्गा मिति २०६६।१०।२८ मा र.नं. ३१५८(ग) बाट राजीनामाको लिखत पारित गरी दिनुलिनु गरेकोले हाम्रो हकजति ९ भागको ३ भाग ज.वि. ०–०–४.४ जतिको हकमा जालसाजी घोषित गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याई रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कृष्णशोभा सुवाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम् ।

## १९

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-१००४, नकबजनी चोरी, अजय पुरी वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादी अजय पुरीले अनुसन्धानका क्रममा बयान गर्दा, आफूले चन्द्रबहादुर बस्नेतबाट चोरीको धनमाल खरिद गर्ने गरेको र निज चन्द्रबहादुर बस्नेतले विभिन्न मितिमा दिएका सामानहरूमध्ये केही सामान बरामद भएको तथा केही सामान गरगहनाहरू अन्यत्र बिक्री गरिसकेँ भनी बयान गरेको देखिन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा पनि चोरीको सामान खरिद गर्ने भएकाले मेरो नाममा जाहेरी परेको हुनुपर्छ भनी बयान गरेको देखिन्छ । निज प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान र अदालतमा भएको बयान बेहोराबाटै निजले चोरीको सामान खरिद गर्ने गरेको तथ्य स्थापित हुनआएको देखिन्छ । साथै अन्य प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जाहेरवालाको कोठाबाट नगद र सुनका गरगहना चोरी गरेकोमा साबित भई चोरीका गरगहनाहरू प्रतिवादीमध्येका चन्द्रबहादुर बस्नेतलाई जिम्मा दिई बिक्री गर्न पठाएका हौँ भनी बयान गरेको देखिएको छ भने प्रतिवादीमध्येका चन्द्रबहादुर बस्नेतले बयान गर्दा पनि जाहेरवालाको कोठाबाट चोरी गरेका धनमालहरू मैले अजय पुरीलाई जिम्मा दिई बिक्री गर्न पठाएको थिएँ । निजले के कहाँ बिक्री गरे थाहा भएन । बिक्री गरी ल्याएको रकम मसमेतले बाँडी लिएका हौँ भनी बयान गरेको देखिन्छ । निजै प्रतिवादीको बयान बेहोरा र अन्य प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको बयान बेहोरालाई आधार मान्दा यी प्रतिवादीले बरामद भएका धनमालहरू पछि फिर्ता गर्ने गरी धितोमा राखेको नदेखिई आफैँले खरिद गरेको र पछि अन्यत्र बिक्री गरेकोसमेत देखिने ।

जहाँसम्म बरामद भएको धनमाल आफूले चोरीको भन्ने जानी जानी खरिद गरेको होइन भन्ने

निजको जिकिर रहेको छ सो सम्बन्धमा विचार गर्दा यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा र अदालतमा बयान गर्दा नै पनि चोरीको धनमाल खरिद गर्ने गरेको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ । अन्य प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा चोरीको धनमाल यी प्रतिवादीलाई धितोमा दिएको भनी लेखाएको पाइँदैन । बरू बिक्रीका लागि यी प्रतिवादीलाई दिएको भनी लेखाएको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा ७(क) बमोजिम कुनै व्यक्तिको साथमा चोरीको सम्पत्ति छ भन्ने देखिन्छ भने त्यस्तो सम्पत्ति सो व्यक्तिले चोरेको वा चोरीको भन्ने जानीजानी खरिद गरेको हो भनी अदालतले अनुमान गर्नुपर्ने व्यवस्था भएको देखिन्छ । प्रस्तुत मुद्दामा चोरीको धनमाल यी प्रतिवादीको साथबाटै बरामद भएको अवस्था नभए पनि निजले राख्न दिएको ठाउँबाट बरामद भएको र सो तथ्यलाई स्वीकारै गरेको हुँदा निजको साथबाटै बरामद भएसरहको अवस्था देखिएको छ । प्रमाण ऐनको दफा २९ ले कसैले अदालतले गरेको अनुमान खण्डन गर्न चाहेमा सोको प्रमाण पुर्‍याउने भार सोही पक्षमा रहने व्यवस्था गरेको देखिन्छ । सोबमोजिमको प्रमाणको भार यी प्रतिवादीले पुर्‍याउन सकेको देखिँदैन । लगाउका मिसिलहरूसमेत अध्ययन गर्दा प्रस्तुत मुद्दामा कसुरदार ठहर भएका प्रतिवादीहरूले पटकपटक चोरी गरेको तथ्य स्थापित भइरहेको छ । प्रत्येक जस्तो मुद्दामा चोरीको धनमाल यी प्रतिवादीलाई बिक्री गर्ने गरेको भनी अन्य प्रतिवादीहरूले पोल गरेको देखिएको छ । यी प्रतिवादीले आफूले धितोमा राखेको भनेको धनमालहरू आफ्नै प्रयोगमा राखेको नदेखिई निजका आफन्तहरू मामा केशव बस्नेत र दिदी लक्ष्मी खड्काको घर कोठामा राख्न दिएको देखिन्छ । यसरी पटकपटक एकै प्रतिवादीहरूबाट धनमाल लिने गरेको, ती धनमालहरू आफूकहाँ नराखी आफन्तहरूकहाँ लुकाउने उद्देश्यले राखेको देखिएको र धितोमा राखिएको भनिएका सामानहरूको प्रकृति हेर्दा पनि धितोमा राखी रकम दिनसकिने प्रकृतिको नदेखिएकोसमेतको अवस्था पनि प्रस्तुत मुद्दामा देखिन्छ । यी प्रमाणहरू र अवस्थाका सन्दर्भमा हेर्दा निजले पुनरावेदनमा जिकिर लिएजस्तै बरामदी धनमालहरू चोरीको भनी जानीजानी लिएको नभई धितोको रूपमा मात्र लिएको भनी विश्वास गर्न नसकिने ।

तसर्थ, माथि विवेचित आधार, कारण एवम् प्रमाणका आधारमा यी पुनरावेदक/प्रतिवादीलाई चोरीको सामान खरिद गरेको भनी मुलुकी ऐन, चोरीको महलको २३ नं. बमोजिमको कसुरमा सोही महलको २४ नं. बमोजिम सजाय हुने ठहर्‍याई सुरू जिल्ला अदालतबाट भएको फैसला निजको हकमा सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

इति संवत् २०७८ साल चैत्र २८ गते रोज २ शुभम् ।

## २०

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-०८८७, जबरजस्ती चोरी, नेपाल सरकार वि. विकास मल्लसमेत*

प्रस्तुत वारदात लुटपिट वा जबरजस्ती चोरीमध्ये कुन वारदात कायम हुने देखिन्छ भन्ने पहिलो प्रश्नमा विचार गरौँ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले जाहेरवालाको मूल्य रू. ६,१२,०००।- पर्ने यार्सागुम्बा चोरी गरी लगेको भनी जाहेरी परेकोमा प्रतिवादीहरूमध्येका भिमबहादुर थापाको साथबाट ५५ ग्राम र विकास मल्लको साथबाट १४७ ग्राम बरामद भएको तथ्यमा विवाद रहेको देखिँदैन । प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको भए पनि अनुसन्धानका क्रममा बयान गर्दा बरामदी यार्सागुम्बा आफूहरूको साथबाट बरामद भएको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिएको छ । बुझिएका सुनिल वि.क. समेतका मानिसहरूको भनाइ बेहोराबाट पनि जाहेरीमा उल्लिखित मितिमा

प्रतिवादीहरूबाट वारदात घटाइएको भन्ने देखिन आएको छ । त्यसैले प्रस्तुत मुद्दामा वारदातकै विषयलाई लिएर खासै विवाद उठाइएको पाइँदैन । सुरू जिल्ला अदालत र उच्च अदालतबाट प्रस्तुत वारदातलाई लुटपिटतर्फ परिणत गर्ने गरी भएको फैसलाउपर प्रतिवादीहरूको तर्फबाट पुनरावेदन पर्न आएको नदेखिँदा जाहेरीमा उल्लिखित मितिमा निज जाहेरवालाको यार्सागुम्बा प्रतिवादीहरू एकआपसमा मिली लगेको विषय प्रमाणित नै रहेको ।

अब प्रस्तुत मुद्दामा जाहेरवालाको यार्सागुम्बा प्रतिवादीहरूले लगेको त्यस्तो कसुर जबरजस्ती चोरी वा लुटपिटमध्ये कुन कसुर मानिने हो भन्ने मूल प्रश्न विचारणीय रहेको देखिन आउँछ । यो विषयलाई विचार गर्दा मुलुकी ऐन, चोरीको महलको १ नं र ४ नं मा भएको कानूनी व्यवस्था तथा लुटपिटको महलको १ नं मा भएको कानूनी व्यवस्थालाई हेर्नुपर्ने हुन्छ । मुलुकी ऐन, लुटपिटको महलको १ नं. मा भएको व्यवस्था हेर्दा उक्त नं. मा "वारदातका रूपबाट चोरीको महलबमोजिमको अपराध ठहर्नेबाहेक अरू यसै महलका नम्बर नम्बरमा लेखिएका रूपबाट उठान भई सोही जरियाबाट झगडा लुटपिटसम्म भई वा सो केही नभई अर्काको हकको वा जिम्माको नगदी, जिन्सी, धनमाल, दोपाया, चौपाया, जग्गाको बालीसमेत हात हाली जबरजस्तीसँग खोसी लैजान वा कुनै किसिमसँग नोक्सान गराइदिनसमेत हुँदैन, सो गरे लुटपिट ठहर्छ" भनी उल्लेख भएको पाइन्छ । यो व्यवस्थालाई आधार मान्दा चोरीको महलबमोजिम चोरीको कसुर ठहर्ने अवस्थामा लुटपिटको कसुर ठहर हुने स्थिति देखिँदैन । तर लुटपिटको कसुर कायम हुने एउटा महत्त्वपूर्ण आधारको रूपमा उक्त लुटपिटको महलको १ नं. मा सोही महलमा उल्लिखित कुनै रूपबाट उठान भई सोही जरियाबाट झगडा लुटपिट भएको तथ्य प्रमाणित हुनुपर्ने अथवा त्यस्तो झगडाको जरिया केही नभए पनि अर्काको हकको जिन्सी वा अन्य धनमाल वा नगदीसमेत नोक्सान पारिदिएको हुनुपर्ने देखिन्छ । मुलुकी ऐन, चोरीको महलको १ नं. ले चोरीको सामान्य परिभाषा गरी हक पुग्ने धनीलाई थाहा नदिई वा उसको मन्जुरी नलिई धनीको हक मेटाई आफूले लिन खानको लागि बेइमानीको नियतले कसैले लग्यो भने चोरी गरेको ठहर्ने भन्दै सोही महलको ४ नं. मा जबरजस्ती चोरीको परिभाषा गर्दा कुटपिट हातपात गरी वा बाँधी थिची वा उत्तिखेरै ज्यान लिने वा जिउ जखम अङ्गभङ्ग गर्ने डर त्रास गराई वा भित्र बसेको मानिस निस्कन नहुने गरी ढोका बन्द गरी चोरी गरेमा जबरजस्ती चोरी गरेको ठहर्छ भनी उल्लेख भएको देखिन्छ । वादी नेपाल सरकारका तर्फबाट चोरीको महलको यही परिभाषालाई आधार बनाई प्रस्तुत मुद्दामा घटित वारदातलाई जबरजस्ती चोरीको कसुर मानी प्रतिवादीहरूउपर चोरीको महलको यही ४ नं. बमोजिमको कसुरमा १४(२) नं. बमोजिम सजाय हुन माग दाबी लिई अभियोगपत्र दायर भएको देखिने ।

माथि उल्लिखित कानूनी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दाको स्थितिलाई हेर्दा जाहेरवाला गजेन्द्र भण्डारीले सुरूमा निवेदन दिँदा आफूकहाँको यार्सागुम्बा चोरी भएको भन्ने उल्लेख नगरी लुटिएको हुँदा खोजतलास गरिपाउँ भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । घटनास्थल मुचुल्कामा पनि यार्सागुम्बा खरिद गर्ने ग्राहक हौँ भनी आई जबरजस्ती लुटी लगेको भन्ने उल्लेख भएको देखिन्छ । सुरूको हुलिया निवेदनपछि जाहेरी दिँदा पनि जाहेरवालाले आफूकहाँ पहिला प्रतिवादीमध्येका विकास मल्ल आई यार्सागुम्बा खरिद गर्ने कुरा गरेका, रू.५,१०,०००।- मा खरिद बिक्री गर्ने बोलकबोल भएपछि आफूलाई निजैले निजैको मोटरसाइकलमा राखी कोटेश्वर चोकसम्म पुर्‍याएको, त्यसपछि निजले बैङ्कबाट रकम निकालेर ल्याउँछु भनी आफूलाई त्यहीँ छोडेर गएका, सोहीबेला आफूसँगै एउटै घरमा बस्ने सुनिल वि.क. को फोन आउँदा एक जना प्रहरी बर्दीका मानिस आई यार्सागुम्बा लुटी लगे भनेर जानकारी गराएको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । जाहेरवालाले अदालतमा बकपत्र गर्दा पनि

मौकाको जाहेरी मिलानकै बेहोरा मुताबिक आफूलाई विकास मल्लले लिई गई कोटेश्वर चोकमा छोडी गएको र त्यही बेला आफ्नो कोठाबाट सन्तबहादुर थापाले यार्सागुम्बा लुटेर लगेको बेहोराको जानकारी सुनिल वि.क. ले गराएको भनी लेखाएको देखिन्छ । मौकामा कागज गर्ने सुनिल वि.क. ले पनि मौकामा कागज गर्दा र अदालतमा बकपत्र गर्दासमेत यार्सागुम्बा सन्तबहादुर थापाले लुटेर लगेको भनी लेखाएको देखिन्छ । मिसिल संलग्न यी प्रमाणहरूको रोहमा हेर्दा अभियोग पत्रमा दाबी लिइएबाहेक प्रस्तुत मुद्दामा दाबी लिइएको यार्सागुम्बा चोरी लगेको भन्ने तथ्य कुनै कागज प्रमाणबाट पनि पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादीहरू अनुसन्धान अधिकारीसमक्षको बयानमा यार्सागुम्बा जाहेरवालाको घर कोठाबाट लगेकोमा स्वीकार गरेको भए पनि अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । बरू निज जाहेरवालाले बिनाअनुमति यार्सागुम्बा बेचबिखन गर्ने गरेको विषयमा जानकारी गराएको कारण झुठा जाहेरी दिएको भनी लेखाएको पाइने ।

अब, मुलुकी ऐन, चोरीको महलको ४ नं. मा उल्लिखित व्यवस्थाको रोहमा हेर्दा पनि उक्त महलको ४ नं. मा उल्लेख भएजस्तो कुटपिट भएको, हातपात गरेको, बाँधे थिचेको वा जिउ ज्यान लिनेसम्मको जोखिम अङ्ग भङ्ग गर्ने डर त्रास देखाएको भन्ने स्थिति देखिँदैन । भित्र बसेको मानिस निस्कन नहुने गरी ढोका बन्द गरी चोरी गरेको भन्ने पनि देखिँदैन । यो स्थितिमा प्रस्तुत वारदातलाई जबरजस्ती चोरीको कसुर मान्न सकिने अवस्था देखिन आएन ।

अब, सुरू जिल्ला अदालतको फैसला सदर गर्ने उच्च अदालतको फैसला मिलेको देखिन्छ वा देखिँदैन भन्ने अर्को प्रश्नमा विचार गर्दा माथिका प्रकरणहरूमा उल्लेख गरिएबमोजिमको विश्लेषण विवेचनाबाट प्रस्तुत अभियोग पत्रमा उल्लिखित वारदात मुलुकी ऐन, चोरीको महलअन्तर्गतको कसुर कायम हुने स्थितिको नदेखिएको र प्रस्तुत वारदातलाई मुलुकी ऐन, लुटपिटको महलअन्तर्गत को कसुर मानी लुटपिटतर्फ परिणत गर्ने गरी सुरू जिल्ला अदालत तथा उच्च अदालतबाट फैसला भएकै देखिएको छ । यो स्थितिमा उच्च अदालतको उक्त फैसलालाई पनि नमिलेको मान्न मिलेन ।

यस प्रकार माथिका विभिन्न प्रकरणहरूमा उल्लेख भएबमोजिमको प्रमाणहरूको रोहमा प्रतिवादीहरूका हकमा मुलुकी ऐन, चोरीको महलको १४(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी नपुग्ने भई प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाई प्रस्तुत मुद्दा तत्काल प्रचलित सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम लुटपिटमा परिणत हुने र जाहेरवाला सकार गर्न आएमा यसै मुद्दाबाट कारबाही गर्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७२/३/२२ मा भएको फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७३।११।०२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : नम्रता गैरे
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७८ साल चैत्र २८ गते रोज २ शुभम् ।

## २१

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CR-०६९६, डाँका, नेपाल सरकार वि. रूपेसकुमार साहसमेत*

प्रतिवादीहरू रूपेसकुमार साह, जितेन्द्रकुमार गिरी, शिवकुमार महतो र मोहनकुमार साहले मिति २०६९।९।२६ गते जाहेरवाली रामकुमारी महरा (मोची) ले विदेशबाट आएको पैसा मनि ट्रान्सफरबाट निकाली घरतर्फ आउँदै गरेको अवस्थामा सिराहा जिल्ला कल्याणपुर गा.वि.स. वडा नं. ६ स्थित बाटोमा दिउँसो करिब १४:०० बजेको समयमा जाहरेवालीलाई लछार पछार गरी हतियारसमेत देखाई निज जाहेरवालीको साथमा रहेको नगद रू. ५००।- दरका १०० थान नोटको स्टिकर लगाएको बिटोसहित रू. ५२,०००।-

र सुनका गरगहनासमेत लुटपाट डाँका गरी लगेको भनी किटानी जाहेरी परेको देखिन्छ र प्रतिवादी शिवकुमार महतोको घरबाट रू. ५०,०००।- बरामद भएको पनि देखिन्छ । तर स्वयं जाहेरवालीले अदालतमा बकपत्र गर्दा आफ्नो रकम डाँका भएको तथ्यलाईसम्म पुष्टि गरी बकपत्र गरिदिएको भए पनि यी प्रतिवादीहरूले डाँका गरी लगेको होइन भनी प्रतिवादीहरूलाई सफाइ दिई लेखाएको देखिन्छ । निज जाहेरवालीले आफ्नो डाँका गरी लगेको रकमको बिगो नै पनि सुरू जाहेरीमा रू.५०,०००।- डाँका गरी लगेको भनी उल्लेख गरेकोमा अदालतमा बकपत्र गर्दा रू.५२,०००।- डाँका गरी लगेको भन्ने उल्लेख गरी डाँका गरी लगेको रकमको अङ्कमा पनि विरोधाभासपूर्ण बेहोरा लेखाएको देखिन्छ। शिवकुमार महतोको घर कोठाबाट बरामद भएको रकम हेर्दा ग्लोबल आइएमइ बैङ्क लि. को स्टिकर लागेको अवस्थाको रहेको देखिन्छ जबकि डाँका गरी लगेको भनिएको रकम राजाराम मनी ट्रान्स्फरबाट निकालिएको भन्ने देखिन्छ। यो स्थितिमा रकम निकालिएको भनिएको संस्था र बरामद भएको भनिएको रकममा लागेको स्टिकरबिच सामञ्जस्यता देखिएको अवस्था देखिँदैन । जाहेरवालाले अदालतमा बकपत्र गर्दा जाहेरी बेहोरा नै आफ्नो होइन भनी जाहेरी बेहोरालाई नै इन्कार गरेको देखिन्छ । प्रतिवादीहरू अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निजका साक्षीहरूले सफाइ दिई बकपत्र गरिदिएको देखिन्छ। वस्तुत: वारदातको समय र स्थान हेर्दा सार्वजनिक सडकमा दिनको १४:०० बजे डाँका गरी लगेको भनी देखाइएको छ तर निजको भनाइ अनुसार यदि डाँका वारदात भएकै भए दिउँसोको समयमा यतिका प्रतिवादीहरू भई डाँका वारदात गरेको कुरा देख्ने चस्मदिद व्यक्तिहरू पनि रहेको हुनुपर्नेमा सोबमोजिमको प्रत्यक्षदर्शी व्यक्तिहरू पनि कोही रहेको नदेखिने ।

अभियुक्तउपर लगाइएको अभियोग वादी पक्षले शंकारहित तवरबाट पुष्टि गर्नुपर्ने हुन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ" भन्ने स्पस्ट व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा जाहेरवालाको रकम यी प्रतिवादीहरूले नै डाँका गरी लगेको भन्ने सम्बन्धमा एउटा महत्त्वपूर्ण प्रमाणको रूपमा जाहेरवालाको जाहेरी रहेको देखिन्छ तर निजै जाहेरवालाले अदालतमा बकपत्र गर्दा सुरूको जाहेरी बेहोरालाई निजै जाहेरवालाले खण्डन गरेको अवस्था देखिँदा जाहेरवालाको सुरू जाहेरी पनि प्रमाणग्राह्य नरहेको देखिन्छ । योबाहेक को अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट प्रतिवादीहरूले कसुर गरेको देखिन आएको अवस्था छैन। जाहेरवालीले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूले डाँका गरेको नभई नचिनेका दुई जना व्यक्तिले लुटपाट गरेको भनी उल्लेख गरेको र ती २ जना भनिएका व्यक्तिहरूलाई अनुसन्धानको दायरमा ल्याइएको देखिँदैन । मौकामा कागज गर्ने मानिसहरू अदालतमा उपस्थित भई बकपत्र गर्नसकेको देखिँदैन । यो स्थितिमा जाहेरवालाकै अदालतमा भएको बकपत्रबाट खण्डित हुन पुगेको सुरूको जाहेरी मात्रको भरमा प्रतिवादीहरूलाई डाँकाजस्तो गम्भीर कसुरको कसुरदार ठहर गर्न सकिने अवस्था नदेखिने।

यी प्रत्यर्थी / प्रतिवादीहरूले अभियोग दाबी अनुसार जाहेरवालीको साथबाट नगद र सुनका गरगहनासमेत लुटपाट डाँका चोरी गरेको भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७३।१२।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

इति संवत् २०७८ साल चैत्र २८ गते रोज २ शुभम्।

## २२

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-०४९८, जबरजस्ती चोरी, नेपाल सरकार वि. विक्रम तामाङसमेत*

प्रतिवादीहरू आइतेसिंह तामाङ र विक्रम तामाङ मिति २०७१।३।१३ गते बेलुका ९:३० बजेको

समयमा जाहरेवाली हिमा कार्कीको घरमा प्रवेश गरी जाहेरवालीलाई कुटपिट गरी निजले लगाएका गहना जबरजस्ती खोसी बाकसमा राखेको नगदसमेत चोरी गरी लगेको भनी किटानी जाहेरी परेको र सो जाहेरी बेहोरा समर्थन हुने गरी जाहेरवाली पीडितले अदालतमा बकपत्रसमेत गरेको अवस्था देखिन्छ । साथै घटनाका सम्बन्धमा घटना विवरण कागज गर्ने मानिसहरूले समेत प्रतिवादीहरूले जाहेरवालीलाई कुटपिट गरी निजले लगाएको गहना र बाकसमा राखेको नगदसमेत चोरी गरी लगेको सुनेको भनी लेखाएको र उक्त बेहोरा समर्थन हुने गरी अदालतमा बकपत्रसमेत गरेको ।

तर जाहेरीमा उल्लेख भएबमोजिमको घटना मिति २०७१।३।१३ मा भएको भनिएकोमा आफूले चिनेका प्रतिवादीहरूलाई पोल गरी वारदात भएको करिब ५ दिनपछि अर्थात् मिति २०७१।३।१८ मा मात्र जाहेरी परेको देखिन्छ । वारदात भएको ५ दिन ढिला गरी जाहेरी दिनुको कारण जाहेरवाली तथा वादी पक्षले पेस गर्न एवम् खुलाउनसकेको देखिँदैन । साथै प्रतिवादीहरूले माडवारी थान-२, घाँटीमा लगाउने मंगलसूत्र थान-१ तथा नगद रू. ३०,०००।- समेत चोरी गरी लगेको भनी जाहेरीमा उल्लेख भएकोमा प्रतिवादीहरूका साथबाट उक्त कुनै पनि दशीका धनमाल बरामद हुनसकेको अवस्था देखिँदैन । प्रतिवादीहरू अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा र अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निज प्रतिवादीहरूका साक्षी नानीकाजी तामाङ, दोर्जे तामाङ, कमला तामाङ र सरकास पाख्रिनले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूलाई कसुरबाट सफाइ दिई बकपत्र गरिदिएको देखिने ।

माथि उल्लेख भएजस्तै जाहेरवालाले प्रतिवादीहरू दुवै जनाउपर किटानी जाहेरी दिएको भन्ने भए पनि सुरूको जाहेरीमा कानमा लगाउने माडवारी र मंगलसुत्रका साथै नगद रू. ३०,०००।- जबरजस्ती चोरी गरेको भनी उल्लेख भएकोमा अदालतमा बकपत्र गर्दा सुरू जाहेरी बेहोराभन्दा फरक बेहोरा माडवारी र तिलहरी भनी उल्लेख गरेको तर नगदको हकमा पनि सुरू जाहेरीमा रू. ३०,०००।- भनी उल्लेख भएकोमा अदालतमा बकपत्र गर्दा रू.५०,०००।- भनी उल्लेख गरेको देखिन्छ । सुरू जाहेरीमा आइतेसिंह तामाङ र विक्रम तामाङ दुई जनाउपर किटानी जाहेरी परेको र सनाखतसमेत गरेकोमा अदालतमा बकपत्र गर्दा एक जना आइतेसिंह तामाङ हो, अर्को थाहा भएन भनी लेखाएको देखिन्छ । यो स्थितिमा जाहेरी बेहोरा नै पनि अविश्वसनीय रहेको मान्नुपर्ने ।

घटना विवरण कागज गर्ने हरिबहादुर कार्कीले लेखाउँदा जबरजस्ती चोरी गर्नेमा जाहेरवालाले आइतेसिंह तामाङको नाम लिएकोमा निर्मला तामाङले बिक्रम पनि रहेको भनी उल्लेख गरेको भन्ने बेहोरा लेखाएको देखिन्छ तर मौकामा कागज गर्ने निर्मला तामाङ घटनाका प्रत्यक्षदर्शी नभई भोलिपल्ट मात्र घटनास्थलमा पुग्ने व्यक्ति रहेको देखिन्छ । साथै निज निर्मला तामाङ स्वयंले कागज गर्दा भने भोलिपल्ट गई जाहेरवालासँग सोध्दा आइतेसिंह तामाङ र विक्रम तामाङ दुवै जनाले सुनको धनमाल र नगद रू. ३०,०००।- जबरजस्ती चोरी गरेको बताएको भनी लेखाएको देखिएकोमा अदालतमा बकपत्र गर्दा नगदका हकमा रू.६०/७० हजार रूपियाँ भनी लेखाएको देखिन्छ । घटना विवरण कागज गर्ने हरिबहादुर कार्की, यामबहादुर तामाङ, भुपालकुमार कार्की, कुमार कार्की र मोहन कार्कीसमेतको बकपत्र भएकोमा यिनीहरूको भनाइ एकआपसमा विरोधाभाष रहेको देखिन्छ । जस्तो हरिबहादुर कार्कीले चोरी भएको धनमालमा माडवारी र मंगलसूत्र भनेको देखिएकोमा यामबहादुर तामाङले बकपत्र गर्दा माडवारी र तिलहरी भनी उल्लेख गरेको देखिन्छ । भुइपालकुमार कार्कीले नगद रू.३०,०००।- चोरी गरी लगेको भनेकोमा कुमार कार्कीले बकपत्र गर्दा ३०/३२ हजार भनी उल्लेख गरेको देखिने ।

तसर्थ, माथिका विभिन्न प्रकरणहरूमा उल्लेख भएबमोजिम प्रतिवादीहरूउपर जाहेरवालाको

किटानी जाहेरी परेको देखिएको भए पनि निजको सुरू जाहेरी बेहोरा र अदालतमा भएको बकपत्र बेहोरा विरोधाभासपूर्ण रहेको देखिएको, सुरू जाहेरीमा प्रतिवादीहरू दुवै जनाउपर किटानी जाहेरी परेकोमा अदालतमा बकपत्र गर्दा आइतेसिंह तामाङ १ जना मात्रको नाम उल्लेख गरेको देखिएको, प्रतिवादीहरू कसुरमा इन्कार रही बयान गरेको, प्रतिवादीहरूबाट चोरी भयो भनिएको कुनै धनमाल बरामद भएको अवस्था नदेखिएको, प्रतिवादीका साक्षीहरूको बकपत्र हुँदा आ–आफ्नो पक्षलाई सफाइ दिई लेखाएको देखिएकोसमेतका आधार प्रमाणबाट प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७३।१०।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

इति संवत् २०७८ साल चैत्र २८ गते रोज २ शुभम्।

**२३**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७४–CR–१००१, नकबजनी चोरी, अजय पुरी वि. नेपाल सरकार*

प्रतिवादीहरू सुवास नेपाली, प्रवेश तामाङ, दोर्जे भन्ने विशाल राई दनुवार, अश्विन थापामगर, चन्द्रबहादुर श्रेष्ठ, चन्द्रबहादुर बस्नेत, रूपेस कार्की र युवराज कार्कीले उच्च अदालत पाटनको फैसलाउपर पुनरावेदन गरेको नदेखिँदा त्यसतर्फ विवेचना गर्नुपर्ने देखिएन। पुनरावेदक प्रतिवादीले आफ्नो पुनरावेदनमा लिएको जिकिरका सम्बन्धमा विचार गर्दा जाहेरवाला राजिव अधिकारीको कोठाबाट चोरी भएका कम्प्युटर थान २ लगायतका सामान केशव बस्नेतको कोठाबाट बरामद भएको तथ्य बरामदी मुचुल्काबाट स्थापित भएको देखिन्छ। निज केशव बस्नेतको कागज हुँदा उक्त सामान भान्जा नाता पर्ने पुनरावेदक / प्रतिवादी अजय पुरीले राखेको भनी कागज गरेको देखिन्छ। सो तथ्यमा यी प्रतिवादीकोसमेत अन्यथा भनाइ रहेको देखिँदैन। पुनरावेदक / प्रतिवादी अजय पुरी स्वयंले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा उक्त सामान आफ्ना चिनजानका भाइ चन्द्रबहादुर बस्नेतसमेतले चोरीको धनमाल बेच्ने क्रममा उक्त २ थान कम्प्युटरलगायतका सामान रू. ४०,०००।- मा खरिद गरी मामा नाताका केशव बस्नेतको कोठामा राखिदिन भनी राखेको हो भनी लेखाएको देखिन्छ। प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पनि आफूहरूले चोरेको सामान यी प्रतिवादी अजय पुरीलाई बिक्री गरेको भनी लेखाइदिएको देखिएको छ। चोरीको सामान बरामद भएको स्थिति, यी प्रतिवादी स्वयंले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा चोरीको सामान आफूले खरिद गरेको तथ्यलाई स्वीकार गरी बयान गरेको स्थिति र प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पनि निजहरूले चोरेको सामान यी प्रतिवादीलाई बिक्री गरेको भनी लेखाइदिएको स्थितिमा यी प्रतिवादीले चोरीको धनमाल खरिद गरेको कुरा स्थापित भएको मान्नुपर्ने देखियो। वास्तवमा यो हदसम्मको बेहोरामा यी प्रतिवादीले आफ्नो पुनरावेदनमा पनि स्वीकारै गरेको देखिने।

जहाँसम्म बरामद भएको धनमाल आफूले चोरीको भनी खरिद गरेको नभई पछि फिर्ता गर्ने गरी धितोमा राखेको भन्ने निजको जिकिर रहेको छ। सो सम्बन्धमा विचार गर्दा पनि अदालतमा बयान गर्दाको अवस्थासम्म यी प्रतिवादीले बरामदी धनमाल धितोमा राखेको भनी उल्लेख गरेको भए पनि मौकामा बयान गर्दा यस्तो बेहोरा लेखाउनसकेको पाइँदैन। अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा खरिद गरेको भनी उल्लेख गरेकोमा अनुसन्धान अधिकारीसमक्षको उक्त बयान बेहोरा आफ्नो स्वेच्छा विरूद्धको हो भनी अन्यथा प्रमाणित गर्न सकेको पनि देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा ७(क) बमोजिम कुनै व्यक्तिको साथमा चोरीको सम्पत्ति छ भन्ने देखिन्छ भने त्यस्तो सम्पत्ति सो व्यक्तिले चोरेको वा चोरीको भन्ने जानी जानी खरिद गरेको हो भनी अदालतले अनुमान गर्नुपर्ने व्यवस्था भएको देखिन्छ। प्रस्तुत मुद्दामा चोरीको धनमाल यी

प्रतिवादीको साथबाटै बरामद भएको अवस्था नभए पनि निजले राख्न दिएको ठाउँबाट बरामद भएको र सो तथ्यलाई इन्कार नगरेको हुँदा निजको साथबाटै बरामद भएसरहको अवस्था देखिएको छ । प्रमाण ऐनको दफा २९ ले कसैले अदालतले गरेको अनुमान खण्डन गर्न चाहेमा सोको प्रमाण पुऱ्याउने भार सोही पक्षमा रहने व्यवस्था गरेको देखिन्छ । सोबमोजिमको प्रमाणको भार यी प्रतिवादीले पुऱ्याउनसकेको देखिँदैन । यसका अतिरिक्त धनमाल बेच्ने भनिएका प्रतिवादीहरूले नै बरामदी धनमाल धितोमा राखेको भन्ने बयान नगरी यी प्रतिवादीलाई बिक्री गरेको भनी बयान गरेकोबाट यी प्रतिवादीले खरिद गरेको होइन, धितोमा राखेको हो भनी लिएको जिकिर समर्थित हुनआएको देखिन नआउने ।

तसर्थ, माथि विवेचित आधार, कारण एवम् प्रमाणका आधारमा यी पुनरावेदक/प्रतिवादीलाई चोरीको सामान चोरीको भन्ने जानी जानी खरिद गरेको भनी मुलुकी ऐन, चोरीको महलको २३ नं. बमोजिमको कसुरमा सोही महलको २४ नं. बमोजिम बिगो रू. ६०,०००।- कायम गरी सजाय हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला निजको हकमा सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७८ साल चैत्र २८ गते रोज २ शुभम् ।

**२४**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-१००२, नकबजनी चोरी, अजय पुरी वि. नेपाल सरकार*

मिसिल संलग्न कागजातहरू अध्ययन गर्दा जाहेरवाला विष्णुकुमारी वैदावारको कोठाबाट चोरी भएका सुनका गरगहनालगायतका सामानमध्ये सुनकोजस्तो देखिने औँठी लक्ष्मी खड्काको कोठाबाट बरामद भएको कुरा बरामदी मुचुल्काबाट देखिएको छ । लक्ष्मी खड्काको कोठाबाट बरामद भएको उक्त औँठी यी प्रतिवादीले राख्न दिएको भन्ने तथ्य पनि स्थापित रहेको देखिन्छ । अन्य प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा चोरीको धनमालमध्येको बरामद यो औँठी प्रतिवादी सुवास नेपालीलाई राख्न दिएको भनी लेखाएको र प्रतिवादी सुवास नेपालीले बयान गर्दा यी प्रतिवादी अजय पुरीलाई बिक्री गरेको भनी लेखाएको देखिन्छ । यी प्रतिवादी स्वयंले पनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सुवास नेपालीबाट आफूले सामान खरिद गर्ने गरेको र बरामदी सामान पनि निजबाट खरिद गरेको तथ्यलाई स्वीकार गरी लेखाएको देखिन्छ । अनुसन्धान अधिकारीसमक्षको आफ्नो बयानलाई स्वेच्छा विरूद्धको हो भनी यी प्रतिवादीले अन्यथा प्रमाणित गर्नसकेको देखिँदैन । यो स्थितिमा बरामदी सामान चोरीको धनमाल भएको र उक्त सामान यी प्रतिवादीले सुवास नेपालीबाट खरिद गरेको कुरा स्थापित हुनआएको मान्नुपर्ने देखिने ।

जहाँसम्म बरामद भएको धनमाल आफूले चोरीको भनी खरिद गरेको नभई पछि फिर्ता गर्ने गरी धितोमा राखेको भन्ने निजको जिकिर रहेको छ । सो सम्बन्धमा विचार गर्दा पनि अदालतमा बयान गर्दाको अवस्थामा सम्म यी प्रतिवादीले बरामदी धनमाल धितोमा राखेको भनी उल्लेख गरेको भए पनि मौकामा बयान गर्दा यस्तो बेहोरा लेखाउन सकेको पाइँदैन । अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सुवास नेपालीबाट सामान खरिद गर्ने गरेको भनी उल्लेख गरेकोमा अनुसन्धान अधिकारीसमक्षको उक्त बयान बेहोरा आफ्नो स्वेच्छा विरूद्धको हो भनी अन्यथा प्रमाणित गर्नसकेको पनि देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा ७(क) बमोजिम कुनै व्यक्तिको साथमा चोरीको सम्पत्ति छ भन्ने देखिन्छ भने त्यस्तो सम्पत्ति सो व्यक्तिले चोरेको वा चोरीको भन्ने जानीजानी खरिद गरेको हो भनी अदालतले अनुमान गर्नुपर्ने व्यवस्था भएको देखिन्छ । प्रस्तुत मुद्दामा चोरीको धनमाल यी प्रतिवादीको साथबाटै बरामद भएको अवस्था नभए

पनि निजले राख्न दिएको ठाउँबाट बरामद भएको र सो तथ्यलाई इन्कार नगरेको हुँदा निजको साथबाटै बरामद भएसरहको अवस्था देखिएको छ । प्रमाण ऐनको दफा २९ ले कसैले अदालतले गरेको अनुमान खण्डन गर्न चाहेमा सोको प्रमाण पुऱ्याउने भार सोही पक्षमा रहने व्यवस्था गरेको देखिन्छ । सोबमोजिमको प्रमाणको भार यी प्रतिवादीले पुऱ्याउन सकेको देखिँदैन । यसका अतिरिक्त धनमाल बेच्ने भनिएका प्रतिवादीले नै बरामदी धनमाल धितोमा राखेको भन्ने बयान नगरी यी प्रतिवादीलाई बिक्री गरेको भनी बयान गरेकोबाट यी प्रतिवादीले खरिद गरेको होइन, धितोमा राखेको हो भनी लिएको जिकिर समर्थित भएको नदेखिने ।

तसर्थ, माथि विवेचित आधार कारण एवम् प्रमाणका आधारमा यी पुनरावेदक/प्रतिवादीलाई चोरीको भन्ने जानीजानी चोरीको सामान खरिद गरेको प्रमाणित भएको भनी मुलुकी ऐन, चोरीको महलको २३ नं. बमोजिमको कसुरमा सोही महलको २४ नं. बमोजिम बिगो रू. १००/- कायम गरी सजाय हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला निजको हकमा सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७८ साल चैत्र २८ गते रोज २ शुभम् ।

## इजलास नं. १

### २५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WO-११३१, परमादेशसमेत, अजय बुढाथोकीसमेत वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको के कुन मितिको निर्णयले कोभिड-१९ बाट पीडित बिरामीहरूलाई दाबीबमोजिमको बेड चार्ज तोकिएको हो सो उल्लेख गर्नसकेको देखिँदैन । निवेदकले आफ्नो दाबी प्रस्टरूपमा उल्लेख गरी आउनुपर्नेमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको निर्णय मिति खाली राखी उल्लेख नै गर्न नसकेको निर्णय मितिलाई उक्त मितिको निर्णय उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने दाबी आफैँमा मनासिब रहेको देखिएन । निवेदकले कुनै विषयलाई सार्वजनिक सरोकारको विवाद भनिसकेपछि सो दाबी पुष्टि गर्ने यथेष्ट प्रमाणसमेत समावेश गरी अदालत प्रवेश गर्नुपर्नेमा सो नगरी निर्णय मितिसमेत उल्लेख गर्न नसकी प्रस्तुत निवेदन लिएर हतारमा अदालत आएको देखिने ।

कोभिड बिरामीको उपचारमा चर्को सेवा शुल्क लिनुले धारा ३५ ले व्यवस्था गरेको स्वास्थ्यसम्बन्धी हकको हनन भइरहेको हुँदा सर्वसुलभ र सबैले आर्थिक रूपले बेहोर्नसक्ने स्वास्थ्य उपचारको यथोचित व्यवस्था गरी मौलिक हकको प्रचलन गर्न नागरिकले अस्पतालमा कोभिडको उपचार गर्दा लाग्ने खर्च सरकारबाटै बेहोर्ने व्यवस्था मिलाउन विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउँमा परमादेश आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबीतर्फ हेर्दा, के कुन हस्पिटलले कहिले को कसको उपचार गर्दा निर्धारित शुल्कभन्दा बढी शुल्क लिएको हो भन्ने सम्बन्धमा निवेदकले कहीँकतै कुनै तथ्य बेहोरा उल्लेख गर्नसकेको देखिँदैन । सो सम्बन्धमा कोभिड-१९ लगायत अन्य जुनसुकै रोगको परीक्षण तथा उपचारमा समेत प्रचलित कानूनबमोजिम निर्धारण गरिएको शुल्कभन्दा बढी वा अन्य शुल्क कोही कसैले लिन मिल्दैन हुँदैन । त्यसरी लिएको अवस्थामा सम्बन्धित नियामक निकायबाट त्यस्ता अस्पताल तथा संलग्न व्यक्तिहरूलाई कानूनबमोजिम कारबाही हुनुपर्दछ । तत्सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट कारबाही अघि बढिसकेको छ भन्ने नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा उल्लेख भएको देखिँदा सो बेहोरालाई अन्यथा मान्नुपर्ने अवस्था देखिँदैन । यसस्थितिमा प्रस्तुत निवेदन दाबीबमोजिम परमादेशको आदेश जारी गरिरहनुपर्ने नदेखिने ।

कोभिड महामारीका सन्दर्भमा महामारी चरमउत्कर्षमा पुगेको बखत सङ्क्रमित बढेको स्थितिमा सरकारीलगायत निजी स्वास्थ्य संस्थाबाट बेड भर्ना भएका बिरामीको लागि लिने शुल्क सर्वसाधरणको पहुँचभन्दा बाहिर भई महङ्गो भएकोले सो व्यवस्था खारेजी गरी सुपथ र सहजरूपमा कोभिड बिरामीको उपचारका लागि उपर्युक्त आदेशसमेत जारी गरिपाउन निवेदकले मागदाबी गरेको देखियो । हाल कोभिड महामारी निर्मूल नभए पनि निवेदकले उठान गर्नुभएको परिस्थितिमा बदलाव आई कोभिड बिरामीको सङ्ख्या र बेड भर्ना हुने बिरामीको सङ्ख्यासमेत न्यून भइसकेको देखिन्छ । निवेदकले उठाउनुभएको कोभिड बिरामीको बेड चार्जको विषयमा नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट नियमित रूपमा अनुगमन भइरहेको, सहजरूपमा अक्सिजन आपूर्तिको व्यवस्था मिलाइएको र कोभिड बिरामीका लागि दक्ष र विशेषज्ञ चिकित्सकसहितको व्यवस्था मिलाइएको भन्ने लिखित जवाफमा उल्लेख भएकाले सोबमोजिमका काम कारबाहीहरू भएको छैन भनी अनुमान गर्न मिल्ने देखिँदैन । यसरी निवेदनमा उठाइएको विषयवस्तु र परिस्थितिमा आएको भिन्नता र नेपाल सरकारले निवेदनमा उठाएका विषयहरू सम्बोधन भएको र जनताको स्वास्थ्यसम्बन्धी विषयमा संवेदनशीलतापूर्वक कार्य गरिरहने प्रतिवद्धतासमेत जनाएकोले प्रस्तुत रिट निवेदन प्रयोजनहीन भइसकेको देखिँदा प्रस्तुत निवेदन मागदाबीबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ साउन १८ गते रोज ४ शुभम् ।

## २६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-CI-०२६४, उत्प्रेषणमिश्रित परमादेश, हरिराम चौधरी वि. दिनेश कुर्मीसमेत*

निवेदक हरिराम चौधरी जनज्योती नि.मा. वि.को प्रधानाध्यापक भई कामकाज गरिआएकोमा निजलाई हटाई राम किशोर वढईलाई निमित्त प्रधानाध्यापक दिएको कुरा रिट निवेदन तथा लिखित जवाफ बेहोराबाट देखिन आयो। मिति २०७६।०७।२९ मा अभिभावक भेला गर्दा सो विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा भेला बसी यी निवेदक सदस्य सचिवको हैसियतमा रही सही गरेको देखिन्छ। अर्थात् सो भेलामा विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र अभिभावकहरूसमेतको उपस्थिति रही सो भेलाको बैठक यी निवेदकसमेतको उपस्थितिमा गरेको भन्ने अदालतमा पेस हुन आएको माइन्युट बुकको छायाँ प्रतिबाट देखिन्छ । निवेदकले विद्यालयको माइन्युट पुस्तिका एवम् विद्यालयको छापसमेत विपक्षी अध्यक्षको घरमा लगी विपक्षीहरूले निर्णय लेखेको हो, माइन्युट पुस्तिकाको शिर पुच्छारमा मेरो सही छैन भनी निवेदन जिकिर लिएको भए तापनि मिति २०७६।०७।२९ को माइन्युटमा भएको सदस्य सचिवको स्थानमा लेखिएको हस्ताक्षर आफ्नो नभएको भनी निवेदनमा जिकिर लिनसकेको देखिँदैन । सो माइन्युट पुस्तिकाको निर्णयको अन्त्यमा यी निवेदकको सही नभएको भनी निवेदनमा उल्लेख गरेको बेहोराको आधारमा मात्र उक्त माइन्युटलाई अन्यथा मान्न मिल्ने अवस्था नहुँदा यस अदालतबाट प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्न अनुमति प्रदान गर्न लिएको आधारसँग सहमत हुन सकिएन । तसर्थ, मिति २०७६।०७।२९ मा यी निवेदकको समेत उपस्थितिमा भएको निर्णयलाई कानून प्रतिकूलको र सुनुवाइको मौका प्रदान नगरी भएको मान्न मिल्ने नदेखिने ।

शिक्षा नियमावली, २०५९ को नियम ९३(९) मा भएको कानूनी व्यवस्थालाई हेर्दा "प्रधानाध्यापकले

आफूले गरेको कार्यदक्षता करारबमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा सम्बन्धित निरीक्षकले दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा जिल्ला शिक्षा अधिकारीले निजलाई प्रधानाध्यापकको पदबाट जहिलेसुकै हटाउन सक्ने छ । तर समुदायद्वारा सञ्चालित विद्यालयको प्रधानाध्यापकको हकमा उल्लिखित आधारमा व्यवस्थापन समिति आफैँले हटाउन सक्ने छ" भन्ने उल्लेख छ । त्यस्तै ऐ.नियमको उपनियम (१०) मा "उपनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियमबमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन" भन्ने उल्लेख देखिन्छ । प्रस्तुत निवेदन सन्दर्भमा निवेदक हरिराम चौधरी मिति २०७६।७।२९ को विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा भएको विद्यालय व्यवस्थापन समितिको सो बैठकमा सदस्यहरू र अभिभावकहरूसमेत भेलामा भई स्वयं आफैँ सदस्य सचिवको हैसियतबाट उपस्थित भएको देखिन्छ । आफूलाई सो प्रधानाध्यापकबाट हटाई (निलम्बन) गरी सो पदमा अर्का शिक्षक राम किशोर वढईलाई नियुक्ति गरेको निर्णयमा यी निवेदकसमेत संलग्न भई गरेको देखिन्छ। आफ्नो अनुकूल निर्णय नभएपछि सुनुवाइको मौका पाइन भन्ने भनाइ निवेदक स्वयं उपस्थित भएर गरेको सो निर्णयबाटै खण्डित भएको छ। जहाँसम्म सो निर्णय कानूनविपरीत छ भन्ने निवेदकको भनाइ छ सो सम्बन्धमा हेर्दा उल्लिखित कानूनी व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समितिलाई प्रधानाध्यापकको कार्य सन्तोषजनक नभए वा आचरण खराब भएमा प्रधानाध्यापकबाट हटाउन पाउने कानूनी अधिकार प्रदान गरेको देखिन्छ । यसरी कानूनमा भएको व्यवस्थाबमोजिम निवेदक स्वयंको उपस्थितिमा भएको निर्णयबाट निवेदकले सुनुवाइको मौका नपाएको भन्ने अवस्थासमेत रहेको नदेखिएको हुँदा उक्त निर्णयबाट निवेदकको संवैधानिक एवम् कानूनी हकमा असर परेको अवस्थासमेत नदेखिने।

तसर्थः माथि उल्लिखित आधार कारण र कानूनी व्यवस्थासमेतबाट प्रधानाध्यापकको काम सन्तोषजनक नभए वा आचरण खराब भएमा विद्यालय व्यवस्थापन समितिले जहिलेसुकै हटाउन पाउने नै देखिँदा मिति २०७६।०७।२९ मा यी निवेदकसमेत स्वयं सदस्य सचिवको हैसियतमा बसी यी निवेदकलाई प्रधानाध्यापक पदबाट हटाई अर्का शिक्षक रामकिशोर वढईलाई निमित्त प्रधानाध्यापक पदमा नियुक्ति गर्न गरिएको निर्णयबाट यी निवेदकको संवैधानिक र कानूनी हक हनन भएको अवस्था नदेखिँदा सो मिति २०७६।०७।२९ को विद्यालय व्यवस्थापन समितिको निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई प्रधानाध्यापक पदमा यथावत् कायम रहने गरी परमादेश जारी गरिपाउँ भनी दिएको रिट निवेदन खारेज हुने ठहरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको मिति २०७६।११।२१ को आदेशमा कुनै कानूनी त्रुटि नभई मिलेकै देखिँदा सदर हुने। उच्च अदालत तुलसीपुर, बुटवल इजलासको सो निर्णय बदर गरी निवेदन मागदाबी अनुसार गरिपाऊँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी

इति संवत् २०७९ साउन २० गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७७-WO-०२०२, उत्प्रेषण, उत्प्रेषणयुक्त / परमादेशलगायत अन्य उपर्युक्त आवश्यक आज्ञा आदेश जारी गरिपाऊँ, कपिलवस्तु जिल्ला विजयनगर गाउँपालिका कपिलवस्तुसमेत
- ०७७-MS-००११, अदालतको अवहेलना, हरिराम चौधरी वि. अध्यक्ष गोपालबहादुर थापा मगर, विजयनगर गाउँपालिका, कपिलवस्तुसमेत

**इजलास नं. ३**

**२७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७४-CR-००३५, चेक अनादर, देवेन्द्रजंग कार्कीसमेत वि. शेम महर्जन*

विवादित रू.५,००,०००।– को चेक Well Done Advertising नामक संस्थाको NMB Bank Ltd. मा रहेको खाताको चेक प्रतिवादीमध्येकी निती शाह कार्कीले हस्ताक्षर गरी चेक काटेको र सो चेकअनुसारको रकम भुक्तानी हुन नसकी चेक अनादर भएको कुरामा विवाद देखिएन । प्रत्यर्थीबाट कुनै रकम बुझी नलिएको, कारोबारका क्रममा निज वादी आफूहरूले सञ्चालन गरेको व्यवसायमा साझेदारी रहेको, निजसँग मनमुटाव भएको, चेकमा प्राप्तकर्ताको नाम र अङ्क अक्षरसमेत नभरी सहीछाप गरी प्रतिवादी निती शाह कार्कीले निजका पति सहप्रतिवादी देवेन्द्रजंग कार्कीलाई कारोबारमा सजिलो होस् भन्ने हेतुले दराजमा राखेका चेक विपक्षी वादीले निकाली लगेको भन्नेसमेत पुनरावेदक/प्रतिवादीहरूको जिकिर रहेको देखियो । तर प्रतिवादीहरूले लिएको उपर्युक्त अनुसारको निर्दोषिताको जिकिर कुनै प्रमाणबाट समर्थित हुन आएको देखिएन । मिसिल प्रमाणबाट विवादित चेक अनुसारको रकम भुक्तान हुन नसकी चेक अनादर भएको प्रमाणित भएको देखिने ।

प्रतिवादीमध्येका देवेन्द्रजंग कार्की सम्बन्धमा प्रमाणको रोहमा विचार गर्दा निजले हस्ताक्षर गरी चेक काटेको भन्ने देखिँदैन । त्यस प्रकारको वादीको दाबी पनि रहेको पाइएन । चेक अनादर हुने कार्यमा निज प्र. देवेन्द्रजंग कार्कीको कुनै प्रकारको दोषी भूमिका प्रमाणित हुन आएको देखिँदैन । विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. बमोजिम चेक अनादर भएको अवस्थामा "चेक काट्ने व्यक्तिलाई" सजाय हुने हो । प्रतिवादी देवेन्द्रजंगले चेक काटेको भन्ने नदेखिँदा निजलाई कसुरदार ठहर गर्नु कानूनअनुकूल हुने देखिने ।

अत: वादीले प्रतिवादी निती शाह कार्कीबाट साँवा रू. ५,००,०००।- र सोको कानूनबमोजिमको ब्याज भराइपाउने र निज निती शाह कार्कीलाई जम्मा रू. ५,००।- जरिवाना हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७३/९/८ मा भएको फैसला सो हदसम्म मनासिब देखिँदा सदर हुने । प्रतिवादी देवेन्द्रजंग कार्कीलाई समेत कसुरदार ठहर गरेको हदसम्म सुरू तथा उच्च अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिँदा निज प्र. देवेन्द्रजंग कार्कीको हकमासम्म उल्लिखित फैसला उल्टी भई निजले वादीको दाबीबाट फुर्सद/ सफाइ पाउने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र २५ गते रोज ६ शुभम् ।

**२८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CI-०७६६, अबन्डा सम्पत्ति बन्डा गरिपाऊँ, निराला राणा वि. गायत्रीदेवी शाहसमेत*

वादी प्रतिवादीका बिचको नाता सम्बन्धको कुरामा विवाद देखिँदैन । वादीकी आमा तेजकुमारी शाह तथा प्रतिवादीहरूका पति तर्कबहादुर शाह र केशवबहादुर शाहबिच र.नं. २१८१ बाट मिति २०१७/११/१३ मा अंशबन्डाको लिखत रजिस्ट्रेसन पारित भएको तथ्यमा पनि विवाद छैन । सो बन्डापत्र लिखत अनुसार वादीकी आमा तेजकुमारी २०१७ सालमा नै निजका अन्य अंशियारसँग छुट्टिई भिन्न भएको देखिन्छ । उक्त २०१७ सालको लिखत कुनै बेहोराले बदर बातिल नभई कायम नै रहेको अवस्था हुँदा वादीकी आमा उसै बखत अंश लिई छुट्टी भिन्न भएको कुरा प्रस्ट नै छ । उल्लिखित २०१७ सालको लिखतबाट कुनै सम्पत्ति अबन्डा वा सगोलको प्रयोगमा रहेको वा गोश्वारा सम्पत्तिको रूपमा रहेको बेहोरा

उल्लेख भएको नदेखिने।

अतः यसमा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३/१२/१६ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४/१२/२८ को फैसला कानूनसम्मत भई मनासिब देखिँदा सदर हुने। वादी निराला राणाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : विजय खड्का

इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम्।

**२९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-CI-००३०, ०७६-CI-००३२, दूषित निर्णय बदरसमेत, बेखामान मानन्धरसमेत वि. ईश्वरमान मानन्धर, ईश्वरमान मानन्धर वि. पशुपतिनाथ अमालकोट कचहरी, काठमाडौंसमेत*

मिति २०७४/११/१० मा भएको नक्सा मुचुल्काबाट कहाँ, कुन ठाउँमा बाटो रहेको हो ? कति जग्गा विवादित हो ? वादी प्रतिवादी को कसको भोगमा कुन जग्गा रहेको छ ? सार्वजनिक भनिएको जग्गा कुन हो ? आदि कुराहरू नै प्रस्ट रूपमा उल्लेख भएको देखिन आएन। उच्च अदालतबाट भएको उल्लिखित नक्सा मुचुल्का हेर्दा जग्गाको वास्तविक भौतिक स्थिति नै प्रस्ट नदेखिने गरी अस्पस्ट तवरबाट नक्सा मुचुल्का भएको देखियो। यस प्रकारको नक्सा मुचुल्काबाट न्याय निरूपणमा कुनै सहयोग प्राप्त हुने स्थिति देखिँदैन। परिणामत: उच्च अदालत पाटनको मिति २०७५/३/३ को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला बदर गरिएको। अब पुनः विवादित जग्गाको वस्तुस्थिति, सोको चारकिल्लामा देखिएका घर तथा जग्गा, बाटो, सार्वजनिक कायम हुनुपर्ने भनिएको विवादित चोकको जग्गा, विवादका पक्षहरूको जग्गासमेतका सबै तथ्यगत वस्तुस्थिति प्रस्टरूपमा खुलाई, पुनः जग्गाको नापनक्सा मुचुल्का गरी, तथा अरू जे जो बुझ्नुपर्छ बुझी, कानूनबमोजिम पुनः फैसला गर्नु भनी यस अदालतमा तारिखमा रूजु हाजिर रहेका पक्षहरूलाई तारेखसमेत तोकी सुरू मिसिल र उच्च अदालतको रेकर्ड मिसिलसमेत उच्च अदालत पाटनमा पठाइदिने।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७८ साल पौष २८ गते रोज ४ शुभम्।

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-CI-१२७९, अंशचलन, रामबहादुर क्षेत्री दाहालसमेत वि. लिलाबहादुर दाहाल*

वादी प्रतिवादीबिच घरसारमा तयार भएको मिति २०७०।११।१४ को बन्डापत्र अनुसार बन्डा नगरिदिएकोले अंश मुद्दाको फिराद परेको मितिलाई मानो छुट्टिएको मिति कायम हुनुपर्छ भन्ने फिराद दाबी भए तापनि प्रस्तुत मुद्दा यस अदालतमा विचाराधीन रहेकै अवस्थामा मिति २०७४।०५।१२ मा यी वादी र प्रतिवादीबिच कि.नं.६२ बाहेकका अन्य जग्गाका सम्बन्धमा बन्डापत्रको लिखत रजिस्ट्रेसन पारित गरी अंशबन्डा गरेको देखिन आयो। बहसका क्रममा इजलाससमक्ष पेस हुन आएको उक्त बन्डापत्रको लिखतको बेहोराबाट नै निजहरू २०२५ सालदेखि मानो छुट्टिई बसेको देखिन आयो। वादीले फिरादमा बन्डा गर्न बाँकी जग्गाहरू भनी दाबी गरेका विभिन्न कित्ता जग्गामध्ये मिति २०७४।०५।१२ मा पारित उक्त बन्डापत्रको लिखत हेर्दा दाबीको कि.नं. ५१ र ७१ बाट कित्ताकाट भई कायम भएका क्रमशः कि.नं. ७३७ र १२११ का जग्गाहरू तीनै जना अंशियार वादी प्रतिवादीहरूबिच बन्डा भइसकेको देखिने।

अब बन्डा हुन बाँकी कि.नं. ६२ को हकमा विचार गर्दा, उक्त जग्गाको साबिक जग्गाधनी वादी प्रतिवादीका ठुलो बाबु रणमर्दन दाहाल र मोही पिता बीरबहादुर दाहाल रहेको देखिन्छ। मिति २०३५।११।०६ मा रणमर्दन दाहालले उक्त जग्गा प्रतिवादी लिलाबहादुर दाहाललाई हालैको बकसपत्र पारित गरिदिएको

देखियो । माथि उल्लिखित अंशबन्डाको लिखतमा वादी प्रतिवादीहरूले २०२५ सालमा छुट्टी भिन्न भई बसेको भनी स्वीकार गरिसकेको अवस्थामा सोभन्दा पछि मिति २०३५।११।०६ मा भएको लिखतमध्ये वादी प्रतिवादीका पिताले मोहीबापत पाउने कि.नं. ६२ को आधा जग्गामा मात्र वादी प्रतिवादीहरूको बराबर अंश हक लाग्ने र बाँकी जग्गाधनीका हकबाट हस्तान्तरण भएको आधा जग्गामा वादीहरूको दाबी पुग्न सक्ने देखिँदैन । यसर्थ मोहीका हैसियतले पिताले प्राप्त गर्ने कि.नं. ६२ को आधा जग्गामध्ये वादीहरूले जनही ३ भागको १ भागका दरले अंश हक पाउने ठहर गरेको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपरेन । सो फैसला उल्टी हुनुपर्छ भन्ने पुनरावेदक वादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, काठमाडौं जिल्ला डाँडापौवा गाउँ विकास समिति, वडा नं. ५ को कि.नं. ६२ को जग्गामध्ये पिताले मोहीको हक हिस्साबापत प्राप्त गर्ने २ भागको १ भागबाट वादीहरूले जनही ३ भागको १ भाग अंश पाउने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।०५।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : हरिप्रसाद आचार्य / विकाश कुमार रजक

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मंसिर २९ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-CI-१२८०, लिखत बदर, रामबहादुर क्षेत्री दाहालसमेत वि. लिलाबहादुर दाहाल
- ०७३-CR-११३८, जालसाजी, रामबहादुर क्षेत्री दाहालसमेत वि. लिलाबहादुर दाहालसमेत

### ३१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७१-CR-०४१७, ०७१-CR-०४७३, जालसाजी, हरिप्रसाद जोशी वि. तीर्थराज शाक्य, जनार्दन शर्मा वि. तीर्थराज शाक्य*

विवादित जग्गाको विषयमा चलेको यिनै पुनरावेदक प्रतिवादी गुठी संस्थान काठमाडौंसमेत प्रत्यर्थी यिनै प्रत्यर्थी वादीसमेत भएको ०७१-CI-०४१७ र ०७१-CI-०४७३ को निर्णय दर्ता बदर दर्ता मुद्दामा विवादित कि.नं. १२० को क्षेत्रफल १-०-२ जग्गा राजगुठी वा निजी गुठी के हो ? फिराद दाबी पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा जो जे बुझ्नुपर्ने प्रमाण बुझ्नुपर्छ बुझी निर्णय गर्न सुरू जिल्ला अदालतमा पठाइदिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको छ । प्रस्तुत मुद्दासमेत उक्त निर्णय दर्ता बदर मुद्दासँग अन्तरप्रभावी देखिएको हुँदा पुन: निर्णयका लागि सुरू अदालतमा पठाउने गरी भएको फैसला कानूनअनुकूल नै देखियो । तसर्थ, सुरू अदालतको फैसला बदर गरी पुन: निर्णयका लागि पठाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/३/२३ को फैसला मनासिब देखिँदा सदर हुने । गुठी संस्थानसमेतका प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल कार्तिक २० गते रोज १ शुभम् ।

### ३२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-WO-००७१, उत्प्रेषण, जयप्रसाद पौडेल वि. सञ्चालक समिति, नेपाल आयल निगम बबरमहल काठमाडौंसमेत*

प्रत्यर्थी आयल निगम ठुलो धनराशि वा मूल्यको कारोबार गर्ने सार्वजनिक संस्था हो भन्ने

कुरामा विवाद छैन । व्यापारिक प्रकृतिको कारोबार गर्ने सो निगमका सञ्चालकहरूमा पेट्रोलियम पदार्थको आयात, आपूर्ति व्यवस्था, मूल्य निर्धारण, वितरण प्रणालीलगायतका विविध विषयमा ज्ञान र अनुभवको आवश्यकता रहन्छ । विज्ञ सदस्यका हकमा उल्लिखित योग्यतासम्बन्धी सर्तहरू अझ बढी रहोस् भन्ने अपेक्षा रहनु स्वाभाविक छ । विषयगत उच्च अध्ययन गरी ज्ञान हासिल गरेको र सोसम्बन्धी विषयमा व्यावहारिक कार्यानुभव रहेको अवस्था विद्यमान नभई "विज्ञ" बन्न सकिँदैन । यो विज्ञता पदेन रूपमा प्राप्त हुँदैन; अध्ययन र अनुभवबाट आर्जन गर्नुपर्दछ । केवल एस.एल.सी. तहको शैक्षिक योग्यता हासिल गरेको र ग्रामीण खानेपानी, सरसफाइ तथा खप्तड क्षेत्रको पर्यटन विकाससम्बन्धी कुनै संस्थामा केही समय आबध्द भएको कुरालाई प्रत्यर्थी आयल निगमको "विज्ञ" सञ्चालक सदस्यका लागि आवश्यक पर्ने न्यूनतम् वाञ्छनीय योग्यता पुगेको भनी मान्न सकिँदैन । यस प्रकारको मनोनयनलाई मान्यता प्रदान गर्ने हो भने सार्वजनिक संस्थानहरूमा सुशासनको प्रत्याभूति दिने कार्य दुष्कर बन्दै जान्छ । सुशासन कुनै अलङ्कारपूर्ण विशेषणको कुरा मात्रै होइन; यसको उद्देश्यमुलक अनुशीलन व्यावहारिक जीवनमा हुनुपर्दछ । सार्वजनिक संस्थानहरूउपर केवल जागिर खाने वा खुवाउने निकायको रूपमा व्यवहार हुनु सुशासनको मर्म अनुकूल हुँदैन । प्रत्यर्थी सहदेव बोगटीले उल्लेख गरेअनुसारको योग्यता र अनुभवलाई नेपाल आयल निगम सञ्चालक समितिको "विज्ञ सदस्य" हुनका लागि आवश्यक वाञ्छनीय योग्यता हासिल गरेको भनी मान्न मिल्ने अवस्था नदेखिने ।

विवादित मनोनयनका सन्दर्भमा हेर्दा सार्वजनिक संस्थानहरूमा गरिने पदाधिकारीहरूको मनोनयन स्तरीय, उत्तरदायित्वपूर्ण, पारदर्शी र विज्ञतामा आधारित हुने गरी मनोनयन हुने कानूनी प्रावधानमा कमी वा अभाव रहेको देखिन आयो । व्यक्ति हेरेर वा आफ्नो सुविधा अनुसार निर्देशिकामा रहेका प्रावधान परिवर्तन (संशोधन) गरी स्वेच्छाचारी तवरबाट मनोनयन गर्ने प्रवृत्तिसमेत देखिन आएको छ । यस प्रकारको प्रवृत्तिलाई उचित ठान्न सकिँदैन । यसलाई कानूनद्वारा नै व्यवस्थित र निर्देशित गर्नु वाञ्छनीय देखिएको छ । तसर्थ, अब सरकारी तथा सार्वजनिक संस्थाका पदाधिकारी नियुक्ति वा मनोनयन गर्दा अपनाउनुपर्ने उचित र तर्कसङ्गत मानक वा मापदण्ड निर्धारण गरी त्यस्ता संस्थाहरूमा सुशासनको प्रत्याभूति दिने गरी नियुक्ति/ मनोनयन गर्नुपर्ने गरी आवश्यक कानून निर्माण गर्ने प्रबन्ध मिलाउनु भनी प्रत्यर्थी नेपाल सरकारका सम्बद्ध निकायहरूका नाउँमा निर्देशनात्मक आदेशसमेत जारी गरिएको ।

उपर्युक्त अनुसार जारी गरिएको निर्देशनात्मक आदशबमोजिम आवश्यक कानूनी प्रावधान निर्माण नभएसम्म तत्काल पनि सार्वजनिक संस्थानहरूको व्यवस्थापनका लागि विज्ञ सदस्यजस्ता पदाधिकारीहरूको नियुक्ति / मनोनयन गर्नुपर्ने अवस्था रहने भएकाले अब उप्रान्त गरिने नियुक्ति वा मनोनयनको प्रयोजनका लागि अन्य योग्यताका अतिरिक्त पद अनुसारको मिल्दो (सम्बन्धित) विषयमा कम्तीमा पनि स्नातक तहको शैक्षिक उपाधि हासिल गरी सम्बन्धित विषयमा कम्तीमा १० (दश) वर्षको कार्यानुभव भएका उपलब्ध व्यक्तिहरूमध्ये योग्यतम तथा विषय-विज्ञलाई खुला र पारदर्शी प्रतिस्पर्धाको आधारमा मात्र नियुक्ति वा मनोनयन गर्नु गराउनु भनी प्रत्यर्थीहरूका नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

इति संवत् २०७८ साल भाद्र २४ गते रोज ५ शुभम् ।

**इजलास नं. ५**

**३३**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CR-१३१५, चेक*

*अनादर, दिनेश कोइराला वि. जया थापा*

प्रत्यर्थी वादी जया थापाले मिति २०७४।६।२९ मा काठमाडौं जिल्ला अदालतमा ०७४-PC-१४२४ र ०७४-PC-१४२५ का दुईवटा अलगअलग चेक अनादर मुद्दाहरू सँगसँगै दर्ता गरेकोमा दुवै मुद्दामा मिति २०७४।७।२७ गते एकै दिनको तारिख तोकी दुवै मुद्दाको एउटै तारिख पर्चा पक्षलाई दिएको तथ्य पुनरावेदनसाथ पेस गरेको मिसिल संलग्न तारिख पर्चाको छायाँकपीबाट देखिन्छ। मिसिल संलग्न तारिख पर्चाको छायाँकपी हेर्दा सो तारिख पर्चामा "संवत् २०७४ सालको मुद्दा नं. PC -१४२४,१४२५, मुद्दा- चेक अनादर, जया थापा वादी विरूद्ध दिनेश कोइराला प्रतिवादी, फाँट नं. ७ उल्लेख गरी तारेख दिने कर्मचारीले लेखात्मक सही गरी शिरमा अदालतको छापसमेत लगाएको देखिन्छ । जिल्ला अदालतबाट मिति २०७४।६।२९ का लागि तोकिएको तारिखको निरन्तरतास्वरूप मिति २०७४।७।२७ को अर्को तारिख तोकिपाएकोमा सोको निरन्तरतामा पुनः मिति २०७४।८।२८ को तारिख लिई एवम् रीतले अदालतबाट तोकी पाएका सबै तारिखमा उपस्थित हुँदै मिति २०७४।९।१९ को तारिखमा पनि प्रत्यर्थी वादी रूजु हाजिर रहेको देखिएबाट सो पर्चाबाट उल्लिखित दुवै मुद्दाको लागि एउटै मितिको तारिख लिएको र उल्लिखित एउटै तारिख पर्चाबाट दुवै मुद्दामा निरन्तर तारिखमा रही कानूनतः दुवै मुद्दाको पुर्पक्ष गरेको देखिने।

प्रत्यर्थी प्रतिवादीले प्रतिउत्तरपत्रको प्रकरण नं ३,४,५,६ समेतमा "..... प्रस्तुत मुद्दामा वादी दाबीका चेकहरू काटिदिएको हो । निज जया थापासँग भएको लेनादेना व्यवहार मिलाउनका लागि चेक काटिदिएको हो। मैले काटिदिएका चेकहरू फिर्ता माग्दासमेत फिर्ता दिन इन्कार गर्ने गरेकी हुन्" भनी आंशिक रूपमा वादी दाबीलाई स्वीकारै गरी केवल रकम तिर्न बुझाउन नपरोस् भनी उम्कने उद्देश्यले मात्र दृष्टिबन्धक लिखत पारित गरेपछि मिलाउने सर्तमा गरिएको कारोबारसँग सम्बद्ध चेकहरू हुन् भनी विषयान्तर गर्दै आफूले काटिदिएका चेकहरूलाई दृष्टिबन्धक लिखतसँग सम्बन्धित देखाउन खोजिएको अवस्थामा कानूनतः सो हदसम्म इन्साफ गर्ने गरी मुद्दा फैसला गर्नुपर्नेमा सुरू जिल्ला अदालतबाट सो गरेको पनि नदेखिने।

यसैगरी सुरू जिल्ला अदालतबाट ०७४-PC-१४२५ को मुद्दामा मिति २०७४।१०।१८ मा आदेश हुँदा प्रस्तुत मुद्दासमेत साथै राख्नु भन्ने आदेश भई आदेशानुसार लगाउमा राखिएकोसमेत देखिने।

वादीले प्रतिवादीउपर दिएका चेक अनादर मुद्दाहरू अर्थात् ०७४-PC-१४२४ र ०७४-PC-१४२५ का मुद्दाहरू एकैदिन दर्ता भई एकै तारिख पर्चाबाट तारिख लिई यी पुनरावेदक वादी ०७४-PC-१४२४ को मुद्दामा निरन्तर तारिखमा रहेको देखिनुका साथै पुनरावेदक प्रतिवादीले वादी दाबीअनुरूपका चेकहरू आफूले काटी यी प्रत्यर्थी वादीलाई दिएको तथ्य स्वीकार गरेकोसमेतका उपर्युक्तानुसारका तथ्य एवम् प्रमाणहरूका आधारमा तत्कालीन मुलुकी ऐन, अ.बं.१८५क. नं. को देहाय २ मा रहेको कानूनी व्यवस्थाअनुरूप मुद्दामा दाबी पुग्ने वा नपुग्ने निर्णय गर्नुपर्नेमा सो केही नगरी मुद्दा डिसमिस हुने ठहर्‍याएको सुरू जिल्ला अदालतको मिति २०७४।१०।२१ को डिसमिस फैसला मिलेको नदेखिँदा सो फैसला बदर हुने ठहर्‍याई अब जो जे बुझ्नुपर्ने हो बुझी पुनः इन्साफ गर्नु भनी सुरू मिसिल सुरू काठमाडौं जिल्ला अदालतमा पठाइदिनेसमेत ठहर्‍याई उच्च अदालत पाटनबाट मिति २०७५।७।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भूमिप्रसाद शर्मा/सोनी श्रेष्ठ

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल पौष २८ गते रोज ४ शुभम्।

## ३४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-१९६२, मिलापत्र बदर, सोनफी यादवसमेत वि. राजकिशोर यादवसमेत*

अंशियारहरूबिच अंश लिनु दिनु गरी अदालतमा भएको मिलापत्र बदर गरी माग्न आउँदा वादीले सो सम्पत्तिमा आफ्नो निर्विवाद हक भोग भएको ठोस प्रमाणद्वारा देखाउन सक्नुपर्ने अर्थात् मिलापत्रमा अर्काको सम्पत्ति लिनु दिनु गरेको ठोस रूपमा देखिन आएको अवस्थामा मात्र यसरी आफ्नो सम्पत्ति जाने मानिसले मिलापत्र बदर गराई आफ्नो सम्पत्ति फिर्ता गरी लिनसक्ने कानूनी व्यवस्था हो । प्रतिवादीहरू अंशियारका बिचमा मिति २०५९।२।२१।३ गतेमा दे.नं.२३४७ को अंश मुद्दा मिलापत्र भएको देखिन्छ । वादीले उक्त जग्गाको खरिदको स्रोतको रूपमा मिति २०२८।२।२८ को रू.५००।- को घरसारी राजीनामा लिखतलाई देखाएकोमा मुलुकी ऐन, रजिस्ट्रेसन महल, २०३४ साल सातौँ संशोधन लागु हुनुअघि रू.१००।- भन्दा मुनिका लिखत रजिस्ट्रेसन नगरी घरसारमा भए पनि सदर हुने प्रावधान रहेकोमा वादीबाट पेस भएको घरसारको राजीनामा लिखत रू.५००।- थैलीको हुँदा उक्त घरसारको राजीनामा लिखतले कानूनी मान्यता पाउन सक्ने अवस्था नदेखिने ।

वादीहरू सोनफी यादव र उदय नारायण यादव एकआपसमा मिति २०३३।१।२८ मा र.नं.३१४४ बाट मालपोत कार्यालय महोत्तरीमार्फत अंशबन्डा गरी छुट्टी भिन्न बसेको देखिन्छ । वादीले जग्गा खरिद गरेको भनी पेस गरेको लिखत मिति २०२८।२।२८ को रहेको छ । तर अंशबन्डाको कागजमा विवादित जग्गाहरूबारे उल्लेख भएको देखिँदैन । यदि वादी दाबीबमोजिम लिखतमा उल्लिखित मितिमा त्यो जग्गा खरिद गरी भोग चलन गरेको भए त्यसको लगभग ५ वर्षपछि मिति २०३३।१।२८ मा अंशबन्डा गर्दा त्यो जग्गा उक्त अंशबन्डामा उल्लेख नहुनुपर्ने कारण वादीहरूले पेस गर्नसकेको नदेखिएबाट उक्त जग्गाहरू वादीको हकभोगमा रहे भएको पुष्टि हुन नसकेको ।

प्रमाण ऐन, २०३१ को दफा २६ ले देवानी मुद्दामा प्रमाण पुर्‍याउने भार वादीको हुने छ भन्ने उल्लेख भएको देखिन्छ । यसको अर्थ भनेको जसले जुन कुरामा दाबी लिन्छ सो कुराको प्रमाण सोही व्यक्तिले पुर्‍याउनुपर्छ भन्ने नै हो । वादीले विवादित जग्गाको स्वामित्व वैधानिक तवरबाट आफ्नो हक भोगमा आएको भन्ने प्रमाण पेस गर्न नसकेको अवस्थामा मिति २०५९।२।२१।३ गतेको मिलापत्र बदर हुन नसक्ने गरी वादी दाबी नपुग्ने भनी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको फैसलालाई अन्यथा मान्न नसकिने ।

महोत्तरी जिल्ला अदालतको मिति २०६१।५।१ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।४।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अञ्चन भट्टराई
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७९ साल भदौ २७ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI- १९६०, जग्गा खिचोला चलन, सोनफी यादवसमेत वि. दिलिप कुमार यादव
- ०७२-CI- १९६१, जग्गा खिचोला चलन, सोनफी यादवसमेत वि. मनोज यादव

**३५**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-१६१३, जबरजस्ती करणी, परिवर्तित नाम ०४-२-ग-१ वि. नेपाल सरकार*

जबरजस्ती करणीजस्तो मुद्दामा पीडितहरू सामाजिक, आर्थिक दबाब र प्रभावका कारणहरूबाट अदालतमा इन्कारी बयान गर्न सक्ने अवस्थालाई इन्कार गर्न नसकिने हुँदा अन्य प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा पीडितले गरेको इन्कारी बयान मात्र यी पुनरावेदक प्रतिवादीको निर्दोषिताको आधार बन्न नसक्ने ।

प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष र अदालतमा गरेको बयानमा समेत आफूले छोरीलाई जबरजस्ती करणी नगरेको भनी

इन्कारी बेहोरा लेखाएको तर पनि निजले आफू छोरीसँग सुतेको भन्ने कुरामा साबित रही बयान गरेको देखिन्छ । आफ्नी जवान भइसकेकी छोरीसँग अगालो मारेर सुतेको, छोरीले हल्ला गर्छे कि भनेर डराएकोजस्ता कुराहरू प्रतिवादी स्वयंले स्वीकारेका छन् । परिवारको मूल व्यक्तिले नाबालकहरूलाई अस्वस्थताको अवस्थामा वा कुनै मानसिक कारणबाट डराउने तर्सने गरेको वा अन्य अस्वाभाविक वा आकस्मिक कारण परेको अवस्थामा अँगालो मार्नु, केही समय हिम्मत जुटाउने आस्वासन दिई साथै राख्नु इत्यादि यदाकदा हुनसक्ने अवस्थाबाहेक आफ्नी जवान छोरीसँग अँगालो मारी नसुती नहुने कारण के थियो र छोरी उठेर बत्ती बालेपछि किन डराउनु पऱ्यो ? उक्त कुरा निजले बयानबाट खुलाउन सकेको देखिँदैन । जवान छोरीसँग रातमा अँगालो मारेर सुत्न जानु एवम् छोरीसँग डराउनुजस्ता विषयले यी प्रतिवादी गलत मनसायले नै छोरीको कोठा ओच्छ्यानमा प्रवेश गरेको विश्वास गर्नुपर्ने कारण देखिन्छ । पीडिताको कन्याजाली च्यातिएको भन्ने अस्पतालबाट भइआएको पिडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिएको र मौकामा कागज गरिदिने मानिसहरूको कागज बेहोरा, वस्तुस्थिति मुचुल्का बेहोरा, जाहेरवाला, पीडिता, बुझिएका मानिसहरूको बकपत्र बेहोरासमेतलाई यी प्रतिवादीले स्वतन्त्र प्रमाण प्रस्तुत गरी खण्डन गर्नसकेको पनि देखिँदैन । आफ्नै पिताबाट बलात्कृत भएकी पीडितले विभिन्न सामाजिक तथा मानसिक कारणले उजुरी गर्न हिच्किचाउनु स्वाभाविक हुने हुँदा जाहेरी दिन केही ढिला हुनुलाई स्वाभाविक रूपमा लिनुपर्ने हुन्छ । अनुचित विलम्ब गरी ढिलो जाहेरी दिएको भन्ने पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी परिवर्तित नाम ०४–२–ग–१ ले आफ्नै छोरी पीडिता परिवर्तित नाम ०४–२–ग लाई जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबी पुष्टि हुनआएको हुँदा निजलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १, २ नं., हाडनातामा करणी गर्नेको महलको १ नं. बमोजिमको कसुरमा जबरजस्ती करणीको ३(३) नं. बमोजिम ६ वर्ष कैद र हाडनातामा करणी गर्नेको महलको १ नं. बमोजिम १० वर्ष थपसमेत जम्मा १६ वर्ष कैद सजाय हुने र प्रतिवादीबाट पीडितले रू.५०,०००।– क्षतिपूर्तिसमेत भराइलिन पाउने ठहऱ्याई भएको सुरू झापा जिल्ला अदालतको मिति २०७२।०८।१५ गतेको फैसला सदर गर्ने गरी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७३।८।१६ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने ।

इजलास अधिकृत : अञ्चन भट्टराई

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०७९ भदौ २६ गते गते रोज १ शुभम् ।

## ३६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७०-WO-००७१, उत्प्रेषण, राजन मुर्मु सतार वि. भूमिसुधार कार्यालय, मोरङसमेत*

निवेदकले निवेदन खण्डमा आफूलाई जग्गाधनीले भूमिसुधार कार्यालयबाट मिति २०५२।११।३०मा भएको मोही लगत कट्टा हुने निर्णयको बारेमा मिति २०७०।३।२६ मा भूमिसुधार कार्यालय, मोरङबाट नक्कल सारेपछि थाहा भएको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । तर विपक्षी रमेश विक्रम कार्कीले यसै जग्गाका सम्बन्धमा यिनै निवेदक राजन मुर्मु सतारसमेतका विरूद्ध जग्गा खोचोला चलन मुद्दा (दा.नं.२७-०६४-००४००) मोरङ जिल्ला अदालतमा मिति २०६७।६।२०मा र यिनै निवेदक राजन मुर्मु सतारसमेतले विपक्षी रमेश विक्रम कार्कीउपर मोरङ जिल्ला अदालतमा यही निवेदनमा उल्लेख गरेको तथ्य नै उल्लेख गरी मिति २०६८।३।१४ मा जालसाज मुद्दा (दा.नं. २७-०६७-१७०६) दायर गराएको देखिन्छ । निवेदकले दायर गरेको सो मुद्दामा पनि मिति २०५२।११।३०को भूमिसुधार कार्यालय, मोरङबाट भएका जिल्ला मोरङ, बबियाबिर्तागाउँ

विकास समिति वडा नं. ३ (घ) कि.नं. २ ज.वि. २-५-१ जग्गामा मोही लगतकट्टा गरेको निर्णयलाई नै जालसाज नामकरण गरी बदर गरिपाउन दाबी गरिएको छ भने विपक्षीले उक्त जग्गामा यी निवेदकसमेतका व्यक्तिहरूले जग्गा खिचोला गरेको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । मोरङ जिल्ला अदालतबाट उक्त मुद्दाहरूमा मिति २०६८।९।१२ फैसला गर्दै यी निवेदक राजन मुर्मु सतारसमेतले विपक्षीको उल्लिखित जग्गा खिचोला गरेको ठहर्ने तथा यी निवेदक राजन मुर्मु सतारसमेतको दाबी जालसाज नठहर्नेगरी फैसला भएको र उक्त फैसलाउपर कसैको पुनरावेदन नपरी अन्तिम भएपछि सो फैसलाबमोजिम विपक्षी रमेश विक्रम कार्कीले उक्त विवादित जग्गाको चलन पुर्जीसमेत पाएको देखिन्छ । उल्लिखित तथ्यहरूबाट यी निवेदकलाई भूमिसुधार कार्यालयको निर्णयका बारेमा पहिले नै जानकारी भएको र सो सम्बन्धमा यसअघि पनि यसै विषयमा मोरङ जिल्ला अदालतमा जालसाज मुद्दा गरेको र सोमुद्दा आफू अनुकूल नभएपछि तथ्य लुकाई प्रस्तुत निवेदन पर्नआएको देखिने ।

मोही हक प्राप्ति र समाप्तिको व्यवस्था भूमिसम्बन्धी ऐनले निर्दिष्ट गरेको छ । सोही ऐनबमोजिम साधिकार निकाय भूमिसूधार कार्यालय मोरङमा २०४५ सालमा जग्गाधनीले मोहीले जग्गा जोत्न छाडी बेपत्ता भएकाले मोहीको लगत कट्टा गरिपाउन दिएको निवेदनउपर भूमिसुधार कार्यालयले सूचना टाँस गरेको र त्यसपछि तत्कालीन गाउँ विकास समितिबाट सर्जमिनसहितको बेहोरा बुझी मिति २०५२।११।३० मा भूमिसम्बन्धी ऐन, २०२१को दफा २६ (१) को खण्ड (ग) बमोजिम मोही लगत कट्टा हुने निर्णय भएको छ । सो निर्णयउपर निजले विपक्षीउपर जालसाज मुद्दा मोरङ जिल्ला अदालतमा दायर गरेकोमा यी निवेदकको दाबी नपुग्ने गरी फैसला भएको देखिन्छ । निवेदकले आफ्ना पिता सतु सतारको मृत्युपछि उक्त जग्गा आफूले मोहीको रूपमा खेतजोत गरेको भन्ने दाबी लिएको भए तापनि निजले जग्गाधनीलाई बाली बुझाएको निस्सा वा जग्गाधनीले बाली नबुझेको अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१को दफा ३६(२) बमोजिम स्थानीय निकाय, जिल्ला माल अड्डा वा भूमि प्रशासन कार्यालयमा कुत धरौटी राखेको पनि नदेखिएको अवस्थामा निजले पिताको मोहीको रूपमा जग्गा पिताको मृत्युपछि पनि कमाएको भन्ने पुष्टि हुने आधार नदेखिने ।

निवेदकले भूमिसुधार कार्यालय, मोरङबाट मिति २०५२।११।३० मा जिल्ला मोरङ, बाबियाबिर्ता गाउँ विकास समिति वडा नं.३ (घ) स्थित कि.नं.२ को २-५-१ क्षेत्रफल भएको जग्गाको मोहियानी हक कट्टा हुने गरी भएको निर्णय जालसाजपूर्ण भएको भनी यी निवेदकले मोरङ जिल्ला अदालतमा फिराद गरेको एवम् सोही जग्गामा यी निवेदक राजन मुर्मु सतारसमेतले खिचोला गरेको भनी विपक्षी रमेश विक्रम कार्कीले सोही अदालतमा जग्गा खिचोला मुद्दा दिएकोमा उक्त अदालतबाट यी निवेदकले जग्गा खिचोला गरेको ठहर हुने तर जालसाज ठहर नहुने गरी मिति २०६८।९।१२ मा भएको फैसला अन्तिम भई बसेको देखिन्छ । यसरी भूमिसुधार कार्यालयको मिति २०५२।११।३० निर्णयको जिल्ला अदालतबाट वैधानिकताको परीक्षण भई सोले अन्तिमता पाइसकेको अवस्थामा प्रस्तुत निवेदनमा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुने अवस्था पनि नरहने ।

निवेदक राजन मुर्मु सतार तल्लो अदालतमा असफल भएपछि उक्त तथ्य लुकाई यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत रिट निवेदन लिएर प्रवेश गरेको पाइन्छ । पटकपटक एउटै विषयवस्तुमा मुद्दा गरिरहने सन्दर्भ पनि न्यायिक रोहमा उपर्युक्त हुँदैन । यी निवेदकले प्रस्तुत निवेदन दिँदामोरङ जिल्ला अदालतमा आफूले दिएको जालसाज मुद्दाको बेहोरा लुकाइ प्रवेश गरेको देखिँदा यी निवेदक सफा हात लिई अदालत प्रवेश गरेको पनि नदेखिएकाले प्रस्तुत रिट

निवेदन खारेज हुने।

इजलास अधिकृत : अञ्चन भट्टराई

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०७९ साल भदौ ३० गते रोज ५ शुभम्।

- यसै लगाउका ०७०-WO-००७२, उत्प्रेषण, थोमास मुर्मु वि. भूमिसुधार कार्यालय, मोरङसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

### ३७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०४०८, उत्प्रेषण, सुरेश ताम्राकार वि. ललितपुर जिल्ला अदालत, लगनखेल ललितपुरसमेत*

सानुमैया ताम्राकारले मिति २०७०।९।३० मा ललितपुर जिल्ला अदालतमा अंश चलन मुद्दा दायर गरी सो मुद्दामा मिति २०७२।१।३ मा फैसला भएउपर यी निवेदकको पुनरावेदन परी उच्च अदालत पाटनबाट मिति २०७३।२।३ मा सदर भई अन्तिम भई बसेको र प्रस्तुत विवाद सोही फैसला कार्यान्वयनको विषयमा रहेको देखिन्छ। बन्डा मुचुल्का आफ्नो अनुपस्थितिमा भएको तथा एकपक्षीय रूपमा नरम गरम नमिलाइ गरेको भन्ने निवेदन दाबी रहेकोतर्फ हेर्दा तायदाती विवरणमा उल्लेख भएका सम्पत्तिहरूमध्येबाट तीन जना अंशियारहरूलाई गोला हानी मिति २०७४।३।१६ मा बन्डा मुचुल्का तयार गरी फैसला कार्यान्वयन गरेको बन्डा मुचुल्काबाट देखिन्छ। फैसला अन्तिम भएपछि सानुमैया ताम्राकारले बन्डा छुट्याइपाउँ भनी मिति २०७३।५।८ मा निवेदन दिएपछि सुरेन्द्र ताम्राकार र सुरेश ताम्राकारको मामा जारी भएको म्याद सुरेन्द्र ताम्राकारले आफै र सुरेश ताम्राकारको हकमा एकाघरको भाइको नाताले सुरेन्द्र ताम्राकारले मिति २०७३।८।७ मा बुझी म्यादभित्रै अदालतमा हाजिर भएको र निज दुवैलाई डोर तारेख तोकी पठाएको भन्ने बेहोराको ललितपुर जिल्ला अदालतको लिखित जवाफलाई निवेदकले अन्यथा भन्नसकेको छैन भने बन्डा मुचुल्का तयार गर्दा निवेदकका वारेस सृष्टि प्रधान डोर रहेको स्थानमा उपस्थित भए पनि सहीछाप गर्न अस्वीकार गरेको भन्ने बन्डा मुचुल्कामा उल्लेख भएको देखिन्छ। निज सृष्टि प्रधान यसै मुद्दासँग लगाउमा रहेको सुरेन्द्र ताम्राकार विरूद्ध उच्च अदालत पाटनसमेत भएको उत्प्रेषण (०७४-WO-०४२१) मुद्दामा अंशियारमध्येको सुरेन्द्र ताम्राकारको वारेस रहेको र निजहरू नातामा श्रीमान् श्रीमती रहेको भन्ने कुरा पुनरावेदन अदालतको फैसलाबाट खुलेको अवस्थामा बन्डा मुचुल्का यी निवेदकसमेतको वारेस रहेका एकाघरका सदस्य उपस्थितिमा नै तयार भएको देखियो। निवेदकको वारेससमेत रहेको एकाघरको सदस्य अंशियारमध्येका एक जना सुरेन्द्र ताम्राकार एकाघरको श्रीमती सृष्टि प्रधानको उपस्थितमा कानूनबमोजिम खटिइआएको डोरले मुचुल्का गरी गोला हानी तयार गरेको गरेको बन्डा मुचुल्कालाई निवेदकको अनुपस्थितिमा एक पक्षीय रूपले भएको मान्न नमिल्ने हुँदा अन्यथा भने देखिएन।

सानुमैया ताम्राकारले अंश प्राप्त गर्ने उद्देश्यले अदालतमा मुद्दा दायर गरेको र निजको दाबी पुग्ने गरी फैसला भई मुद्दा अन्तिम हुँदासमेत फैसला कार्यान्वयनको चरणमा निजले अनेक झमेला वा मुद्दा खेप्नुपरेको मिसिलबाट देखिन्छ। सुरू ललितपुर जिल्ला अदालत तथा पुनरावेदन अदालत पाटनबाट भएको अंश चलन मुद्दाको फैसला अध्ययन गरी हेर्दा यी निवेदक सुरेश ताम्राकार र अर्का मुद्दाका निवेदक (रिट नं. ०७४-WO-०४२१) ले विपक्षी सानुमैया ताम्राकार मानसिक रोगी भएको हुँदा कसैको संरक्षकत्वमा रहनुपर्ने अवस्था रहेको र आफूहरूले सो जिम्मेवारी पूरा गरिरहेको भन्ने बेहोरा उल्लेख गरी प्रतिउत्तर पत्र फिराएको देखिन्छ। यदि यस्तो हो भने यस्तो अवस्थाको बिरामीलाई स्याहार सम्भार र माया र पारिवारिक सहायताको अझ बढी आवश्यकता

पर्नेमा कानूनबमोजिम निजले पाउनुपर्ने अंश पाउन पनि निजले लामो समय अदालतमा धाउँनु परेको वा अनावश्यक हैरानी पाएको तथा फैसला कार्यान्वयनमा समेत अनेक बखेडा झिकी मुद्दा मामिला लम्ब्याई निवेदकहरूले विपक्षी सानुमैया ताम्राकारलाई बारम्बार अदालत धाउन हालसम्म पनि बाध्य परिरहेको देखिँदा निज निवेदकहरूले आफ्नो अभिभावकीय दायित्व निर्वाह गरेको भन्ने अवस्थासमेत नदेखिने।

प्रस्तुत निवेदनमा निवेदकले बन्डा मुचुल्का बदर गरिपाउँ भनी ललितपुर जिल्ला अदालतमा निवेदन दायर गरेकोमा जिल्ला अदालतबाट मुचुल्का कानूनबमोजिम नै भएको भनी मुचुल्का बदर नहुने गरी २०७४।४।२० मा आदेश भएको एवम् उक्त आदेश उच्च अदालत पाटनबाट समेत मिति २०७४।७।१६ सदर भएको अवस्था हुँदा विवादको बन्डा मुचुल्का एवम् सोलाई सदर गरेको जिल्ला अदालतको आदेशको समेत वैधानिकताको परीक्षण भइसकेको नै देखिएकाले प्रस्तुत निवेदनमा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुने अवस्था नरहने।

सक्षम अदालतबाट भएको फैसला कार्यान्वयनको विषय रहेको र उक्त फैसला कार्यान्वयन रीतपूर्वक रहे नरहेको भन्ने सम्बन्धमा न्यायिक परीक्षणसमेत भइसकेको र कानूनको रीतपूर्वक नै भएको बन्डा भएकोमा र विपक्षी अंशियार अविवाहित र निवेदकको भनाइबमोजिम केही मानसिक समस्यासँग जुधिरहेकी एकल महिलालाई सहानुभूतिपूर्वक व्यवहार गरी स्वविवेकले अदालतको फैसला कार्यान्वयन गराइदिनुपर्नेमा निजलाई दुःख दिने नियत राखी ढिलाई गरी आफूलाई फाइदा पुगोस् भन्ने हेतुले मात्र बन्डा मुचुल्का कानूनविपरीत भयो भनी प्रस्तुत रिट निवेदन दायर गरेको देखिन आएकोले निवेदक सफा हात लिई अदालत प्रवेश गरेको अवस्थासमेत नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज गरी अदालतबाट अन्तिम भइरहेको फैसला अविलम्ब कार्यान्वयन गर्न मार्ग प्रशस्त गरिदिनुपर्ने।

इजलास अधिकृत : अञ्चन भट्टराई
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७८ साल फागुन २० गते रोज ६ शुभम्।

- यसै लगाउका ०७४-WO-०४२१, उत्प्रेषण, सुरेश ताम्राकार वि. ललितपुर जिल्ला अदालत, लगनखेल ललितपुरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७१-CI- १५८५, लिखत बदर दर्ता बदर दर्ता कायम, सुरैतदेवी यादबसमेत वि. भवानीदेवी यादव*

लक्ष्मण यादवका नाममा विवादको कि.नं. ५१२ र कि.नं. २७५ का जग्गाबाहेक कि.नं. ६३७ र कि.नं. २६० समेत भएका र सो जग्गाहरू निजले मिति २०६७।७।२२ मा बकसपत्र गरिदिएको देखिन्छ। सोबाहेक पनि वादी एवम् पुर्ख्यौली हाँगामा अरू जग्गा जमिनसमेत रहे भएको २०६९ सालको अंशबन्डा लिखतमा देखिन्छ । जसअनुसार मूल पुर्खाबिच अंशबन्डा हुँदा १-४-३ (बिगाहा) जग्गा रहेको र निज सुरतदेवी यादवको फाँटमा २ कित्ता जग्गा परेको पनि देखिन्छ। निज लक्ष्मण यादवले बिक्री गरेका वा बकसपत्रबाट हक हस्तान्तरण गरेको जग्गाहरूमा २०६९ सालमा मात्र अंशबन्डा भएका सुवेलाल यादवका अन्य छोरी वा छोरातर्फका अंशियारले कुनै दाबी विरोध नगरी बसेको देखिन्छ। सुवेलाल यादवका अंशियार छोराहरू तीन भएकोले लिखत बदर हुने नै हुँदा पनि तीन खण्डको एक खण्ड हुनसक्ने अवस्था देखिन आउँछ। वादीहरूले सो पक्षलाई गुपचुप गरी ६ अंशियार देखाएको अवस्था रहेको।

वादीहरूले मिति २०६३।५।१५ को लिखत बदर माग गरे पनि प्रतिवादीमध्येका यिनै लक्ष्मण यादवले नै मिति २०६३।७।२२ मा हालको बकसपत्र गरिदिएको लिखतउपर प्रस्तुत मुद्दाका वादीहरू एवम्

मूल अंशियारका हकवालाले कुनै मुद्दा वा दाबी विरोध गरेको देखिँदैन । प्रतिवादी लक्ष्मण यादवले विवादित जग्गा २०५८।३।६ मा गुरूदयाल चौधरीबाट खरिद गरेको र प्रतिउत्तर जिकिर हेर्दा प्रतिवादीले आफ्नो पालामा आर्जन गरेको वा निजी आर्जनको जग्गा राजीनामा गरिदिएको भन्ने देखिन आउँछ । वादीहरूको विवादका जग्गामा मूल पुस्तामा नै अंशबन्डा नभएको स्थिति, निज मूल पुस्ताका अंशियारको कुनै दाबी नगरेको अवस्था एवम् लक्ष्मण यादवले पछिल्लो बकसपत्र लिखत (२०६३।७।२२) समेतबाट लक्ष्मण यादवले निजी तवरबाट विवादको जग्गा खरिद गरेको र आफूखुस गर्न पाउने भन्ने प्रतिवादी जिकिर समर्थित हुन आउने देखिन्छ । यसरी प्रस्तुत मुद्दाको समग्र पक्षलाई हेर्दा प्रतिवादी लक्ष्मण यादवले आफ्नो नाम दर्ताको अन्य अंशियारहरूको मन्जुरी लिनु नपर्ने निजले आफूखुस गर्न पाउने प्रकृतिको जग्गा राजीनामा पारित गरिदिएको देखिँदा विवादित जग्गाको लिखत बदर गर्न न्यायसङ्गत हुने नदेखिएकाले वादी दाबीबमोजिम लिखत बदर हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी नपुग्ने गरी भएको पुनरावेदन अदालत राजविराजको मिति २०७१।१।१६ को फैसलालाई अन्यथा भन्न नसकिने ।

सुरू सप्तरी जिल्ला अदालतले मिति २०६६।९।१२ मा गरेको फैसला नमिलेकोले उल्टी भई फिराद दाबी नपुग्ने गरी भएको पुनरावेदन अदालत राजविराजको मिति २०७१।१।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अञ्चन भट्टराई

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल मंसिर १ गते रोज ५ शुभम् ।

**३९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-CI-०२११, ०७३-CI-०२१२, जग्गा खिचोला घर उठाई चलन, उर्मिलादेवी साह वि. भागिरथीदेवी रूगटा, धनाई साहु तेली वि. भागिरथीदेवी रूगटा*

वादीले भोलाप्रसाद सिंहबाट २०२१।७।१७ गतेको पारित रजिस्ट्रेसनबमोजिम आफ्नो हकभोग प्रमाण भएको गाउँ ब्लक नं. ४९ को ०-३-० जग्गामध्ये दक्षिणतर्फबाट नवनारायण भन्ने रामनारायण शाह तेली र दक्षिणतर्फबाट धनाई साहु तेलीले खिचोला गरी घर बनाएकोले घर हटाई खिचोला मेटाइपाउँ भन्ने फिराद दाबी रहेको देखिन्छ । सो सम्बन्धमा, प्रत्यर्थी प्रतिवादीले सुरू अदालतमा प्रतिउत्तर फिराउँदा साबिक जग्गाधनीले घर बनाउन स्वीकृति दिएअनुरूप ५०/६० वर्षअघिदेखि घर बनाई बसोबास गरेको भनी जिकिर लिएको पाइन्छ । उक्त जग्गा भोलाप्रसाद सिंहबाट र.नं. ६४१ मिति २०२१।७।१७ मा राजीनामा पारित गरी लिएको जग्गा हो भनी लिएको फिराद दाबीलाई प्रतिवादीहरूले अन्यथा भन्न सकेको देखिएन । प्रतिवादीहरूको प्रतिवाद जिकिर हेर्दा सो जग्गामा आफ्नो हक प्रमाणको भन्न नसकी सो जग्गामा २००४ सालमा सर्वे नापी हुँदाकाबखत साबिक जग्गाधनी विदेश्वरीप्रसाद सिँहको समयदेखि नै निजको सहमति र मन्जुरीमा घर बनाई बसोबास गरी आएको भन्ने देखिन आउँछ । सो जग्गामा बनेको घर एवम् जग्गाको सम्बन्धमा सुरू अदालतबाट भइआएको नक्सा मुचुल्का हेर्दा न.नं. १ को जग्गा प्रतिवादीमध्येका धनाई साहु तेलीको भोगमा रहेको र उक्त न.नं. १ मा 'क', 'ख', 'ग', 'घ', 'ङ' घरसमेतका ५ वटा घर रहेको पाइन्छ । सो घरमध्ये 'क' 'ख' 'ग' 'घ' घरलाई पुरानो घर भनी नक्सामा नै उल्लेख भएको देखिन आयो भने 'ङ' घरलाई पुरानो घर भनी नक्सामा उल्लेख भएको नदेखिएबाट उक्त 'ङ' घर पुरानो घर नभई वादी दाबीको मितिमा बनेको नयाँ घर रहेछ भनी मान्नुपर्ने देखियो । त्यसैगरी न.नं. २ को जग्गा प्रतिवादीमध्येका रामनारायण साहु तेलीको भोगमा रहेको र उक्त न.नं. २ को जग्गामा 'क' 'ख' 'ग' 'घ' समेतका ४ वटा घरहरू रहे भएको पाइयो । उक्त जग्गामा रहेका घरका सम्बन्धमा

पुनरावेदन अदालत राजविराजले न.नं. १ र २ को जग्गामा प्रतिवादीहरूको कब्जा खिचोला मेटाई न.नं. १ मा रहेको 'ङ' घर र न.नं. २ मा रहेको 'ख' र 'ग' घर हटाई वादीको भोग कायम रहने गरी चलन चलाइदिने ठहर फैसला भएको देखिन्छ। सो फैसला चित्त बुझाई वादीको पुनरावेदन परेको नदेखिएको र प्रतिवादीको मात्र पुनरावेदन परेकोले उक्त न.नं. १ को 'ङ' र न.नं. २ को 'ख' र 'ग' घरका हकमा सम्म विवेचना गर्नुपर्ने देखिन आउँछ। अतएवः न.नं. १ मा रहेको 'ङ' घरका सम्बन्धमा हेर्दा न.नं. 'ङ' मा ५.५०* ५.५० मि. भएको उत्तर मुखको फुसको घर रहेको उल्लेख भएको पाइन्छ। न.नं. १ को 'क', 'ख', 'ग', 'घ' घर पुराना र 'ङ' घर नयाँ भन्ने देखिन आउँछ। उक्त घर बनेको जग्गा प्रतिवादीको नभएको सम्बन्धमा स्वयम् प्रतिवादी नै स्वीकार गरेको र अन्य घरहरू ६०।७० वर्षदेखि बनाइआएको जिकिर भएको स्थितिमा 'ङ' घर को निर्माण वादीले उल्लेख गरेको समयमा भएको भन्ने देखिन आउँछ। त्यस्तै गरी न.नं. २ को सम्बन्धमा हेर्दा, न.नं.२ मा नै रहेको 'ख' र 'ग' घर भने नक्सा मुचुल्कामा पुरानो घर भनी उल्लेख भएको नपाइएको अवस्थामा उक्त 'ख' 'ग' घरपछि बनेको नयाँ घर रहेछ भनी मान्नुपर्ने देखिन आयो। यसर्थ प्रतिवादीहरूले न.नं. १ र न.नं. २ मा वादीको हकभोगको जग्गामा घर बनाएको भन्ने देखिने।

वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०७१।३।१९ को फैसला केही उल्टी गरी विवादित नं नं १ र न.नं. २ को जग्गाको प्रतिवादीहरूको कब्जा खिचोला मेटाई न.नं १ मा रहेको 'ङ' घर र न.नं. २ मा रहेको 'ख' 'ग' घर हटाई वादीलाई भोग कायम रहने गरी चलन चलाइदिने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।३।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अञ्चन भट्टराई

इति संवत् २०७९ साल मङ्सिर १ गते रोज ५ शुभम्।

४०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-CI- ०९१५, जग्गा खिचोलासमेत, लक्ष्मीनारायण महर्जन वि. जितेन्द्र महर्जनसमेत*

यसमा जग्गा सिमानामा नक्साबाट देखिएको पर्खाल तथा पर्खालपूर्वका नक्सा नम्बर ४ वादीको जग्गाले छुने भनी हाल साबिकको निर्णयमा उल्लेख भएको र सोसमेतको क्षेत्रफल गणना गरी काठमाडौं जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। हाल साबिकबाट वादीको जग्गाको क्षेत्रफल ०-३-१-३ १/२ तथा प्रतिवादीको ०-१०-१-२ देखिएको हुँदा वादी प्रतिवादी दुवैको जग्गाहरू केही घटेको देखिन आउँछ। बाटोमा वादी प्रतिवादी दुवैको केही जग्गा परेको सम्बन्धमा विवाद नदेखिने।

वादीले अदालतको फैसलाबमोजिम कि.नं. १३३ कित्ताकाट गर्दा आफूलाई थाहा जानकारी नदिएको भनी फिरादमा उल्लेख गरे पनि नापी नक्सामा कित्ताकाट गर्दा कतै उजुर बाजुर गरेको देखिँदैन। साबिकमा एकै कित्ता जग्गाबाट ४(चार) बराबर हिस्सा लगाइएको र कालान्तरमा नापी हुँदा कुनै एक हिस्साको जग्गा पूरै र अरूमा कम हुनुपर्ने वस्तुनिष्ठ कारण प्रस्तुत मुद्दामा देखिँदैन। नापीका समय आफ्नो हकको जग्गाको हाल साबिक गराउनु यी वादीको पनि कर्तव्य हो, हालको नापीबाट यी वादीको कि.नं. ९९९ मा ०-३-१-३ १/२ हुनु र प्रतिवादीले एकै कित्ता बनाएको साबिकको ३ कित्ता जग्गामा जम्मा ०-१०-१-२ हुनुबाट समानुपातिक हिसाबले सालाखाला बराबर नै हिस्सा जग्गा रहेको देखियो। यस अवस्थामा पुनरावेदन अदालत पाटनको उक्त फैसला अन्यथा भन्न सक्ने नदेखिँदा यस अदालतबाट भएको दोहोर्‍याइपाउने आदेश हुँदा लिएको आधार र कारणसँग यो इजलास सहमत हुन नसक्ने।

वादीले दाबी गरेको कि.नं. ९९९ को जग्गाको साथै प्रतिवादीको कि.नं. १०००, १००१ र १००२ को तीन कित्ता जग्गासमेत एउटै कि.नं. कायम भई नापी

भएको, साबिक कि.नं. ९९९ को जग्गाबाट वादीले हाल साबिक दर्ता गराएको नदेखिएकोले सो कि.नं. ९९९ को जग्गा के कति क्षेत्रफल कायम भई दर्ता हुने भन्ने सम्बन्धमा निर्णय भई नसकेको अवस्थामा वादीको साबिक कि.नं. ९९९ को जग्गामा प्रतिवादीले खिचोला गरेको भनी मान्न नमिल्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निराजन पाण्डे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल भाद्र १४ गते रोज ३ शुभम्।

- यसै लगाउका ०७२-CI-०९१४, निखनाइ पाऊँ (हकसफा), लक्ष्मीनारायण महर्जन वि. जितेन्द्र महर्जनसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ६

### ४१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७४-CR-११०४, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. शिवहरि रोकासमेत*

प्रतिवादीहरू शिवहरि रोका र प्रभात गदाललाई अभियोग दाबीअनुसार सजाय हुनुपर्ने भनी पुनरावेदकको जिकिर रहेकोमा इजाजतपत्र नै नभएको व्यक्तिले प्रलोभनमा पारी रकमसम्म लिई विदेश नपठाएको अवस्थामा रकम लिई विदेश पठाई वैदेशिक रोजगार दिलाउन नसक्नेलाई हुने सजायको आधा सजाय हुने छ भनी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ मा कानूनी व्यवस्था रहे भएको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरू शिवहरि रोका र प्रभात गदालले जाहेरवालासमेत पीडितहरूलाई वैदेशिक रोजगारीका लागि विदेश पुऱ्याई अलपत्र पारी छाडेको नभई प्रलोभनमा पारी पीडितसँग रकम लिएको देखिए पनि विदेश पठाएको भन्ने नदेखिने।

प्रतिवादी विजय शाक्यको हकमा निजले जाहेरवाला र पीडितहरूबाट वैदेशिक रोजगारमा पठाउने भनी रकम लिएखाएको प्रमाण रहेको नपाइएको र वादी पक्ष नेपाल सरकारले पनि त्यस किसिमका प्रमाणहरू पेस गरेको नदेखिएको एवम् जाहेरवाला लिलबहादुर श्रेष्ठले वैदेशिक न्यायाधिकरणसमक्ष गरेको बकपत्रमा प्रतिवादी विजय शाक्यलाई आफू नचिन्ने भनी उल्लेख गरेको र निजलाई कुनै रकम दिएको भनी खुलाएको पनि पाइँदैन। फौजदारी कानूनमा आरोपित कसुरलाई पुष्टि गर्ने गरी प्रमाण पेस गर्ने भार वादी पक्षको हो भन्ने मान्यता हुन्छ। यसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भनी व्यवस्था गरेको पाइन्छ। यसरी वादीले अभियुक्तलाई आरोप लगाएकै आधारमा मात्र अभियुक्तलाई सजाय गर्न मिल्ने होइन, लगाइएको आरोपलाई वादी पक्षले वस्तुनिष्ठ र ठोस प्रमाणद्वारा आरोपलाई पुष्टि गरेमा मात्र अभियुक्तलाई कसुरदार ठहर गर्न सकिने।

अतः प्रतिवादीहरू शिवहरि रोका र प्रभात गदाललाई जनही १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार रूपियाँ) जरिवाना तथा प्रमाण पेस भएसम्मको बिगो रकम रू.१४,८५,०००।– (चौध लाख पचासी हजार रूपियाँ) र हर्जाना रू.७,४२,५००।– (सात लाख बयालिस हजार पाँच सय रूपियाँ) समेत गरी जम्मा रू.२२,२७,५००।– (बाइस लाख सत्ताइस हजार पाँच सय रूपियाँ) रकम प्रतिवादीहरू शिवहरि रोका र प्रभात गदालबाट जाहेरवाला र पीडितहरूले भराइपाउने गरी तथा प्रतिवादी विजय शाक्यले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।८।२१ मा भएको फैसला मिलेको नै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृत : मिलनचन्द्र महत

इति संवत् २०७६ साल पौष १६ गते रोज ४ शुभम्।

**४२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-००८१, जबरजस्ती करणी र रहजनी चोरी, नेपाल सरकार वि. नारायण दर्जीसमेत*

घटना विवरणमा कागज गर्ने दुर्गा दर्जीले पीडित बागलुङ-१ लाई यी प्रतिवादी मिनबहादुर दर्जीले जबरजस्ती करणी गरेको हो भनी अदालतमा आई बकपत्र गरेकोसमेत देखिन्छ । यसरी आफूलाई जबरजस्ती करणी गरेकोमा यी प्रतिवादी मिनबहादुर दर्जीउपर वारदातका सम्बन्धमा पीडित बागलुङ-१ले दिएको मौकाको किटानी जाहेरीलाई पीडित जाहेरवालाले अदालतमा आई गरेको बकपत्रले समर्थन गरेको, जबरजस्ती करणीको आरोपित कसुरलाई स्वीकार गरी प्रतिवादी मिनबहादुर दर्जीले गरेको मौकाको बयान तथा पीडित बागलुङ-१ लाई सहमतिमा करणी गरेको भनी करणी गरेकोमा साबित रही अदालतमा समेत बयान गरेको, पीडितको शारीरिक परीक्षण प्रतिवेदन र घटनास्थल मुचुल्कासमेतका ठोस तथा वस्तुनिष्ठ प्रमाणहरूसमेतबाट यी प्रतिवादी मिनबहादुर दर्जीले पीडित बागलुङ-१ लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आयो । जबरजस्ती करणी सम्पन्न भएको पर्याप्त प्रमाणको उपस्थिति रहेकोमा जबरजस्ती करणीको उद्योग मात्र भएको तर जबरजस्ती करणी सम्पन्न हुन नपाएको भनी तथ्य र प्रमाणलाई अन्देखा गरी उद्योगतर्फ मात्र ठहर गरेको सुरू अदालतको फैसला सदर गरेको उच्च अदालतको फैसला उचित र मनासिब देखिन आएन । यस्तो अवस्थामा यी प्रतिवादी मिनबहादुर दर्जीले वर्ष २८ की पीडित नाम परिवर्तित बागलुङ-१ लाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत, ३(५) नं. अनुसारको कसुर अपराध गरेकोले निज प्रतिवादी मिनबहादुर दर्जीलाई ऐ. ३(५) नं. बमोजिम सजाय गर्नुपर्नेमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. को कसुरमा ऐ.को ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योगमा मात्र २(१/२) वर्ष (दुई वर्ष छ महिना) कैद सजाय हुने ठहर गरेको सुरू बागलुङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बागलुङको मिति २०७२/१०/१९ को फैसला मिलेको नदेखिने ।

प्रतिवादीहरू मिनबहादुर दर्जी र नारायण दर्जीलाई रहजनी चोरी कसुरमा सजाय हुनुपर्ने भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, यी प्रतिवादीहरूले मौका र अदालतमा पीडितको नगद एवम् कुनै धनमाल आफूले नलगेको भनी रहजनी चोरीतर्फको अभियोग दाबिमा पूर्णइन्कारी रही बयान गरेको देखिन्छ । प्रस्तुत वारदात हुँदा रहजनी प्रकृतिबाट चोरी गरिएको भनिएको पीडितको मोबाइल, सुनको सिक्री र नगद दसीको रूपमा प्रतिवादीहरूबाट बरामद भएको पनि देखिँदैन । प्रस्तुत वारदातमा प्रतिवादीमध्येका मिनबहादुर दर्जीले जबरजस्ती करणीको कसुर गरेको तथा निज र अर्का प्रतिवादी नारायण दर्जी मिली पीडितको धनमाल रहजनी चोरीसमेतको कसुर गरेको भनी अभियोग दाबी लिइए तापनि अनुसन्धानको क्रममा वादी पक्षबाट चोरीको सामान बरामद गर्न प्रतिवादीहरूको घर खानतलासी गर्नुपर्नेमा सो पनि गरेको पाइँदैन । त्यस्तैगरी प्रहरीमा कागज गर्ने पीडित जाहेरवालाहरूका बाबु दुर्गा दर्जीले जाहेरवालीले खसालिन् वा प्रतिवादीहरूले लगे थाहा भएन भनी यी प्रतिवादीहरूले चोरी गरेका हुन् भनी किटानी रूपमा भन्नसकेको पाइँदैन । यसका अलावा प्रस्तुत मिसिल संलग्न कागजातहरूबाट प्रस्तुत वारदातमा पीडितको नगद तथा मोबाइल, सुनको सिक्रीलगायतका जिन्सी सामानहरू यी प्रतिवादीहरूले नै चोरी गरेकै हुन् भनी वादी नेपाल सरकारले अन्य कुनै ठोस एवम् वस्तुनिष्ठ सबुत प्रमाण पेस गर्न सकेकोसमेत पाइँदैन । यस्तो अवस्थामा केवल जाहेरी परेको आधारमा अभियोग मागदाबी गर्दैमा ठोस एवम् वस्तुनिष्ठ सबुत प्रमाणको अभाव रहेको अवस्थामा अनुमान एवम् शंकाको भरमा कसैलाई पनि दोषी करार गर्नु न्यायोचित नहुने हुँदा यी प्रतिवादीहरू मिनबहादुर दर्जी र नारायण

दर्जीउपरको रहजनी चोरी कसुरतर्फको अभियोग मागदाबी पुग्न नसक्ने ठहर गरेको सुरू बागलुङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बागलुङको मिति २०७२/१०/१९ को फैसला सो हदसम्म मिलेको देखिन आएकोले उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम नै रहजनी चोरीतर्फसमेत सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग मिसिल सम्बद्ध आधार र प्रमाणको कारणबाट सो हदसम्म सहमत हुन नसकिने।

प्रतिवादी मिनबहादुर दर्जीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. को कसुरको उद्योगमा सोही महलको ५ नं. बमोजिम २ वर्ष ६ महिना कैद सजाय हुने र प्रतिवादीहरू मिनबहादुर दर्जी तथा नारायण दर्जीउपरको रहजनी चोरीतर्फ अभियोग माग दाबी नपुग्ने ठहरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०७२/१०/१९ को फैसला प्रतिवादी मिनबहादुर दर्जीलाई जबरजस्ती करणीको कसुरतर्फ गरेको सजायको हकमा मात्र मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म केही उल्टी भई निज प्रतिवादी मिनबहादुर दर्जीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत ३(५) नं. अनुसारको कसुर अपराधमा सोही ३(५) नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने र निज प्रतिवादी मिनबहादुर दर्जीबाट पीडित बागलुङ-१ लाई ऐ. महलको १० नं. तथा १०(ग) नं. बमोजिम रू.५०,०००।– (अक्षरेपी पचास हजार) क्षतिपूर्ति दिलाई भराइपाउने । अन्य कुरामा पुनरावेदक/वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल माघ १५ गते रोज १ शुभम्।

४३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-CR-०१९६, जबरजस्ती करणी, नेपाल सरकार वि. नारायण दर्जी*

प्रतिवादी नारायण दर्जीले मिति २०७१/०५/१० मा वर्ष २३ की आफूलाई बागलुङ जिल्ला, हटिया गा.वि.स., वडा नं. ५ ओख्लेको जङ्गलमा जबरजस्ती करणी गरेको भनी पीडित बागलुङ २ ले निजउपर किटानी जाहेरी दिएकोमा उक्त किटानी जाहेरी समर्थित हुने गरी निजले सुरू अदालतमा आई बकपत्र गरेको देखिन्छ । प्रतिवादी नारायण दर्जीले मौकामा बयान गर्दा पीडित बागलुङ-२ लाई अनुहार गालामा टोकी भुइँमा पल्टाई कुर्था सुरुवाल खोलिदिई मुखसमेत चुसी मैले निजलाई जबरजस्ती करणी गरेको हुँ, सो क्रममा मैले बागलुङ-२ ले लगाएको कुर्था जबरजस्ती तान्दा कुर्था च्यातिएको भनी जबरजस्ती करणी गरेकोमा स्वीकार गरी बयान गरेको र अदालतमा बयान गर्दा निज पीडित बागलुङ-२ लाई जबरजस्ती करणी गरेकोमा इन्कारी रहे पनि निजलाई सहमतिमा करणी गरेको भनी करणी गरेकोमा स्वीकार गरी बयान गरेको पाइन्छ । प्रस्तुत मुद्दाको मिसिल संलग्न पीडित बागलुङ-१ र २ को स्वास्थ्य परीक्षण प्रतिवेदनमा बागलुङ-१ को देब्रे गालामा Bite mark र Trouser, Bra च्यातिएको र बागलुङ-२ को Rt. Parietal region मा Lacerated wound (Sized 1 x 1 $cm^2$) र कुर्था च्यातिएको भन्ने देखिन्छ भने घटनास्थल मुचुल्कामा वारदात भएको भनिएको स्थानमा घनघोर जङ्गल रहेको र उक्त स्थान वरिपरिको घाँसपात मडारिएको तथा माटो खोस्रिएको देखिएको भनी उल्लेख भएको पाइन्छ। यसबाट एकान्त घनघोर जङ्गल रहेको स्थानमा प्रतिवादी नारायण दर्जीले पीडित बागलुङ-२ को कुर्थासमेतका कपडासमेत च्यातचुत पारिसकेपछि पीडितको भनाइविपरीत प्रतिवादीले पीडितलाई जबरजस्ती करणी नगरी छाडे होलान् भनी विश्वास गर्न सकिने अवस्था पनि देखिँदैन। त्यस्तैगरी घटना विवरणमा कागज गर्ने दुर्गा दर्जीले पीडित बागलुङ-२ लाई यी प्रतिवादी नारायण दर्जीले जबरजस्ती करणी गरेको हो भनी अदालतमा

आई बकपत्र गरेकोसमेत देखिन्छ । यसरी आफूलाई जबरजस्ती करणी गरेकोमा यी प्रतिवादी नारायण दर्जीउपर वारदातको सम्बन्धमा पीडित बागलुङ-२ ले दिएको मौकाको किटानी जाहेरीलाई पीडित जाहेरवालाले अदालतमा आई गरेको बकपत्रले समर्थन गरेको, जबरजस्ती करणीको आरोपित कसुरलाई स्वीकार गरी प्रतिवादी नारायण दर्जीले गरेको मौकाको बयान तथा पीडित बागलुङ-२ लाई सहमतिमा करणी गरेको भनी करणी गरेकोमा साबित रही अदालतमा गरेको बयान, पीडितको शारीरिक परीक्षण प्रतिवेदन र घटनास्थल मुचुल्कासमेतका ठोस तथा वस्तुनिष्ठ प्रमाणहरूसमेतबाट यी प्रतिवादी नारायण दर्जीले पीडित बागलुङ-२ लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आयो । अतः जबरजस्ती करणी सम्पन्न भएको पर्याप्त प्रमाणको उपस्थिति रहेकोमा जबरजस्ती करणीको उद्योग मात्र भएको तर जबरजस्ती करणी सम्पन्न हुन नपाएको भनी तथ्य र प्रमाणलाई अनदेखा गरी उद्योगतर्फ मात्र ठहर गरेको सुरू अदालतको फैसला सदर गरेको उच्च अदालतको फैसला उचित र मनासिब देखिन आएन । यस्तो अवस्थामा यी प्रतिवादी नारायण दर्जीले वर्ष २३ की पीडित नाम परिवर्तित नाम थर बागलुङ-२ लाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत, ३(५) नं. अनुसारको कसुर अपराध गरेकोले निज प्रतिवादी नारायण दर्जीलाई ऐ. ३(५) नं. बमोजिम सजाय गर्नुपर्नेमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. को कसुरमा ऐ. को ५ नं. बमोजिम २ (१/२) वर्ष (दुई वर्ष छ महिना) कैद सजाय हुने ठहर गरेको सुरू बागलुङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बागलुङको मिति २०७२/१०/१९ को फैसला मिलेको देखिन नआएको ।

प्रतिवादी नारायण दर्जीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(५) नं.को कसुरको उद्योगमा सोही महलको ५ नं. बमोजिम २ वर्ष ६ महिना कैद सजाय हुने ठहरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, बाग्लुङ्गको मिति २०७२/१०/१९ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई निज प्रतिवादी मिनबहादुर दर्जीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत, ३(५) नं. अनुसारको कसुर अपराधमा सोही ३(५) नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने र निज प्रतिवादी नारायण दर्जीबाट पीडित बागलुङ २ लाई ऐ. महलको १० नं. तथा १०(ग) नं. बमोजिम रू.५०,०००।- (अक्षरेपी पचास हजार) क्षतिपूर्ति दिलाई भराइपाउने ।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल माघ १५ गते रोज १ शुभम् ।

**४४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-०११०, भ्रष्टाचार (घुस / रिसवत), भरतराज पौडेल वि. नेपाल सरकार*

प्रतिवादी राष्ट्रसेवक पदमा कार्यरत कर्मचारी रहेको भन्नेमा विवाद देखिँदैन । निजलाई घुस/ रिसवतका लागि रू.१,०००।- का दरले १० थान नोट निवेदक / उजुरवाला नेपाल भुषण थापालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराबाट उपलब्ध गराइएको र सोही रकम प्रतिवादीको टेबलको घर्राबाट बरामद भएको भन्ने आरोप-पत्रबाट देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराबाट उपलब्ध गराएको रकमबाहेक अन्य कुनै रकमलाई घुस / रिसवत मानी बिगो कायम गरेकोसमेत आरोपपत्रलगायत मिसिल संलग्न कागजातबाट देखिँदैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराबाट उपलब्ध गराएको रूपियाँ रकमलाई यसै अदालतको संवैधानिक इजलासले प्रमाणको लागि ग्रहणयोग्य नहुने भनी प्रमाण सङ्कलन गर्ने कानूनी व्यवस्थालाई अमान्य र बदर घोषित गरिसकेको अवस्थामा सोही कानूनी व्यवस्थाको

आधारमा सङ्कलित प्रमाणको आधारमा विशेष अदालत काठमाडौंबाट यी प्रतिवादीलाई कसुरदार ठहऱ्याई भएको फैसला संवैधानिक इजलासको व्याख्याको रोहमा कानूनसम्मत मान्न नमिल्ने ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ ले रिसवत लिने, दिने र त्यस प्रकारको कसुर गर्न दुरूत्साहन दिने कार्यलाई निषेध गरी त्यस्तो कसुरजन्य कार्य गर्ने व्यक्तिलाई बरामदी बिगो अनुसार कैद र जरिवानाको सजाय गर्नुपर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । त्यसैले रिसवत लिने, दिने र दुरूत्साहन दिने कार्य कानूनद्वारा निषेधित आपराधिक कार्य हुन् । साथसाथै "रिसवतको रकम जफत हुने" भन्ने प्रावधान भ्रष्टाचार निवारण ऐन, २०५९ मा रहेको देखिन्छ । तर यसको तात्पर्य रिसवत लिने दिने कार्यमा नै स्वयम् अनुसन्धान गर्ने निकाय नै संलग्न हुन पाउँछ भन्ने होइन । प्रस्तुत विवादमा यी पुनरावेदक प्रतिवादीउपर अभियोग लगाउँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा आफैँले उपलब्ध गराएको सरकारी कोषको रकम आफ्नै कर्मचारी पठाई प्रतिवादीको टेबलको घर्राबाट बरामद गरेको देखिन्छ र सोही बरामदी रकमलाई नै बिगो कायम गरी अभियोग लगाएको देखियो । यसरी माथि वर्णित ०७४-WC-००२० को रिट निवेदनमा यस अदालतको संवैधानिक इजलासबाट भएको आदेशबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराले प्रतिवादीलाई रिसवत दिन भनी उपलब्ध गराएको रकमकै आधारमा बिगो कायम भइआएको प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम बिगो कायम हुन नसक्ने अवस्थामा प्रतिवादीलाई कसुरदार ठहर गर्न नमिल्ने ।

अत: प्रतिवादी भरतराज पौडेलको टेबलको घर्राबाट बरामद भएको भनिएको रकम तथा बरामदी मुचुल्कालाई प्रमाणमा ग्रहण गर्न नमिल्ने भएको र सोबाहेकका अन्य कुनै भरपर्दो एवम् विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले आरोप दाबी प्रमाणित गर्न सकेको नदेखिँदा पुनरावेदक प्रतिवादी भरतराज पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू.१०,०००/- (दश हजार) रूपियाँ जरिवाना र दफा ३ (१) (क) बमोजिम १५(पन्ध्र) दिन कैदको सजाय हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७२।१२।०३ मा भएको फैसला त्रुटिपूर्ण देखिएकोले सो फैसला उल्टी भई पुनरावेदक प्रतिवादी भरतराज पौडेलले आरोपपत्रबाट सफाइ पाउने ।

इजलास अधिकृत : सुमनप्रसाद कुशवाहा
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०७८ पौष २२ गते रोज ५ शुभम् ।

## ४५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. हरिप्रसाद फुयाल,** *०७६-WO-०६५०, उत्प्रेषणयुक्त / परमादेश, सुशिला तिमिल्सिना वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत*

निवेदकका पति मुकुन्द घिमिरेसमेत निजामती सेवामा रहेको र निजको समायोजन सङ्घअन्तर्गत महालेखा परीक्षकको कार्यालयमा भएकोसमेत मिसिल संलग्न कागजातबाट देखियो । यस अवस्थामा नेपाल सरकारको स्थायी कर्मचारीलाई समायोजनका लागि कर्मचारी समायोजन ऐनको भावनाअनुरूप निजले समायोजन फाराममा माग गरेको दरबन्दी भएको स्थानमा सकेसम्म पति पत्नी एकै जिल्लामा समायोजन गर्नुपर्नेमा सो नगरी स्थानीय तहअन्तर्गत बेलकोटगढी नगरपालिका, नुवाकोटमा गरेको समायोजन कानूनसम्मत मान्न मिलेन । यस स्थितिमा सङ्गठन संरचना र स्वीकृत दरबन्दीबमोजिम मात्र कर्मचारी समायोजन गर्नुपर्ने हुँदा सबै कर्मचारीले आफूले रोजेको र पायक पर्ने स्थानमा समायोजन गर्न सक्ने सम्भावना नरहने हुँदा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५(१) अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी सेवाका कर्मचारीलाई समायोजन गरिएको

प्रत्यर्थीहरूको कार्य कानूनसम्मत रहेको छ भन्ने विपक्षीतर्फका विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

निवेदक सरकारको स्थायी कर्मचारी रहेको हुँदा निजलाई समायोजन गर्दा सामान्यतः समायोजनका लागि भरेको फाराममा उल्लिखित प्राथमिकता क्रम अनुसार समायोजन गर्नुपर्नेमा सो नगरी प्राथमिकता क्रममै उल्लेख नगरेको स्थानीय तह बेलकोटगढी नगरपालिका, नुवाकोटमा गरेको समायोजन कानून र न्यायसङ्गत नदेखिँदा उक्त निर्णय र पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने देखिने।

तसर्थ, निवेदकलाई सम्भव भएसम्म निजले समायोजनको लागि भरेको फाराममा उल्लिखित प्राथमिकताक्रममा रहेका कार्यालयहरूमा कर्मचारी समायोजन ऐन, २०७५ ले निर्धारण गरेको मापदण्डबमोजिम समायोजन गर्नुपर्नेमा सो नगरी बेलकोटगढी नगरपालिका, नुवाकोटमा समायोजन गर्ने प्रत्यर्थी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।३।१ को पत्रानुसार प्रत्यर्थी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७६।५।१३ को निर्णय र मिति २०७६।५।१५ को पत्रसमेत कार्यान्वयन हुन नसक्ने भई उक्त संवैधानिक तथा कानूनी व्यवस्थाविपरीत रहेको देखिँदा सोसम्बन्धी निर्णय, पत्राचार एवम् काम कारबाही यी निवेदकको हकमासम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने।

परमादेश आदेश सार्वजनिक कर्तव्य वहन गर्नुपर्ने दायित्व तोकिएको कुनै पनि व्यक्ति वा निकायले त्यस्तो दायित्व पूरा नगरेको कारण उनीहरूको नाउँमा कानूनबमोजिम गर्नुपर्ने कर्तव्य पूरा गर्नु भनी माथिल्लो अदालतबाट जारी गरिने आदेश हो। यो रिट जारी गर्न निवेदन मागबमोजिमको माग गर्न पाउने कानूनी अधिकार र जसको नाउँमा रिट जारी हुने हो, यस्तो व्यक्ति वा निकायसँग निवेदकले माग गरेअनुरूपको कार्य गर्नुपर्ने कानूनी दायित्व हुनुपर्दछ। यो उपचारात्मक प्रकृतिको विशेषाधिकार सम्पन्न रिट हो। यो रिट मौलिक हक प्रचलनको लागि, कानूनबमोजिम को कार्यसम्पादन गराउने प्रयोजनका लागि, संविधान वा कानूनद्वारा सुम्पिएका अन्य सार्वजनिक कर्तव्य निर्वाह गराउने प्रयोजनको लागि जारी हुन सक्दछ । सो अनुसार मिसिल संलग्न तथ्य एवम् प्रमाणबाट यी निवेदकलाई असमान व्यवहार भएको भन्ने देखिएको र निजले सामान्यतः आफूले रोजेको कार्यालयमा समायोजन हुन पाउने अवस्था हुँदाहुँदै निजलाई समायोजन फाराममा नरोजेको स्थानीय तह बेलकोटगढी नगरपालिका, नुवाकोटमा समायोजन गरेको देखिनुका साथै उक्त समायोजन संशोधन गरिपाउँ भनी गुनासो निवेदन दिँदासमेत गुनासो सम्बोधन गरेको नदेखिएको यस स्थितिमा निवेदकले समायोजनको फाराममा भरेको प्राथमिकताक्रमअनुसारको कार्यालयसमेतमा समायोजन गर्न मिल्ने नै देखिँदा कानूनबमोजिम समायोजन तथा पदस्थापन गर्न परमादेशको आदेश जारी गर्नुपर्ने देखिने।

अत: निवेदकलाई आफूले रोजेको कार्यालयमा समायोजन हुन पाउने अधिकार संविधान र कानूनले प्रत्याभूत गरेको देखिएको र कर्मचारी समायोजन, ऐन २०७५ को उद्देश्य पनि दरबन्दी रिक्त भएको स्थानमा वा स्थायी ठेगाना भएको कार्यालयमा समायोजन गरी कर्मचारी व्यवस्थापन गर्ने नै रहेको हुँदा सो अनुसार आवश्यक समन्वय गरी निवेदकलाई ऐ. ऐनको दफा ८ को उपदफा (१), (२) र (३) बमोजिम समायोजनका आधारहरू विचार गरी निवेदकले भरेको समायोजन फाराममा उल्लिखित प्राथमिकता क्रमअनुसारको कार्यालयमा क्रमशः कानूनबमोजिम समायोजन तथा पदस्थापन गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत (उपसचिव) : यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर अपरेटर : मन्जिता ढुंगाना
इति संवत् २०७९ साल साउन २५ गते रोज ४ शुभम्।

४६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-RB-०६१९, हाइड्रोलिक कटर मेसिनसमेत चोरी पैठारी, विरेन्द्रकुमार पाल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीलाई ऐ.ऐनको दफा ५७(२) बमोजिम मात्र सजाय हुनुपर्ने देखियो। भन्सार ऐन, २०६४ को दफा दफा ५७(२) मा उपदफा (१) बमोजिम जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने सम्बन्धित भन्सार अधिकृत वा जिल्ला अदालतले त्यस्तो सवारी साधन जफत गरी निजलाई एक वर्षसम्म कैद गर्न सक्ने छ। सवारी साधनको धनीको सहमति वा जानकारीबिना सवारी चालकले जानाजानी त्यस्तो मालवस्तु ढुवानी गर्न सो साधन प्रयोग गरेको रहेछ भने त्यस्तो चालकलाई सम्बन्धित भन्सार अधिकृतले पाँच हजार रूपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने छ भन्ने कानूनी व्यवस्था देखिन्छ । यसरी हेर्दा उक्त ऐनको दफा ५७(१) को प्राथमिक उद्देश्य मालधनीप्रति इङ्गित देखिन्छ भने दफा ५७(२) अवैध सामान हो भन्ने थाहा पाई काम गर्ने सवारी चालकले मालधनी देखाइदिएको अवस्थामा चालकको आवरणमा मालधनी भएमा मात्र लागु हुने।

प्रतिवादी विरेन्द्रकुमार पालले अनुसन्धानको क्रममा गरेको मौकाको बयान (सवाल जबाफ ७) मा नेपालको मालधनी थाहा छैन भनी बयान गरे तापनि निजले पेस गरेको Bill For Export For Goods को Buyer Name and Address मा Durgeshowari Electircal Nepalgunj (Nepal) र Exporter Name and Address मा Aggrawal Sons Kanpur लेखिएको, भारतको भन्सारबाट Export Allowed भन्ने Bill मा छाप लागेको देखिन्छ। यसबाट उक्त फर्म दुर्गेश्वरी इलेक्ट्रिकल्स नेपालमा आयात गर्ने Enterprises रहेको भन्ने देखिन्छ भने यी पुनरावेदक प्रतिवादीले बरामदित सामानसहितको मिनी ट्रक नेपालगन्ज भन्सार कार्यालयनजिकै तर भन्सार हाताबाहिर रोकिराखेको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले नेपालमा आयातकर्ता खुलाउन नसकेको वा आफैँ आयातकर्ता भई सवारी चालकको आवरणमा कारोबार गरेको देखिएकोमा मात्र भन्सार ऐन, २०६४ को दफा ५७(१) को प्रयोग हुनसक्नेमा प्रस्तुत मुद्दामा देखिएका तथ्य प्रमाणबाट प्रस्तुत वारदात उक्त ऐनको दफा ५७(२) को अवस्थाको विद्यमानता देखिँदा पुनरावेदक प्रतिवादीलाई उक्त दफाबमोजिम बढीमा अधिकतमसम्म सजाय मात्र हुन सक्ने।

तसर्थ, पुनरावेदक प्रतिवादी विरेन्द्रकुमार पालले अनुसन्धानको क्रममा राजस्व अनुसन्धानमध्ये तथा सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, कोहलपुरमा बयान गर्दा भारतीय नम्बरप्लेट UP ३५ T ७३०७ नं. को EICHER मिनी ट्रकको चालक हुँ भनी बयान गरेको, निज प्रतिवादीले पेस गरेको Bill For Export For Goods को Buyer Name and Address मा Durgeshowari Electircal Nepalgunj (Nepal) र Exporter Name and Address मा Aggrawal Sons Kanpur उल्लेख भई भारतको भन्सारबाट Export Allowed भन्ने छाप लागेको Bill समेत मिसिल संलग्न रहेको, नेपालमा आयात गर्ने Durgeshowari Electircal Nepalgunj (Nepal) Enterprises देखिएको तथा आयात गरिएको हाइड्रोलिक कटर मेसिनसमेत रहेको ट्रक सवारी चालकले नेपालगन्ज भन्सार कार्यालय नजिकै प्रतिवादीले पार्किङ गरिराखेको देखिएको, यी पुनरावेदक प्रतिवादीले नेपालमा आयातकर्ता खुलाउन नसकेको वा आफैँ आयातकर्ता भई मालधनीको आवरणमा स्वयं ड्राइभर (सवारी चालक) ले कारोबार गरेको देखिएमा मात्र भन्सार ऐन, २०६४ को दफा ५७(१) को प्रयोग हुनसक्नेमा सो अवस्थाको विद्यमानता नरही प्रस्तुत मुद्दामा भन्सार ऐन, २०६४ को दफा ५७(२) को अवस्था विद्यमान भएको देखिँदा उक्त दफा अनुसार प्रतिवादीलाई

अधिकतम सजाय १ वर्ष कैद र रू.५,०००।– (पाँच हजार) जरिवाना मात्र हुनसक्नेमा सुरू फैसला केही उल्टी गरी प्रतिवादीलाई सुरूले गरेको जरिवानाको अङ्कसम्म कम गरी जरिवाना रू.१४,२९,६००।– मात्र हुने ठहर्‍याई राजस्व न्यायाधिकरण, नेपालगन्जले मिति २०७५।०२।२५ मा गरेको फैसला सो हदसम्म मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई प्रतिवादी विरेन्द्रकुमार पाललाई १(एक) महिना कैद र रू.५,०००।– (पाँच हजार) जरिवाना हुने ।

अब बरामदित सवारी साधन भारतीय नम्बरप्लेटको UP३५T ७३०७ नं. EICHER मिनी ट्रक र सोमा रहेका हाइड्रोलिक कटर मेसिनसमेतका मालवस्तु जफत गर्ने गरेको सुरू फैसला सदर गरेको राजस्व न्यायाधिकरण, नेपालगन्जको फैसला मिले, नमिलेको के रहेछ ? सो सम्बन्धमा विचार गर्दा, भन्सार ऐन, २०६४ को दफा ३(१) मा भन्सारसम्बन्धी कानूनको प्रशासन गर्ने तथा उक्त ऐनबमोजिम भन्सार महसुल सङ्कलन गर्ने प्रयोजनका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै क्षेत्रलाई भन्सार क्षेत्रको रूपमा तोक्न सक्ने व्यवस्था गरेको देखिन्छ । सो अनुसार नेपालगन्ज भन्सार कार्यालयबाट भन्सार क्षेत्र तोकिएको सूचना प्राप्त नभए तापनि नेपालगन्ज भन्सार कार्यालयको भन्सार क्षेत्र यो यो क्षेत्र पर्ने भनी नेपालगन्ज भन्सार कार्यालयले राजस्व न्यायाधिकरण, नेपालगन्जलाई लेखेको पत्र जबाफ मिसिल सामेल रहेको पाइयो । सो अनुसार पुनरावेदक प्रतिवादी विरेन्द्रकुमार पालले आफूले चलाई ल्याएको मिनी ट्रक रोकिराखेको भनेको ठाउँ "चौलिका" नेपालगन्ज भन्सार कार्यालयको भन्सार क्षेत्रभित्र पर्ने देखिएन । भन्सार ऐन, २०६४ को दफा ३(३) ले नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने मालवस्तु उपदफा (२) बमोजिमको बाटोबाट मात्र निकासी वा पैठारी गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको सन्दर्भमा यी प्रतिवादीले चलाई ल्याएको मालसामानसहितको बरामदित ट्रक भन्सार क्षेत्रभित्र प्रवेश नगरी अन्यत्रैबाट पक्राउ परेको देखिँदा भन्सार नतिरी ल्याएका बरामदी मुचुल्कामा उल्लिखित प्रतिवादीले चलाई ल्याएको भारतीय नम्बरप्लेटको UP३५T ७३०७ नं. EICHER मिनी ट्रक र सो मुचुल्कामा उल्लिखित हाइड्रोलिक कटर मेसिनसहितका सामान भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत हुने ठहर्‍याएको राजस्व न्यायाधिकण मध्ये तथा सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय कोहलपुर, बाँकेबाट भएको फैसला सो हदसम्म सदर गर्ने गरेको राजस्व न्यायाधिकरण, नेपालगन्जको मिति २०७५।०२।२५ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल असार २१ गते रोज २ शुभम् ।

## ४७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-CI-१००७, फैसला बदर, हिरालालप्रसाद कलवार वि.असियादेवी थरूनी*

जिल्ला बारा, रमपूर्वा गा.वि.स. वडा नं. ४ कि.नं. १४२ को ज.वि. ०-२-१५ र ऐ कि.नं. १४३ को ज.वि. ४-८-० को जग्गाधनी पुनरावेदक प्रतिवादी र मोही साबिकमा प्रत्यर्थी वादीका ससुरा तुलसी चौधरी रहेको तथ्यमा विवाद छैन । निज तुलसी चौधरीको २०३३ सालमा मृत्यु भएको देखिन्छ । सोपश्चात् मोहीले जोत कमोत नगरेको भनी प्रतिवादीले मोही निष्काशन मुद्दा दायर गरेकोमा सो मुद्दाका प्रतिवादी एवम् यस मुद्दाका प्रत्यर्थी वादीका लोग्ने झमन चौधरीले प्रतिउत्तर नफिराई बसेको भनी बारा जिल्ला अदालतबाट मिति २०३७।३।२१ मा मोही निष्काशन हुने ठहरी फैसला भएको देखिए तापनि पुनरावेदक प्रतिवादी (सो मुद्दाका वादी) ले उक्त फैसलाबमोजिम मोहीको लगत कट्टा गराउनेतर्फ कुनै कारबाही चलाएको वा मोही लगत कट्टाको निर्णय भए गरेको देखिँदैन । अपितु मिति २०६५।११।१६ मा पति

झमन चौधरीबाट यी वादीका नाममा सो जग्गाको मोही नामसारी भई गएको देखिन्छ । पुनरावेदक प्रतिवादीले उक्त मोही नामसारीको निर्णय बदरतर्फ दाबी लिएको देखिँदैन । पछि २०६१, २०६४, २०६५ र २०६६ सालमा मोहीले कुत बाली नबुझाएकोले कुत बाली भराई मोही निष्काशन गरिपाउँ र मोही बाँडफाँट गरिपाउँ भनी भूमिसुधार कार्यालय बारामा मुद्दा दायर गरेको देखिएबाट प्रतिवादीको आचरणले नै प्रत्यर्थी वादीको मोहीको हैसियत स्वीकार गरेको देखिन्छ । पुनरावेदक प्रतिवादी स्वयंले मोही हक बाँडफाँट गरिपाउँ भनी २०६१ सालमा निवेदन दिएको देखिएबाट २०३७ सालको फैसलाबाटै मोही हक समाप्त भएको भन्ने प्रतिउत्तर जिकिर परस्पर विरोधाभाषी देखियो । २०३७ सालमा नै मोही निष्काशन भइसकेको भनी निजले लिएको जिकिर यसबाट खण्डित हुन पुगेको छ । पुनरावेदकले प्रत्यर्थी वादीलाई मोहीका रूपमा स्वीकार गरिसकेको अवस्थामा निजले कानूनबमोजिम मोहीको दायित्व पूरा गरेको नभए यसै विषयमा भूमिसुधार कार्यालयमा विचाराधीन मोही निष्काशनको मुद्दाबाट निरूपण हुने नै हुँदा त्यसतर्फ बोलिरहनुपर्ने अवस्था देखिएन । यसबाट मिति २०३७।३।२१ को फैसला व्यवहारतः कायम नरहेको र वादी प्रतिवादीको आचरणबाट नै उक्त फैसलाको औचित्य समाप्त भइसकेको देखिँदा वादी दाबीबमोजिम फैसला बदर गर्ने गरी भएको सुरू फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, माथि विवेचित आधार, प्रमाण र कारणहरूबाट बारा जिल्ला अदालतको मिति २०३७।३।२१ को मोही निष्काशन हुने गरी भएको फैसला बदर हुने गरी मिति २०७३।४।३० मा बारा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको मिति २०७४।५।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल भाद्र ९ गते रोज ५ शुभम् ।

**४८**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री नहकुल सुवेदी,** *०७२-CI-१९८६, अंश दर्ता, रामचेला महरा चमार वि. रघु महरा चमार*

प्रस्तुत मुद्दामा प्रतिवादीको हाँगातर्फ गिरधारी महराले बकसबाट प्राप्त गरेको कित्ता नं. ४०९ र भगिरथीदेवीले बकसबाट प्राप्त गरेको कित्ता नं. ४०८ र ६५१ का कित्ता जग्गा निजहरूको निजी आर्जन ठहर गरेकोमा वादीले चित्त बुझाई बसेको देखिन्छ । अन्य बाँकी सम्पत्तिमध्ये कित्ता नं. ४ र ७ मात्र पैतृक भन्ने जिकिर लिई नापीको समयको फिल्डबुक उतारलाई प्रमाणका रूपमा पेस गरेको भए तापनि सो बाहेकका अन्य बाँकी कित्ता नं. १३६, ३, ५ र ८१ पनि निजहरूका नाउँमा २०३४ सालभन्दा अगाडि नै दर्ता भएको देखिन्छ । २०३४ सालपछि आर्जन गरेको अवस्था पनि होइन। वि.सं. २०२१।२२ सालमा नापी भएकोमा तत्पश्चात् २०३४ सालभित्रै गिरधारी महराले कुनै उद्यम व्यापार व्यवसाय गरी सो कित्ता जग्गा जोडेको भन्ने न त प्रतिवादीको जिकिर रहेको छ, न मिसिलबाट त्यस्तो तथ्य खुल्न आउँछ । यस स्थितिमा वादीले आफूलाई प्राप्त पैतृक सम्पत्ति नासी मासी खाएको र प्रतिवादीले उद्यमधन्दा गरी आर्जन गरेको भन्ने नदेखिएको र अंशियारले आफ्नो कानूनबमोजिमको अंश हकमा जहिलेसुकै दाबी गर्न सक्ने नै हुँदा सगोलको पैतृक सम्पत्तिमा सबै अंशियारको हक कायम हुनुपर्छ । उल्लिखित तथ्यको विश्लेषणबाट वादीले अस्वाभाविक समयको अन्तरालमा सगोलमा रहेको भनी दाबी गरेको अवस्थासमेत देखिन नआउने।

प्रतिवादीहरूले पुनरावेदक प्रतिवादी रामचेला महरा र प्रत्यर्थी वादीका भाइ जवाहिर महराबिच बारा

जिल्ला अदालतमा लेनदेन मुद्दा परी डिसमिस भएको अवस्था छ । सगोलका अंशियारबिच लेनदेन मुद्दा चल्न नसक्ने भएकाले सो मुद्दाबाट निजहरू व्यवहार प्रमाणबाट अलग भई बसेको स्थापित हुन्छ भनी लिएको जिकिरतर्फ हेर्दा उक्त मुद्दा यिनै पुनरावेदक प्रतिवादी रामचेला महरा फिरादी भई वादीका भाइ जवाहिर महराउपर दायर गरेको देखिन्छ । सो मुद्दामा प्रतिवादीले प्रतिउत्तर फिराउँदा निजले आफूहरू सगोलमा रहेको र ऋण तिर्नुपर्नेसमेत छैन भनी प्रतिउत्तर जिकिर लिएकोमा वादीले तारिख गुजारी बारा जिल्ला अदालतबाट मिति २०५५।२।११ मा डिसमिस फैसला भएको देखिन्छ । सो मुद्दामा अदालतले तथ्यमा प्रवेश गरी वादी प्रतिवादीहरू एकासगोलका अंशियार भए नभएको भनी विश्लेषण गरेको अवस्था छैन । यस स्थितिमा पुनरावेदक प्रतिवादी आफैँले मुद्दा हाली तारेख गुजारी डिसमिस गराएको देखिएको अवस्थामा सोही डिसमिस फैसलालाई प्रमाणको रूपमा मानी वादी प्रतिवादीहरू अलग भई बसेका रहेछन् भनी मान्न मिलेन । प्रतिवादीले आफूले दिएको मुद्दाको तारिख गुजारी मुद्दा डिसमिस भएकोमा सोको परिणामबाट निजले नै लाभ लिन सक्ने गरी निजहरू भिन्न भई बसेको भनी अर्थ गर्न न्यायको रोहमा मिल्ने देखिएन । अपितु यसबाट प्रतिवादीले वादीहरू धन अंश लिई अलग बसेको भन्ने तथ्य स्थापित गराउन प्रमाण सिर्जना गर्ने हेतु उल्लिखित अंश मुद्दा र लेनदेन मुद्दासमेत दायर गरी मिलापत्र र डिसमिस गरे गराएको भन्ने स्पष्ट हुन आउने ।

वादी प्रतिवादीहरूबिच नाता पुस्तामा विवाद नदेखिएको, निजहरूबिच विधिवत् अंशबन्डा भएको अवस्था नरहेको, प्रतिवादीहरूबिच चलेका अंश मुद्दा एवम् सो मुद्दामा निजहरूबिच भएको मिलापत्र र प्रतिवादी रामचेला महरा र प्रत्यर्थी वादीका भाई जवाहिर महराबिच चलेको लेनदेन मुद्दाको डिसमिस फैसलालगायत मुद्दाको तथ्यबाट वादी प्रतिवादीहरू घरसारमा अंश लिई अलगअलग भएको भन्ने व्यवहार प्रमाणबाट पुष्टि हुन नआएकाले वादीलाई प्रतिवादीहरूको सगोलको ठहऱ्याई अंश पाउने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

माथि विवेचित आधार, कारण र कानूनी व्यवस्थाबाट गिरधारी महराले बकसपत्रबाट प्राप्त गरेको कि.नं. ४०९ र भगिरथीदेवीले बकसपत्रबाट प्राप्त गरेको कि.नं.४०८ भगिरथीदेवीको नामको कि.नं.६५१ का जग्गाबाहेक गरी अन्य सम्पत्तिबाट वादीले फिराद दाबीबमोजिम २ भागको १ भागमध्ये २ खण्डको १ खण्ड छुट्याई बन्डा लिन पाउने ठहऱ्याई भएको सुरू बारा जिल्ला अदालतको मिति २०७०।३।११ को फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौँडाको मिति २०७१।१।२४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्दिरा कार्की गेलाल / शिव वाग्ले
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०७९ साल साउन १५ गते रोज १ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-१९९०, मिलापत्र बदर दर्ता बदर, रामचेला महरा चमार वि. रघु महरा चमार
- ०७२-CI-१९८९, नामसारी निर्णय दर्ता बदर, रामचेला महरा चमार वि. रघु महरा चमार

४९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-MS-०००९, अदालतको अवहेलना, दलबहादुर थापामगरसमेत वि. रूद्रप्रसाद पौडेल*

निवेदकहरूले बदर गर्न भनी माग गरेको विज्ञापनबमोजिमको परीक्षा सञ्चालन भई परीक्षाफलसमेत प्रकाशन भइसकेको भन्ने विद्वान् कानून व्यवसायीहरूले इजलासलाई अवगत गराएको सन्दर्भमा २०७६ सालको विज्ञापन र

उक्त विज्ञापनबमोजिमको परीक्षामा योग्यता पुगेका निवेदकलाई सामेल हुन दिनु भनी यस अदालतबाट मिति २०७६।११।२८ मा आदेश भएकोमा सो आदेशबमोजिम परीक्षाफलसमेत प्रकाशित भइसकेपछि परीक्षामा सफल हुन नसकेको अनुत्तीर्ण निवेदकहरूले अन्तरिम आदेश जारी भएको झण्डै अठार महिनापछि मात्र प्रस्तुत अवहेलनाको निवेदन दायर गरेको देखिन आएबाट समेत निवेदन दाबी स्थापित हुन सक्ने अवस्था नदेखिने।

निवेदन मागबमोजिम विपक्षीलाई अदालतको अवहेलनामा सजाय गर्नका लागि निजले यस अदालतबाट जारी आदेशको पालना नगरी वा अदालतको कामकारबाहीमा बाधा अवरोध सिर्जना गरी अदालतको अवज्ञा गरेको देखिनुपर्दछ तर प्रस्तुत मुद्दामा विपक्षीले यस अदालतको आदेशबमोजिम योग्यता पुगेका निवेदकलाई परीक्षामा सहभागी गराएको अवस्था देखिनुका साथै उक्त परीक्षाको परीक्षाफलसमेत प्रकाशित भएको भन्नेसमेत आधारमा यी निवेदकहरूले दायर गरेको लगाउको रिट निवेदन आज यसै इजलासबाट खारेज भएबाट समेत विपक्षीले यस अदालतबाट जारी भएको आदेशको पालना नगरी अदालतको अवहेलना गरेको नदेखिने।

तसर्थ, निवेदन दाबीबमोजिम विपक्षीलाई अदालतको अवहेलनामा कारबाही र सजाय गरिपाउँ भन्ने निवेदकको दाबी पुग्न सक्दैन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : चेतराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल साउन १८ गते रोज ४ शुभम्।

**५०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-WO-०८८९, उत्प्रेषणयुक्त परमादेशसमेत, दलबहादुर थापामगरसमेत वि. दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालय लैनचौर, काठमाडौंसमेत*

निवेदकहरूले आधार लिएको विनियमावलीको कानूनी व्यवस्था र रिट निवेदनमा बदर गर्न माग गरिएको विज्ञापन सम्बन्धमा फरक फरक कानूनी व्यवस्था देखिएको, निवेदकहरूमध्ये विनियमावलीबमोजिम योग्यता पुगेका निवेदकहरूले सोही विज्ञापनबमोजिमका पदको परीक्षामा पनि सहभागी भएका तथा निवेदनमा बदर गर्न माग गरेको विज्ञापनबमोजिमको परीक्षा सञ्चालन भई परीक्षाफलसमेत प्रकाशन भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

प्रस्तुत निवेदन खारेज हुने ठहरे तापनि बहसका क्रममा निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले रिट निवेदकहरूलाई दुग्ध विकास संस्थान कर्मचारी प्रशासन विनियमावली, २०६३ (आठौँ संशोधन, २०७६) को विनियम ३७(४) बमोजिम स्वत: बढुवा हुने अवधि व्यतीत भइसक्दा पनि संस्थानले त्यस्तो बढुवा नगरिदिएका कारण निवेदकहरूलाई गम्भीर मर्का परेको भनी उठाएको विषयवस्तुलाई न्यायको रोहमा हेर्न आवश्यक देखियो। रिट निवेदकहरू लामो समयदेखि विपक्षी संस्थानमा तल्लो तहका पदमा कार्यरत रहेको तथ्यमा विवाद छैन। शैक्षिक योग्यतालगायतका कारण वृत्ति विकासका अन्य अवसर नभएका तर जीवनको उर्जाशील समय विपक्षी संस्थानमा नै समर्पित गरेका तल्लो दर्जाका राष्ट्रसेवक कर्मचारीहरूलाई एक तह स्वतः बढुवा गरी काममा उत्प्रेरित गर्ने उद्देश्यले विनियमावलीमा स्वतः बढुवासम्बन्धी विशेष व्यवस्था गरिएकोमा उक्त व्यवस्थाको कार्यान्वयन नगरी निजहरूको वृत्ति विकासमासमेत अवरोध सिर्जना गर्नु न्यायको दृष्टिमा उचित र मान्य हुँदैन। विनियमावलीको उक्त व्यवस्था कार्यान्वयन गर्नु विपक्षी संस्थान व्यवस्थापनको दायित्व एवम् प्रमुख जिम्मेवारी हो। विनियमावलीको व्यवस्था कुनै पनि

बहानामा कार्यान्वयन नगरी निजहरूलाई स्वतः बढुवा पाउने हकबाट वञ्चित गर्दा विपक्षी संस्थानले आफ्नो दायित्व पूरा गरेको मान्न मिल्दैन। तसर्थ, दुग्ध विकास संस्थान विनियमावली (आठौँ संशोधन), २०६३ को विनियम ३७(४) बमोजिम आवश्यक सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पुगेका कर्मचारी स्वतः एक तह बढुवा हुन पाउने हुँदा न्यायको रोहमा निवेदकहरूको मर्का विचार गरी स्वतः बढुवासम्बन्धी विनियमावलीको व्यवस्था शीघ्र कार्यान्वयन गरी निवेदकहरूको चासो र सरोकारको संवोधन गर्नु भनी विपक्षी दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय लैनचौर, काठमाडौं र उक्त संस्थानका महाप्रबन्धक तथा पदपूर्ति समितिका अध्यक्षको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत : चेतराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल साउन १८ गते रोज ४ शुभम्।

**५१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-CR-१११०, जबरजस्ती करणी, सुरेश दर्लामी मगर वि. नेपाल सरकार*

पीडित नाबालिकाको आमा जाहेरवाली ३१ पालुङ (०७५/७६-घ) ले मौकामा दिएको जाहेरी बेहोरा समर्थन हुने गरी अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्र, घटनास्थल मुचुल्काका दिपक हमाल, राजेश हमाल एवम् घटना विवरण कागजका नवराज ठकुरीसमेतले यी प्रतिवादी सुरेश दर्लामी मगर जबरजस्ती करणीको अपराधमा संलग्न रहे भएको उल्लेख गरी मौकामा गरेको कागज बेहोरासँग मेल खाने गरी अदालतसमक्ष उपस्थित भई गरेको बकपत्रबाट समेत प्रतिवादीको मौकाको बयान समर्थित हुन आएको देखिँदा उल्लिखित आधार प्रमाणबाट प्रतिवादी सुरेश दर्लामी मगरले पीडित परिवर्तित नाम २१ पालुङ (०७५/७६-ग) लाई अभियोग दाबीबमोजिम जबरजस्ती करणी गरेको पुष्टि हुने।

पुनरावेदक प्रतिवादी सुरेश दर्लामी मगरलाई के कति सजाय हुनुपर्ने हो ? भन्ने सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न रहेको पीडितको जन्मदर्ताको प्रतिलिपिबाट निजको जन्ममिति २०६९।०६।२० भन्ने देखिन आएको र प्रस्तुत वारदात मिति २०७५।०७।०१ को देखिँदा वारदात मितिमा पीडितको उमेर १० वर्षभन्दा कम देखिन आउँछ। वारदात हुँदाका बखत कायम रहेको मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा (३)(क) मा "दश वर्षभन्दा कम उमेरको बालिकालाई जबरजस्ती करणी गर्ने व्यक्तिलाई सोह्र वर्षदेखि अठार वर्षसम्म कैद सजाय हुने छ" भन्ने कानूनी प्रावधान रहेको सन्दर्भमा यी प्रतिवादी सुरेश दर्लामी मगरलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा (३)(क) बमोजिम १८ वर्ष कैद सजाय हुने ठहऱ्याई गरेको सुरु फैसलालाई सदर गरेको उच्च अदालत पाटन, हेटौँडा इजलासबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। साथै, पीडितलाई भराइदिने क्षतिपूर्तिका सम्बन्धमा हेर्दा, जबरजस्ती करणीजस्तो गम्भीर प्रकृतिको अपराधमा पीडितलाई हुने शारीरिक, मानसिक तथा सामाजिक क्षतिको पूर्णरूपले पूर्ति गर्न सम्भव नभए पनि सोको आंशिक परिपूर्तिको लागि मनासिब रकम उपलब्ध गराउनु राज्यको दायित्वअन्तर्गत नै पर्दछ। प्रतिवादीको कुनै सम्पत्ति नभएको कारणले मात्र जबरजस्ती करणीको कसुरबाट पीडित व्यक्तिले क्षतिपूर्ति नपाउने भन्ने हुँदैन। यस स्थितिमा पीडितलाई सम्बन्धित सरकारी निकायबाट क्षतिपूर्ति भराइदिने ठहऱ्याएको उच्च अदालतको फैसला मनासिब देखिने।

तसर्थ, प्रमाण एवम् कानूनको आधारबाट यी प्रतिवादी सुरेश दर्लामी मगरलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा (३)(क) बमोजिम १८ वर्ष कैद सजाय हुने एवम् पीडितले प्रतिवादीबाट ऐ. संहिताको दफा २२८ बमोजिम

रू.७५,०००।- (पचहत्तर हजार) क्षतिपूर्ति भराइलिन पाउनेमा निज प्रतिवादीको नाउँमा कुनै सम्पत्ति फेला नपरेकोले उल्लिखित क्षतिपूर्तिको रकम मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ मा भएको संशोधित व्यवस्थाको प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कानूनी व्यवस्था अनुसार नेपाल सरकार, महिला तथा बालबालिका विषय हेर्ने निकायबाट भरिपाउनेसमेत ठहर गरी सुरू मकवानपुर जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको उच्च अदालत पाटन, हेटौँडा इजलासबाट मिति २०७६।५।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल फागुन ३ गते रोज ३ शुभम्।

५२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री नहकुल सुवेदी,** *०७२-CI-१९८७, अंश दर्ता, रामचेला महरा चमार वि. जबाहिर महरा चमार*

प्रतिवादीको हाँगातर्फ गिरधारी महराले बकसबाट प्राप्त गरेको कित्ता नं. ४०९ र भगिरथीदेवीले बकसबाट प्राप्त गरेको कित्ता नं. ४०८ र ६५१ का कित्ता जग्गा निजहरूको निजी आर्जन ठहर गरेकोमा वादीले चित्त बुझाई बसेको देखिन्छ। अन्य बाँकी सम्पत्तिमध्ये कित्ता नं. ४ र ७ मात्र पैतृक भन्ने जिकिर लिई नापीको समयको फिल्डबुक उतारलाई प्रमाणका रूपमा पेस गरेको भए तापनि सोबाहेकका अन्य बाँकी कित्ता नं. १३६, ३, ५ र ८१ पनि निजहरूका नाउँमा २०३४ सालभन्दा अगाडि नै दर्ता भएको देखिन्छ। २०३४ सालपछि आर्जन गरेको अवस्था पनि होइन। वि.सं. २०२१।२२ सालमा नापी भएकोमा तत्पश्चात् २०३४ सालभित्रै गिरधारी महराले कुनै उद्यम व्यापार व्यवसाय गरी सो कित्ता जग्गा जोडेको भन्ने न त प्रतिवादीको जिकिर रहेको छ, न मिसिलबाट त्यस्तो तथ्य खुल्न आउँछ। यस स्थितिमा वादीले आफूलाई प्राप्त पैतृक सम्पत्ति नासी मासी खाएको र प्रतिवादीले उद्यमधन्दा गरी आर्जन गरेको भन्ने नदेखिएको र अंशियारले आफ्नो कानूनबमोजिमको अंश हकमा जहिलेसुकै दाबी गर्न सक्ने नै हुँदा सगोलको पैतृक सम्पत्तिमा सबै अंशियारको हक कायम हुनुपर्छ। उल्लिखित तथ्यको विश्लेषणबाट वादीले अस्वाभाविक समयको अन्तरालमा सगोलमा रहेको भनी दाबी गरेको अवस्थासमेत देखिन नआउने।

प्रतिवादीहरूले पुनरावेदक प्रतिवादी रामचेला महरा र प्रत्यर्थी वादी जवाहिर महराबिच बारा जिल्ला अदालतमा लेनदेन मुद्दा परी डिसमिस भएको अवस्था छ। सगोलका अंशियारबिच लेनदेन मुद्दा चल्न नसक्ने भएकाले सो मुद्दाबाट निजहरू व्यवहार प्रमाणबाट अलग भई बसेको स्थापित हुन्छ भनी लिएको जिकिरतर्फ हेर्दा उक्त मुद्दा यिनै पुनरावेदक प्रतिवादी रामचेला महरा फिरादी भई यिनै वादी जवाहिर महराउपर दायर गरेको देखिन्छ। सो मुद्दामा प्रतिवादीले प्रतिउत्तर फिराउँदा निजले आफूहरू सगोलमा रहेको र ऋण तिर्नुपर्नेसमेत छैन भनी प्रतिउत्तर जिकिर लिएकोमा वादीले तारिख गुजारी बारा जिल्ला अदालतबाट मिति २०५५।२।११ मा डिसमिस फैसला भएको देखिन्छ। सो मुद्दामा अदालतले तथ्यमा प्रवेश गरी वादी प्रतिवादीहरू एकासगोलका अंशियार भए नभएको भनी विश्लेषण गरेको अवस्था छैन। यस स्थितिमा पुनरावेदक प्रतिवादी आफैँले मुद्दा हाली तारेख गुजारी डिसमिस गराएको देखिएको अवस्थामा सोही डिसमिस फैसलालाई प्रमाणको रूपमा मानी वादी प्रतिवादीहरू अलग भई बसेका रहेछन् भनी मान्न मिलेन। प्रतिवादीले आफूले दिएको मुद्दाको तारिख गुजारी मुद्दा डिसमिस भएकोमा सोको परिणामबाट निजले नै लाभ लिन सक्ने गरी निजहरू भिन्न भई बसेको भनी अर्थ गर्न न्यायको रोहमा मिल्ने देखिएन। अपितु यसबाट प्रतिवादीले वादीहरू धन अंश लिई अलग बसेको भन्ने तथ्य स्थापित गराउन प्रमाण सिर्जना गर्ने हेतु उल्लिखित

अंश मुद्दा र लेनदेन मुद्दासमेत दायर गरी मिलापत्र र डिसमिस गरे गराएको भन्ने स्पष्ट हुने ।

वादी प्रतिवादीहरूबिच नाता पुस्तामा विवाद नदेखिएको, निजहरूबिच विधिवत् अंशबन्डा भएको अवस्था नरहेको, प्रतिवादीहरूबिच चलेका अंश मुद्दा एवम् सो मुद्दामा निजहरूबिच भएको मिलापत्र र प्रतिवादी रामचेला महरा र प्रत्यर्थी वादी जवाहिर महराबिच चलेको लेनदेन मुद्दाको डिसमिस फैसलालगायत मुद्दाको तथ्यबाट वादी प्रतिवादीहरू घरसारमा अंश लिई अलगअलग भएको भन्ने व्यवहार प्रमाणबाट पुष्टि हुन नआएकाले वादीलाई प्रतिवादीहरूको सगोलको ठहऱ्याई अंश पाउने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

तसर्थ, गिरधारी महराले बकसपत्रबाट प्राप्त गरेको कि.नं. ४०९ र भगिरथीदेवीले बकसपत्रबाट प्राप्त गरेको कि.नं. ४०८ भगिरथी देवीको नामको कि.नं. ६५१ का जग्गाबाहेक गरी अन्य सम्पत्तिबाट वादीले फिराद दाबीबमोजिम २ भागको १ भागमध्ये २ खण्डको १ खण्ड छुट्याई बन्डा लिन पाउने ठहऱ्याई भएको सुरू बारा जिल्ला अदालतको मिति २०७०।३।११ को फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौँडाको मिति २०७१।१।२४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्दिरा कार्की गेलाल / शिव वाग्ले
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०७९ साल साउन १५ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-१९९१, मिलापत्र बदर दर्ता बदर, रामचेला महरा चमार वि. जबाहिर महरा चमार
- ०७२-CI-१९८८, नामसारी निर्णय दर्ता बदर, रामचेला महरा चमार वि. जबाहिर महरा चमार

## इजलास नं. ९

### ५३

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-०५२६, वन क्षेत्रको सीमा कटौती गरी मेरो नाममा दर्ता स्रेस्ता कायम गरिपाऊँ, जिल्ला वन क्षेत्र सीमा निर्धारण समिति, डोटीसमेत वि. दलबहादुर माझी*

विवादित जिल्ला डोटी तत्कालीन रानागाउँ गा.वि.स. वडा नं. ९(ख) कित्ता नं. ३ को ३-१०-०-० जग्गा डोटी जिल्ला वन सीमा निर्धारण समितिले मिति २०३९।०३।२७ गते वन क्षेत्रभित्र पर्दछ भनी निर्णय गरेउपर यस मुद्दाका प्रत्यर्थी वादी दलबहादुर माझीले सर्वोच्च अदालतमा रिट निवेदन दिएपश्चात् उक्त निर्णय बदर भएकोमा पुनः मिति २०४३।०४।२४ मा वन क्षेत्रभित्र पर्ने निर्णय गरेको देखियो । तर दलबहादुर माझीले मिति २०२२ सालमा शारदादेवी जोशी नेवारनी र दलकुमारी जोशी नेवारनीबाट राजीनामाबाट प्राप्त गरी लिएको र उक्त जग्गाको भोग चलन गरेबापत तिरो तिरेको रसिद, ७ नं. फाराम, ४ नं. जोताहा फारामसमेत मिसिल संलग्न रहेको देखिन्छ । एउटै स्रोतबाट प्राप्त भएको उक्त जग्गाहरू दलबहादुर माझीले केही जग्गा सेती प्राविधिक शिक्षालय र केही जग्गा शिक्षक तालिम केन्द्रलाई बिक्री गरेको देखिन्छ । यसरी जग्गा बिक्री गरी मूल कित्ता नं. बाट कित्ता काट गर्दै जाँदा कित्ता नं. ३ कायम भएको देखिन्छ । प्रत्यर्थी वादीले आफ्नो हकको स्रोत भनी उल्लेख गरेको मिति २०२२।०५।१४ को राजीनामामा भागेतडा जाने तेस्रो कुलादेखि पूर्व, जागीडाबरेकै डिल ठुला ढुङ्गादेखि पश्चिम सितारामले लिएको रू.।४ को जग्गा र ठाडो मूल कुलादेखि उत्तर र सिमलकाँटे वडको पेडदेखि दक्षिणभित्र पर्ने भन्ने बेहोरा निज दलबहादुर माझीले मिति २०७१।०४।२१ मा बयान गर्दासमेत लेखाएको देखियो । उक्त विवादित कित्ता नं. ३ को जग्गाको

तत्कालीन पुनरावेदन अदालत, दिपायलबाट भएको मिति २०७०।०९।०५ को नक्सा मुचुल्का विवरणमा न.नं.१ विवादित जिल्ला डोटी डि.सि न.पा वडा नं. ७ को कि.नं. ३ को जग्गा हो। उक्त जग्गा पुनरावेदक दलबहादुर माझीकै अधीन भोगचलनमा छ। सो जग्गामा साल, सिमलका करिब २२ वटा रूखहरू र स-साना झाडीसमेत छन् । सो जग्गाको बिचबाट ४ मिटर चौडाइ भएको प्राविधिक शिक्षालयदेखि भागितडा कृषि फारामसम्म जाने अस्थाई कच्ची बाटो प्रयोगमा रहेको छ। सो जग्गाको पूर्वमा कुलो, पश्चिममा शैक्षिक तालिम केन्द्रको कि.नं. २ को जग्गा, उत्तर सरकारी पर्ती बुट्यानयुक्त जग्गा र दक्षिणमा नगर विकास समितिको कि.नं. ३९ को जग्गा रहेको छ। नक्सामा उल्लिखित न.नं. २ कि.नं. २ को शैक्षिक तालिम केन्द्रको जग्गा, न.नं. ३, कि.नं. ३९ को नगर विकास समितिको जग्गा, न.नं. ४ मा कुलो र न.नं. ६ मा कच्ची बाटो देखिएको, न.नं. ६ मा कि.नं. ४० को जग्गासमेत नगर विकास समितिकै जग्गा रहेको, न.नं. ७ मा देखाइएको खाली जग्गा विवादित जग्गाको उत्तरपट्टि रहेको सरकारी पर्ती जग्गा भएको सोमा सालसमेतका रूख, बुट्यान र झाडी रहेको भनी उल्लेख गरेको देखिन्छ। त्यसैगरी तत्कालीन पुनरावेदन अदालत दिपायलबाट मिति २०७१।११।६ मा भएको आदेशानुसार विवादित कि.नं.३ का जग्गामा बाटो रहेको र सोको लम्बाइ चौडाइ तथा क्षेत्रफलसमेत स्पष्ट खुल्ने गरी नाप नक्सा गर्नु भनेबमोजिमको नक्सा मुचुल्का मिति २०७१।११।२९ मा भएको देखिन्छ। उक्त मिति २०७१।११।२९ को नक्सा मुचुल्का अनुसार नक्साको न.नं. १ मा बाटो रहेको र उक्त बाटोको लम्बाइ ३५ मिटर, चौडाइ ४ मिटर, क्षेत्रफल १४० वर्गमिटर बराबर ०–४–१–२ जग्गा देखिन्छ भने सोबाहेक विवादित कि.नं. ३ को जग्गाको उक्त बाटोभन्दा पश्चिमतर्फ १३९० ब.मि. बराबरको २–११–३–२ र बाटोको पश्चिमतर्फ क्षेत्रफल ३१५ ब.मि. बराबरको ०–९–३–३ गरी जम्मा क्षेत्रफल ३–६–३–१ जग्गा रहेको देखिने।

यसरी प्रत्यर्थी वादीले आफूले २०२२ सालमा राजीनामा गरी लिएको चौहदीभित्रको जग्गा सेती प्राविधिक शिक्षालयलाई र केही जग्गा शिक्षक तालिम केन्द्रलाई बिक्री गरेको भनेकोमा सो तालिम केन्द्रको जग्गा हाल विवादित जग्गाको पश्चिम साँध जोडिएको छ भने नगर विकासको नाममा रहेको कि.नं. ३९ र ४० पनि निजले बिक्री गरेको भनी उल्लेख गरेको र सो जग्गा विवादित जग्गाको दक्षिण पूर्वतर्फ साँध जोडिएको देखिएबाट एकै प्लटबाट कित्ताकाट भएको स्पष्ट देखियो। हाल विवादित जग्गाको बिचबाट ३५ मिटर लम्बाइ, ४ मिटर चौडाइको बाटोसमेत कायम रहेको नक्सा मुचुल्काबाट देखिएबाट सो बाटोमा सम्म प्रत्यर्थी वादीको दाबी पुग्ने अवस्था देखिएन। बाँकी विवादित जग्गा निजको राजीनामाभित्रको बिक्री गरी बाँकी रहेको जग्गा नै देखिएबाट पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

मिति २०७१।११।२९ को नक्साको न.नं. १ मा रहेको बाटोको लम्बाइ ३५ मिटर, चौडाइ ४ मिटर क्षेत्रफलको १४० वर्गमिटर बराबर ०–४–१–२ जग्गामा वादी पुनरावेदकको दाबी नपुग्ने र सोबाहेक न. नं. २ को क्षेत्रफल १३९० व.मि. बराबरको २–११–३–२ र न. नं. ३ को क्षेत्रफल ३१५ व.मि. बराबरको ०–९–३–३ गरी जम्मा क्षेत्रफल ३–६–३–१ जग्गा वादी दाबीबमोजिम वादी पुनरावेदक दलबहादुर माझीले प्राप्त गरेको मिति २०२२।५।१४ को राजीनामाभित्रको जग्गा देखिएकोले उक्त न.नं. २ र ३ मा उल्लिखित जग्गा निजको नाममा दर्ता कायम हुने भनी मिति २०७१।४।३० को जिल्ला वन क्षेत्र सीमा निर्धारण समिति, डोटीको निर्णय केही उल्टी हुने ठहर गरी भएको मिति २०७२।०२।०३ को तत्कालीन पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निराजन शर्मा / हिरा माया अवाल
कम्प्युटर : सरस्वती दाहाल
इति संवत् २०७९ साल साउन १५ गते रोज १ शुभम्।

५४

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-RB-०१२२, बैंकिङ कसुर, कुमबहादुर गुरूङ वि. नेपाल सरकार*

बैंकिङ कसुर तथा सजाय ऐन,२०६४ को दफा ३(ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटिदिन नहुने भन्ने कानूनी प्रावधान रहेको र सोही ऐनको दफा १५(१) मा कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ" भन्ने कानूनी प्रावधान रहेको देखिएको हुँदा खातामा मौजदात रकम नभएको जानी जानी चेक काट्नु र सोको भुक्तानी हुन नसक्नु स्वयंमा कसुर ठहरिने स्थिति देखिने।

जहाँसम्म देवानी दायित्वको विषय रहेको भनी पुनरावेदनमा लिइएको जिकिर छ सो सम्बन्धमा विचार गर्दा माथि उल्लेख भएबमोजिमको कानूनी व्यवस्थाले खातामा रकम नभएको जानी जानी चेक काट्नु र भुक्तानी नभएको स्थितिलाई कसुर कायम गरेको अवस्थामा के कति कारणले उक्त कानूनी व्यवस्था आकर्षित नहुनुपर्ने हो भन्ने सम्बन्धमा किटानी उल्लेख गर्न नसकेको। साथै यस विषयमा यस अदालतको पूर्णइजलासबाट पुनरावेदक निर्मला सोडारी विरूद्ध नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दा (०७६-NF-००११) मा अदालतसमक्ष बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत कुनै विवाद आउँछ भने उचित अनुचितको कसीमा भन्दा पनि प्रचलित ऐन, कानूनको परिधिभित्रै रही निरोपण गर्नुपर्ने हुँदा यी प्रतिवादीले काटेको चेक अनादर भएको दिन लागु रहेको कानूनहरूमध्ये पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्न सक्ने अवस्था नदेखिने भनी सिद्धान्त प्रतिपादन भएको सन्दर्भसमेतबाट जाहेरवालाले उपर्युक्त लागेको कानूनी मार्ग अपनाएको अवस्थालाई अन्यथा भन्न मिल्ने नदेखिएको, तसर्थ, उच्च अदालत पाटनको मिति २०७७।१०।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल पुस ६ गते रोज ४ शुभम्।

**५५**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CR-००४०, ०७१-CR-०४०२, ०७१-CR-०४५१, ०७१-CR-०५४२, ०७६-CR-१६७०, ०७८-CR-०६१०,* मानिस अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. राजेन्द्रकुमार पण्डितसमेत, सुनिल श्रेष्ठ वि. नेपाल सरकार, बद्रीप्रसाद ढुंङ्गाना वि. नेपाल सरकार, रोहित पालिवान वि. नेपाल सरकार, गौतम योञ्जन लामा वि. नेपाल सरकार, राजेन्द्रकुमार पण्डित वि. नेपाल सरकार*

मिति २०६७।२।४ गते राति १० बजे वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. भक्तमान श्रेष्ठ भरतपुर चौविसकोठी स्थित चितवन अस्पतालबाट आफ्नो निवासमा बा.३ च ९८९ नं. को कारमा चढी फर्कने क्रममा सम्पर्कविहीन हुनुभएको भन्दै बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालले प्रमुख जिल्ला अधिकारीलाई सम्बोधन गरी पत्राचार गरेको देखिन्छ। भक्तमान श्रेष्ठकै B.M. SHRESTHA लेखिएको ब्रिफकेससहितको कागजात चितवन जिल्ला, दारेचोक गा.वि.स. वडा नं. ३ घोप्टेभिरमा फालिएको अवस्थामा एकबहादुर मगरले भेटेको कुरा निज एकबहादुर थापा मगरको कागज तथा बरामदी मुचुल्काबाट देखिएको छ। त्यस्तै भक्तमान श्रेष्ठले प्रयोग गरिआएको निजको बा. ३ च ९८९ नं. को कार जिल्ला कास्की, पोखरा उ.म.न.पा. वडा नं. १० अमरसिँह चोकस्थित कुँडहर भन्ने ठाउँमा बेवारिसे अवस्थामा बरामद भएको देखिन्छ। मिति २०६७।२।२२ गते सडक बोर्ड नेपालको जोगिमारास्थित ढाँटमा आइपुगेका भक्तमानले त्यहाँबाट घरमा फोन गरी घरतर्फ गएको भन्ने कुरा

सो ढाँटमा काम गर्ने सुरेशचन्द्र आचार्यको कागजबाट देखिन आएको छ । मिति २०६७।२।४ गते राति १०:१५ बजेको समयमा चार जना युवाहरूले अपहरण गरी लगेको र मिति २०६७।२।२२ गते बिहान २:०० बजेको समयमा धादिङ जिल्लाको मझिमटार भन्ने ठाउँमा अपहरणमुक्त गरेको भनी मिति २०६७।२।२६ मा र मिति २०६७।३।३२ मा अपहरण गर्ने व्यक्तिको नाम उल्लेख गरी दिएको जाहेरी दरखास्तको बेहोरा, जाहेरवालाकी श्रीमती शिलु श्रेष्ठको कागज तथा प्रतिवादी बद्रीप्रसाद ढुङ्गाना, सुनिल श्रेष्ठ तथा नविन क्षेत्रीले अदालतमा गरेको बयानसमेतबाट डा. भक्तमान श्रेष्ठलाई मिति २०६७।२।४ गतेदेखि अपहरण गरी शरीर बन्धक बनाई मिति २०६७।२।२२ गते अपहरणमुक्त गरेको तथ्यमा विवाद रहेको नदेखिने ।

प्रतिवादीहरूले अपहरण गरी लगेपछि धादिङको आदमघाटबाट जाहेरवालालाई निजको गाडीबाट ओराली रोहित पालिवालको गाडीमा राखिएको र डा. भक्तमानको निजी गाडी नविन क्षेत्री र बद्रीप्रसाद ढुङ्गाना भई पोखरा कुँडहर चोकमा लगी छाडिदिएको, भक्तमानको ब्रिफकेस पोखरातर्फ जाँदा त्रिशुली नदीमा पुग्ने गरी फालिदिएको कुरासमेत निज प्रतिवादीहरू बद्रीप्रसाद ढुङ्गाना र नविन क्षेत्रीले स्वीकार नै गरेको पाइन्छ । डा. भक्तमान श्रेष्ठलाई अपहरण गरेपछि प्रतिवादीहरूले निजलाई जिल्ला नुवाकोट, चारघरे गा.वि.स. वडा नं. ३ स्थित भिमसेन पण्डितको घर, जिल्ला काठमाडौं, गोगंवु गा.वि.स. वडा नं. ७ स्थित भिमसेन पण्डितको फ्ल्याट रहेको नारायण श्रेष्ठको घर, जिल्ला काठमाडौं, बालुवा गा.वि.स. वडा नं. ४ तारेभिरस्थित गौतम योञ्जनको घर र प्रतिवादी सुनिल श्रेष्ठले भाडामा लिएको का.जि. का.म.पा. वडा नं. ४ चण्डोलस्थित राजाराम घिमिरेको घरमा शरीरबन्धक बनाई राखेको भनी वादी पक्षबाट अभियोगपत्रमा दाबी लिएकोमा सो कुरा प्रतिवादीहरू बद्रीप्रसाद ढुङ्गाना, नविन क्षेत्री तथा सुनिल श्रेष्ठको अदालतमा भएको बयानसमेतबाट पुष्टि हुने ।

अपहरित डा. भक्तमान श्रेष्ठलाई अपहरणमुक्त गर्न एक करोड दश लाख बराबरको तीन किलो छ सय छब्बिस ग्राम सुन फिरौती लिएको भन्ने अभियोग मागदाबिमा उल्लेख भएको पाइन्छ । प्रतिवादीहरू सुनिल श्रेष्ठ, बद्रीप्रसाद ढुङ्गाना, नविन क्षेत्री तथा राजेन्द्रकुमार पण्डितले फिरौतीबाट प्राप्त रकम आपसमा बाँडीलिए खाएको कुरा देखिएको र प्रतिवादीहरूले रकम पाएको कुरासमेत स्वीकार गरेको पाइन्छ । अपहरणकारीहरूबाट एक करोड दश लाख बराबरको तीन किलो छ सय छब्बिस ग्राम माग भएको र सो परिमाणको सुन भारतको कानपुरमा लगी बुझाएपछि भक्तमान श्रेष्ठलाई अपहरणमुक्त गरिदिएको भनी जाहेरवालाकी श्रीमती शिलु श्रेष्ठको मौकाको कागज तथा अदालतमा भएको बकपत्र बेहोरा रहेको र माग भएको उक्त फिरौती आफूले भारतको कानपुरमा गई बुझाइआएको र सो फिरौती बुझाएपछि भक्तमान श्रेष्ठ अपहरणमुक्त भएको भनी फिरौतीबापतको सुन बुझाउन भारत गएका भनिएका बाबुलाल श्रेष्ठको मौकाको कागज तथा अदालतमा भएको बकपत्रबाट समेत पुष्टि भइरहेको पाइन्छ । यस प्रकार प्रतिवादीहरू रोहित पालिवाल र बद्रीप्रसाद ढुङ्गानाको जाहेरवालालाई अपहरण गर्ने योजनादेखि अपहरण गर्ने कार्य तथा मिति २०६७।२।४ गतेदेखि मिति २०६७।२।२२ गते १९ दिनसम्म शरीर बन्धक बनाएको देखिएको हुँदा निजहरूलाई सुरू अदालतले ठहर गरेको सजाय सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलामा कुनै परिवर्तन गर्नुपर्ने नदेखिँदा फैसला उल्टी गरी सफाइ पाउनुपर्दछ भन्ने प्रतिवादी रोहित पालिवाल र बद्रीप्रसाद ढुङ्गानाको पुनरावेदन जिकिरसँग सहमत हुने अवस्था नरहने ।

जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ४ लोसालस्थित कुमार लामाको घरमा मिति २०६७।४।७ गते खानतलासी गर्दा गौतम योञ्जन सुत्ने कोठासमेतको खानतलासी गरिएको छ । वारदात हुँदाको अवस्थामा रहेको सो घर भएकै वतनबाट निज

प्रतिवादीले नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको देखिन्छ । अभियोगपत्रमा सोही वतन उल्लेख गरिएको छ । चितवन जिल्ला अदालतबाट जारी भएको गौतम योञ्जनको ३० दिने समाहवान म्याद निज बस्ने घरदैलोमा मिति २०६७।७।७ मा तामेल भएको पाइन्छ । सो तामेली म्यादमा सोही वडामा बसोबास गर्ने नविन सापकोटा र प्रमोद थापा साक्षी बसेको देखिन्छ । यस्तै अभियोग पत्रको प्रतिवादीको महलमा अन्दाजी वर्ष ३१ को गौतम योञ्जन भनी उल्लेख भएकोमा प्रस्तुत मुद्दाका अर्का प्रतिवादी बद्रीप्रसाद ढुङ्गानाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदातमा संलग्न रहेकामध्ये वर्ष ३१ को गौतम योञ्जन पनि थिए भनी अभियोग पत्रमा उल्लेख भएको उमेर नै किटान गरी सो उमेरलाई समर्थित गर्ने गरी बयान गरेको देखिन्छ । यसबाट पनि निजको उमेरसमेत मिल्न भिड्न आएको पाइन्छ । पुनरावेदकले आफ्नो नागरिकतामा बाबुको नाम पल्देन लामा भएकोले बाबुको नामसमेत नमिलेको भन्ने जिकिर लिए पनि समाज तथा गाउँघरमा बोलाउने नाम र औपचारिक नामहरू फरक-फरक हुन सक्ने, व्यवहारमा यदाकदा यस्तो अवस्था पनि देख्न सकिने हुँदा र कुमार लामा अर्कै व्यक्ति भएको पुष्टि हुन नआएकोसमेतबाट निजको सो जिकिरसमेत मनासिब नदेखिने ।

जहाँसम्म यी पुनरावेदक प्रतिवादी गौतम योञ्जन र राजेन्द्र कुमार पण्डितलाई फिरौती लिएको सामान बराबरको जरिवाना हुनुपर्नेमा सो नभएको र नपुग फिरौती बिगो जाहेरवालालाई भराइदिनुपर्नेमा प्रतिवादीहरूबाट नभराइएको भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा, प्रतिवादीहरू रोहित पालिवाल र भिमसेन पण्डित जाहेरवाला डा. भक्तमान श्रेष्ठलाई अपहरण गरी शरीर बन्धक लिई फिरौती रकम लिने कार्यका मुख्य योजनाकारको रूपमा रहेको प्रमाणित भई निजहरूबाट जाहेरवालाबाट लिएको फिरौती १ किलो ६ सय २६ ग्राम सुनको तत्कालीन बजार मूल्यको आधारमा हुने रू. १,१०,००,०००/- मध्येको रू. १,५०,०००/- बरामद र दाखिला भएकोले बाँकी रू.१,०८,५०,०००/- मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १२ नं. बमोजिम निजहरू दुई जनाबाट बराबरको दरले भराइदिने र निजहरूलाई सोही बिगोबमोजिम जरिवाना भएको देखिन्छ । यसरी जाहेरवालालाई अपहरण गरी शरीर बन्धक लिने प्रतिवादीहरूले लिएको छुट्कारा रकम (फिरौती) उल्लिखित मुख्य दुई जना प्रतिवादीबाट भराइदिने गरी फैसला भई जाहेरवालाको फिरौती रकम असुल हुने भएकाले प्रतिवादीहरू राजेन्द्रकुमार पण्डित र गौतम योञ्जनबाट समेत उल्लिखित महलको १२ नं. बमोजिम फिरौती रकम भराइदिनुपर्ने र सोही बिगोको आधारमा जरिवाना गर्न कानूनतः मिल्ने नदेखिएबाट वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् प्रत्यर्थी झिकाउने आदेश गर्दा लिइएको संयुक्त इजलासको आधारसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित मुद्दाको तथ्य, आधार र कारण एवम् कानूनी व्यवस्थाबमोजिम पुनरावेदक प्रतिवादीहरूले आरोपित कसुर गरेको कुरा प्रमाणित भएको अवस्था हुँदा निजहरूका हकमा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गम्भीर घिमिरे

इति संवत् २०७९ साल कार्तिक २७ गते रोज १ शुभम् ।

**५६**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७८-CI-००९३, करारबमोजिम जग्गा पारित गरिपाऊँ, सिताराम तिमल्सिना वि. तुल्सी महर्जनसमेत*

पुनरावेदक वादी सिताराम तिमल्सिना र विपक्षी प्रतिवादी तुल्सी महर्जनबिच मिति २०६२।०१।१८ मा भएको करारीय सम्झौताले/करारले करार ऐन, २०५६ को दफा ८८ तथा मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. बमोजिमको रीत पुऱ्याएको नदेखिँदा सो लिखतले कानूनी मान्यता प्राप्त

गर्न सक्ने अवस्था नभएकोले उक्त करारको यथावत् परिपालना हुन र कार्यान्वयन हुन सक्ने अवस्था देखिन आएन । तसर्थ, प्रस्तुत मुद्दामा पुनरावेदक र विपक्षीबिच मिति २०६२।०१।१८ मा भएको भनिएको करारीय सम्झौताको यथावत् परिपालना हुन नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको मिति २०६५।११।११ को फैसलालाई सो हदसम्म अन्यथा भनिरहनुपर्ने अवस्था नदेखिने।

अचल सम्पत्तिको रूपमा रहेको जग्गा लेनदेन गर्ने सर्तमा बैनास्वरूप रकम बुझी लिएकोमा त्यस्तो जग्गा हस्तान्तरण हुन नसक्ने ठहरेको अवस्थामा बैनाबापतको रकम फिर्ता गर्नुपर्दैन भनी निष्कर्षमा पुग्नु न्यायोचित देखिँदैन। तसर्थ, पुनरावेदक वादी सिताराम तिमल्सिना र प्रत्यर्थी प्रतिवादी तुल्सी महर्जनबिच मिति २०६२।०१।१८ मा लेनेदन भएको उक्त साँवा रकम रू.१,०६,०००।- (एक लाख छ हजार) र सो रकमको कानूनबमोजिम १०% का दरले हुने ब्याज रकमसमेत अर्थात् साँवा र ब्याज हिसाब गर्दा साँवा रकमको दोब्बरभन्दा बढी भएमा दोब्बरसम्म रकम पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादी तुल्सी महर्जनबाट दिलाई भराइलिन पाउने।

वादीले मूल रूपमा करारबमोजिम गरी लिखत पारित गराइपाउँ भन्ने मात्र दाबी लिई फिराद परेको अवस्था देखिँदा सो लिखतबमोजिमको बिगो वादीलाई भराइदिनुपर्ने / नपर्ने सम्बन्धमा बोलिरहनुपर्ने अवस्था देखिएन भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।०१।२० मा फैसला सदर गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६५।११।११ मा गरी भएको फैसला सो हदसम्म केही उल्टी भई पुनरावेदक वादी सिताराम तिमल्सिनाले विपक्षी प्रतिवादी तुल्सी महर्जनलाई बैनाबापत दिएको रू.१,०६,०००।- (एक लाख छ हजार मात्र) रकम र सो रकमको कानूनबमोजिम १०% का दरले हुने ब्याज रकमसमेत अर्थात् साँवा र ब्याज हिसाब गर्दा साँवा रकमको दोब्बरभन्दा बढी भएमा दोब्बरसम्म रकम पुनरावेदक वादी सिताराम तिमल्सिनाले प्रत्यर्थी प्रतिवादी तुल्सी महर्जनबाट दिलाई भराइलिन पाउने।

इजलास अधिकृत : हेमा पाण्डे

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल कार्तिक २२ गते रोज ३ शुभम्।

**५७**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७८-RC-००९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. सेन्दाङ लिम्बूसमेत*

मिति २०६७/०८/०४ को सुरू घटनास्थल मुचुल्का हेर्दा, चार किल्लाभित्र डेउडी बजारबाट ईवा जाने बाटोमा चौताराको पिपलको फेददेखि ४ फिट दक्षिण पश्चिम भुइँमा रगत खसी जमिन भिजी सुकेको झार बुट्यान घाँसहरू माडिएको, उक्त स्थानदेखि २० मिटर पश्चिम उत्तर ईवा जाने बाटोदेखि छातेढुङ्गा चौकी रहेको स्थानतिर आउने बाटो छुट्टिएको स्थानमा पूर्व गोडा पश्चिम शिर भई मृतक दिलप्रसाद चेम्जोङको लास रहेको, दाहिने स्तनको छेउ छातीको भागमा अं.१ इन्च लम्बाइ आधा इन्च चौडाइ र गहिराइ नाप गर्न नसकिने अवस्थाको तिखो एवम् धारिलो हतियारले घोचेको चोटबाट अत्यधिक रक्तस्राव भई छातीको भागदेखि कोखा हुँदै भुँइसम्म रगत बगेर तल जमिनको माटोसमेत भिजी टाटा देखिएको भन्नेसमेत उल्लेख भएको देखिन्छ । मिति २०६७/०८/०४ को खानतलासी तथा बरामदी मुचुल्कामा दिलप्रसाद चेम्जोङको मृत्यु भएको घटनास्थलमा कुटपिट गर्दा प्रयोग गरिएको भकिम्लोको लाठी प्रहरीले हाम्रो रोहबरमा बरामद गरी लगेको भन्नेसमेत बेहोराको। शव परीक्षण प्रतिवेदनमा कुटपिटको असर तथा धारिलो हतियारले कलेजोमा असर परी अत्यधिक रक्तस्राव (Due to haemorrhagic shock because of external massive haemorrhage) भई दिलप्रसाद चेम्जोङ मृत्यु भएको भनी उल्लेख भएको देखिन्छ । घटनासनास्थल लास जाँच प्रकृति मुचुल्का, बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायत मिसिल संलग्न

आधार प्रमाणहरूबाट दिलप्रसाद चेम्जोङ्गको मृत्यु कर्तव्यबाट भएको भन्ने तथ्यमा विवाद नदेखिने।

प्रतिवादी सुरेन्द्र भन्ने सुरेन्द्र सेन्दाङ (लिम्बू) ले अदालतमा मिति २०६७/७/२९ गते बेलुकी जयकुमार कन्दङवाको होटलमा फुटबल खेलाडीहरूसँग मादक पदार्थ खाँदै बसिरहेको अवस्थामा विवादको क्रममा दिलप्रसाद चेम्जोङले मेरो गालामा एक थप्पड हानेपछि प्रतिवादीहरू जापान सेन्दाङ, नारायण पुलामी मगर, केशिहाङ ईङनामसमेत भई दिलप्रसाद चेम्जोङलाई तान्दै ईवा जाने रोडतिर लगी सबै जना प्रतिवादीहरूले कुटपिट गर्दा निजको मृत्यु भएको हो भनी बयान गरेको पाइन्छ। प्रतिवादीमध्येका बलिराज इङ्नामले समेत सो घटनामा जापान सेन्दाङ लिम्बू, नारायण पुलामी मगर र केशीहाङ् इङ्नाम लिम्बूको संलग्नता रहेको भनी अदालतमा बयान गरेको देखिन्छ। सहप्रतिवादीहरू बलिराज इङ्नाम लिम्बू र सुरेन्द्र सेन्दाङसमेतको सामूहिक संलग्नतामा मृतकउपर सामूहिक कुटपिट भई सोही चोटका कारण मृतकको मृत्यु भएको तथ्य प्रतिवादी सुरेन्द्र सेन्दाङ लिम्बू र बलिराज इङ्नामले आफ्नो बयानमा उल्लेख गरेको पाइन्छ। यस अदालतबाट घटनामा संलग्न वलिराज इङनाम लिम्बू र मृतकउपर छुरा हान्ने सुरेन्द्र सेन्दाङलाई कसुदार ठहर गरी भएको फैसला अन्तिम भई बसेको अवस्था छ। शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको बयान, जाहेरवालालगायतको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादीहरू जापान सेन्दाङ लिम्बू, नारायण पुलामी मगर, केशिहाङ लिम्बूउपर साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिमको कसुरको कसुरदार कायम गरी जन्म कैदको सजाय हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको उच्च अदालत, विराटनगर, धनकुटा इजलासको मिति २०७७/११/०५ को मिलेकै देखिने।

अ.बं.१८८ बमोजिम राय प्रस्ताव गरेको सम्बन्धमा हेर्दा, यसअघि यस अदालतबाट प्रतिवादी बलिराज इङ्नाम लिम्बूको हकमा अ.वं.१८८ नं. बमोजिम कैद वर्ष ८(आठ) मात्र हुने राय कायम गरी ठहर भई अन्तिम भई बसेको अवस्था छ। समान अवस्था र परिस्थितिका कसुरदार यी प्रतिवादीहरू जापान सेन्दाङ लिम्बू, नारायण पुलामी मगर र केशीहाङ् इङ्नाम लिम्बूको हकमा समेत जनही ८(आठ) वर्ष कैद गर्दा फौजदारी कानूनको मकसद पूरा हुने देखिएको हुँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७(क) बमोजिम उच्च अदालतबाट मिति २०७७/११/०५ मा भएको फैसलामा प्रस्तावित राय यी प्रतिवादीहरूको सन्दर्भमा समेत मनासिब देखिने।

प्रतिवादीहरू जापान सेन्दाङ लिम्बू, नारायण पुलामी मगर, केशीहाङ् इङ्नाम लिम्बूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुने ठहर गरी तेह्रथुम जिल्ला अदालतबाट मिति २०७६/११/०४ मा भएको फैसला सदर गर्ने गरेको उच्च अदालत, विराटनगर, धनकुटा इजलासको मिति २०७७/११/०५ को फैसला मिलेकै देखिँदा साधक सदर हुने तथा अ.वं.१८८ नं. बमोजिम यी प्रतिवादीहरू जापान सेन्दाङ लिम्बू, नारायण पुलामी मगर र केशीहाङ इङ्नाम लिम्बूको हकमा समेत जनही ८(आठ) वर्ष कैद हुने भनी उच्च अदालत, विराटनगर, धनकुटा इजलासबाट मिति २०७७/११/०५ मा भएको फैसला प्रस्तावित रायको हकमा समेत सदर हुने।

इजलास अधिकृत : पुष्कलराज प्रसाई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल आषाढ २२ गते रोज ४ शुभम्।

**५८**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०६९-WO-०८७८, परमादेशसमेत, हिराबहादुर श्रेष्ठ वि. जिल्ला उदयपुर, जलजले गाउँ विकास समितिस्थित उदयपुर सिमेन्ट उद्योग लिमिटेडसमेत*

उदयपुर सिमेन्ट उद्योग लि.को च.नं. १६८३

मिति २०६७।११।१५ मा लेखिएको पत्रमा यी निवेदक हिराबहादुर श्रेष्ठसमेतको सामूहिक सावधिक जीवन बिमा सन् २०११, १५ मार्चमा परिपक्व हुने भएकोले लाभांशसहितको विमाङ्क रकम उपलब्ध गराइदिनु हुन भन्ने विषयको पत्रमा निजको विमाङ्क रकम रू. ९,४८,६००।- उल्लेख भएको पाइन्छ । साथै राष्ट्रिय बिमा संस्थानको मिति २०६७।१२।२० को पत्रमा यी निवेदकसहित २६ जनाको जम्मा बिमाङ्क रकम रू.२,८८,४५,०७५।- मध्ये दाबी रकम रू. १,९७,०७,३००।- र बोनस रू. ९१,३७,७७५।- उदयपुर सिमेन्ट उद्योग लि.ले बुझेको दाबी फछ्र्यौट पुर्जा रहेको देखिन्छ । सो करकट्टी विवरणमा समावेश रहेको उदयपुर सिमेन्ट उद्योग लि.को मिति २०११, अप्रिल ०६ सम्मको बिमाङ्क रकमसमेत समावेश रहेको करकट्टी विवरणमा यी निवेदकको कुल भुक्तानीयोग्य रकम रू.१४,००,६४९।- बाट करकट्टीबापत रू. १८,१७३.४२।- घटाई हुन आउने भुक्तानीयोग्य रकम रू.१३,८२,४७५।५८ उल्लेख गरिएको पाइन्छ । उक्त भुक्तानीयोग्य रकम समावेश गरी राष्ट्रिय बिमा संस्थानको मिति २०६७।१२।२ को पत्रबाट नविल बैंकको चेक नं. ३६४७९३६ मार्फत उदयपुर सिमेन्ट उद्योग लि.का नाममा पठाएको भन्ने पत्र रहेको देखिन्छ । सोअनुसार उदयपुर सिमेन्ट उद्योग लि.ले मिति २०६७।११।२० च.नं. १४५४ राखी राष्ट्रिय बिमा संस्थानलाई दाबी रकम अनुसार नै दाबी फछ्र्यौट पुर्जा भरी यी निवेदकसहितका कर्मचारीहरूको विवरण पठाइएको पत्र संलग्न रहेको देखिने ।

जहाँसम्म उदयपुर सिमेन्ट उद्योग लि.का तर्फबाट यी निवेदकलाई दिइएको भुक्तानीतर्फ हेर्दा, उद्योगको सञ्चालक समितिको ३५१ औँ बैठकले "सरूवा भई आएका कर्मचारीहरूलाई पूर्व संस्थानमा बिमा भएको भए बाँकी अवधिको लागि मात्र बिमा गर्ने र पूर्व संस्थानमा बिमा नभएको भए बाँकी नोकरी अवधिको लागि मात्र बिमा गर्ने" भन्ने निर्णयलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाटसमेत कार्यान्वयन गर्न निर्देशन भएअनुसार उद्योगको सञ्चालक समितिको ४०५ औँ बैठकले निर्णय गरी दामासाहीले हिसाब गरी बाँकी बिमा रकम रू.३,४५,६१९।- मात्र भुक्तानी गरिएको भन्ने देखिन्छ । यससम्बन्धी रहेको कानूनी व्यवस्थातर्फ अवलोकन गर्दा उद्योगको कर्मचारी सेवा सर्त नियमावली, २०५६ को नियम ६८ को १(क) मा "उद्योगको सम्पूर्ण स्थायी कर्मचारीहरूको सावधिक जीवन बिमा गरिने छ । यस्तो बिमाको बिमाङ्क रकम कर्मचारी कार्यरत तहको सुरू तलब स्केलको ५ वर्ष बराबरको रकम हुने छ । बिमाको प्रिमियम रकम उद्योगबाट बेहोरिने छ र यस्तो बिमा तमाम नोकरी अवधिभर १ पटक मात्र गरिने छ" भन्ने व्यवस्था रहेको छ भने ऐ. नियम को १(घ) मा "जीवन बिमा सदस्यता प्रारम्भ गरेको २० वर्ष वा कर्मचारीको उमेर ५८ वर्ष वा मृत्यु भए मध्ये जुन अगाडि आउँछ सो समयमा जीवन बिमाबापत बिमा कम्पनीबाट प्राप्त रकम कर्मचारीलाई र निजको मृत्यु भएको अवस्थामा अनुसूचीबमोजिमको हकवालालाई भुक्तानी गरिने छ" भन्ने व्यवस्था गरिएको पाइन्छ । साथै उक्त नियमावलीको दफा ६८(१) को देहाय (ख) मा "यो नियम लागु भएपछि कसैले नयाँ नियुक्ति पाई वा सरूवा भई उद्योगको स्थायी सेवामा प्रवेश गरेमा उमेर वा सेवा अवधिको हिसाबले सेवा अवधि २० वर्षभन्दा कम बाँकी रहेको अवस्थामा दामासाही हिसाबले मात्र बिमाङ्क रकम निर्धारण गरी सोही आधारमा बिमा गरी उद्योगको प्रिमियम भुक्तानी गरिने छ" भन्ने व्यवस्था रहेको देखिने ।

निवेदक स्थायी कर्मचारी भई सावधिक जीवन बिमाको रकम आफू कार्यरत तहको सुरू तलब स्केलको ५ वर्ष बराबरको रकम जीवन बिमा सदस्यता प्राप्त गरी ५८ वर्ष उमेर हदका कारण अवकास पाएपछि बिमा कम्पनी राष्ट्रिय बिमा संस्थानबाट प्राप्त भएको रकम निज कार्यरत रहेको उदयपुर सिमेन्ट उद्योग लि.बाट पाउनुपर्नेमा दुईमत रहेको देखिँदैन । एकातिर बिमा संस्थानले संवत् २०६७ सालमा नै बिमाबापतको

रकम सम्बन्धित उद्योगलाई विवरणसहितको पत्र पठाइदिएको विवरण संलग्न रहेको देखिन्छ भने यी निवेदकले यसभन्दा अघि कार्यरत रहेको जनकपुर चुरोट कारखानाबाट जम्मा रू.७८,४४२।६४ मात्र रकम सावधिक बिमाबापत भुक्तानी भएको पाइन्छ । कुनै पनि स्थायी कर्मचारीको सावधिक जीवन बिमा गर्दा उसले आजीवन सेवा गरी अवकास वा अन्य कारणले सेवाबाट अलग भइसकेपछि आफूले पाउनुपर्ने बिमादाबी रकम हाल जहाँ कार्यरत रहेको छ सोही निकायबाटै पाउने भन्ने मान्यता रहेको पाइन्छ । तसर्थ उद्योगको सञ्चालक समितिको निर्णयबाट मात्र यी निवेदकले पाउनुपर्ने सावधिक जीवन बिमाबापतको रकमलाई जनकपुर चुरोट कारखानामा कार्यरत रहेको अवस्थामा १५ वर्षको सावधीक जीवन बिमा सुविधा भुक्तानी लिनुभएको देखिई बाँकी ५ वर्षको बिमा संस्थानबाट प्राप्त रकम २० वर्ष मानी ५ वर्षको बिमाबापत रू. ३,४५,६१९। भुक्तानी गरेको भन्ने विपक्षीहरूका कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने ।

उदयपुर सिमेन्ट उद्योगको कर्मचारी सेवा सर्त नियमावली, २०५६ को दफा ६८(१)(ख) मा “यो नियम लागु भएपछि कसैले नयाँ नियुक्ति पाई वा सरूवा भई उद्योगको स्थायी सेवामा प्रवेश गरेमा उमेर वा सेवा अवधिको हिसाबले सेवा अवधि २० वर्षभन्दा कम बाँकी रहेको अवस्थामा दामासाही हिसाबले मात्र बिमाङ्क रकम निर्धारण गरी सोही आधारमा बिमा गरी उद्योगको प्रिमियम भुक्तानी गरिने छ” भन्ने व्यवस्था भएबाट र निज निवेदकको बिमाबापत रकम जम्मासमेत भएको देखिएबाट यी निवेदकलाई उद्योगमा काम गरेको अवधि गणना गरी दामासाहीले हिसाब गरी बिमाबापतको रकम दिनु भन्ने परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसाद चापागाई

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ भदौ ३१ गते रोज ६ शुभम् ।

## ५९

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-CR-०२१३, वैदेशिक रोजगार कसुर, अरूण राई भन्ने अरूणाकुमार राई वि. नेपाल सरकार*

प्रतिवादी अरूण राई भन्ने अरूणाकुमार राईले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने अनुमति नलिएको, जाहेरवालाहरूसँग रकम लिई विदेश पोल्याण्डमा वैदेशिक रोजगारीमा पठाउँछु भनी लिखित प्रतिबद्धता गरे तापनि पठाउन नसकेको, व्यापार गर्नको लागि रकम लिएकोमा तिर्न नसक्दा निज प्रतिवादीलाई जबरजस्ती कागज गराएको भन्ने प्रतिवादीको जिकिर प्रमाणसहित पुष्टि हुन नसकेको अवस्थामा मिति २०७५।०४।२७ मा प्रतिवादीले जाहेरवालाहरूसँग रकम लिँदा गरिदिएका लिखतहरू निज प्रतिवादीका विरूद्धमा प्रमाणमा लिन मिल्ने नै देखिने ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा “यस ऐनबमोजिम इजाजतपत्र नलिई कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने छैन” भन्ने तथा ऐ. ऐनको दफा ४३ मा “कसैले दफा १० विपरीत इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपियाँदेखि पाँच लाख रूपियाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने छ । विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुने छ” भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत विवादमा जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा विदेश पोल्याण्ड पठाउने भनी लिखत नै गरी रकम लिएको

पुष्टि भएको र विदेश पठाई नसकेको अवस्था विद्यमान भएकाले सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट यी पुनरावेदक प्रतिवादीलाई एक वर्ष छ महिना कैद र रू.१,५०,०००।- जरिवानासमेत हुने ठहर गरेको फैसला मिलेकै देखियो । पुनरावेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले मिलापत्रका लागि मौका पाउन गरेको आग्रहका सम्बन्धमा प्रस्तुत मुद्दामा फैसला कार्यान्वयनका चरणमा समेत मिलापत्र हुने नै भएकोले सोतर्फ विचार गरिरहनुपर्ने नदेखिने।

अतः माथि विवेचना गरिएबमोजिमको तथ्य तथा आधार कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी अरूण राई भन्ने अरूणाकुमार राईलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. दफा ४३ बमोजिम एक वर्ष छ महिना कैद र रू.१,५०,०००।- जरिवाना हुने तथा जाहेरवाला अर्जुन गुरूङको बिगो रू.८२,०००।- र जाहेरवाला जिवन गुरूङको बिगो रू.३,६०,०००।- गरी जम्मा रू.४,४२,०००।- र सोको ५०% ले हुने हर्जाना रकम रू.२,२१,०००।- समेत प्रतिवादी अरूण राई भन्ने अरूणाकुमार राईबाट जाहेरवालाहरूले भराइपाउने ठहर गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७६।१०।२८ को फैसला मिलेकै देखिदा सदर हुने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल भाद्र ८ गते रोज ४ शुभम्।

६०

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी**, *०६९-RB-०००२, गैरकानूनी रूपमा गरिएको ट्रेडमार्कको नक्कल रोक्का गरी हर्जाना भराइपाऊँ भन्नेसमेत, सोमनाथ पौडेल वि. सुनसरी जिल्ला, सोनापुर २ स्थित एसियन थाई फुड्स प्रा.लि.*

साबिकमा मिति २०४३।३।३० मा खाजा खाद्य उद्योग नयाँबजारका नाउँमा मकै र चामलबाट तयार हुने खाजामा मात्र सिमित भइ दर्ता भएको, ट्रेडमार्क विपक्षी एसियन थाई फुड्सका नाममा मिति २०६१।९।१२ मा नामसारी हुँदा ''मामा'' शब्द कुनै पनि किसिमको चाउचाउमा प्रयोग गर्न नपाउने सर्तमा नामसारी भएकोमा पुनः मिति २०६२।२।१७ मा विपक्षी एसियन थाई फुड्स प्रा.लि. ले दर्ता गराएको 'MAMA BHUJIYA (AND LOGO)'' नामको ट्रेडमार्कमा चाउचाउमा प्रयोग हुने गहुँको INGREDINTS राखी भुजियामा प्रयोग गर्न अनुमति दिने भन्ने कुरा न्यायोचित नदेखिने।

''मामा'' ट्रेडमार्कको प्रयोग चाउचाउबाहेकको मालमा सीमित गरिदिएकोमा चाउचाउमा हाल्ने कच्चा पदार्थ गहुँको पिठो राखी विपक्षी एसियन थाई फुड्स प्रा.लि.ले गहुँको पिठोबाट भुजिया उत्पादन गर्नु ''मामा'' सर्तको दुरूपयोग हुन जानेसमेत देखिने किनकि कुनै पनि कम्पनीको ब्रान्डमा INGREDINTS बाट QUALITY निर्धारण हुने हुन्छ। जसबाट उपभोक्तासमेत झुक्किन सक्ने भई निवेदक कम्पनीको ख्यातिमा समेत असर पर्न जाने देखिन्छ। उद्योग विभागबाट मामा ट्रेडमार्क दुवै कम्पनीलाई अलगअलग मालमा प्रयोग गर्न पाउने गरी प्रदान गरेकोमा पुनः एसियन थाई फुड्स प्रा.लि. सुनसरीले मिति २०६२।२।१७ मा ''मामा चिकेन भुजिया'' ट्रेडमार्क दर्ता गरी पुनरावेदक कम्पनीले प्राप्त गरेको ट्रेडमार्क चाउचाउमा प्रयोग हुने कच्चा पदार्थ गहुँको प्रयोग गरी मामा चिकेन भुजिया उत्पादन गर्न नमिल्ने।

विपक्षी एसियन थाई फुड्स प्रा. लि. ले आफूले प्राप्त गरेको ट्रेडमार्क दर्ता प्रमाणपत्रमा तोकिएको सर्तविपरीत निवेदक साबिक नेपाल थाई फुड्स प्रा. लि. फास्ट फुड्स (नेपाल) प्रा.लि. मा गाभिई हालको सी.जी. फुड्स (नेपाल) प्रा.लि. ले दर्ता गरी प्रयोगमा ल्याएको चाउचाउमा प्रयोग हुने गहुँको पिठोको प्रयोग गरी बन्ने चाउचाउको टुक्राबाट तयार हुने भुजिया उत्पादन गर्नपाउने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला कानूनसम्मत नदेखिने । विपक्षी एसियन थाई फुड्स प्रा.लि.ले ट्रेडमार्क दर्ता

प्रमाणपत्रमा तोकिएको सर्तबमोजिमको उत्पादनमा मात्र उक्त ट्रेडमार्कको प्रयोग गर्नुपर्ने ।

अतः विपक्षी एसियन थाई फुड्स (नेपाल) प्रा. लि. ले "मामा चिकेन भुजिया" गहुँको पिठोको प्रयोग गरी भुजिया उत्पादन गर्न पाउने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६७।१२।१४।२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू उद्योग विभागको निर्णयबमोजिम प्रत्यर्थी एसियन थाई फुड्स प्रा.लि. ले गहुँको पिठो प्रयोग गरी बनाएको चाउचाउको टुक्राबाट तयार हुने भुजियाको लोगो प्रयोग गर्न नपाउने । विपक्षी एसियन थाई फुड्सले गँहुको पिठोसमेत प्रयोग गरेको मालमा उक्त ट्रेडमार्क लोगोको प्रयोगबाट पुनरावेदकलाई यो, यति क्षति पुगेको भन्ने मिसिल प्रमाणबाट स्थापित हुन नसकेकोले निवेदन दाबीबमोजिम क्षतिपूर्ति भराइपाउँ भन्ने र उत्पादन जफत गरिपाउँ भन्ने निवेदन दाबीसम्म पुग्न नसक्ने ।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल भदौ २८ रोज २ शुभम् ।

- यसै लगाउका ०७४-RB-०२५८, ट्रेडमार्क दर्ता बदर गरिपाऊँ, सोमनाथ पौडेल वि. सुनसरी जिल्ला, सोनापुर २ स्थित एसियन थाई फुड्स प्रा.लि. समेत

**६१**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-CR-०३८७, मानव बेचबिखन तथा ओसारपसार, जयन्ती हमाल वि. नेपाल सरकार*

उच्च अदालत सुर्खेतबाट सुरू सल्यान जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको फैसलाउपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेको देखिएन । प्रतिवादी जयन्ती हमालको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, निज जयन्ती हमालले आफू र पीडित ५५क(२) समेत भई नेपालबाट साउदी अरबमा वैदेशिक रोजगारमा जानको लागि महिलालाई अनुमति नहुने हुँदा भारतको बाटो हुँदै जानका लागि भनी घरबाट सँगै गएको र नेपालगन्जमा रहेका अर्का प्रतिवादी गंगाधर शर्मासँग भेटी निज गंगाधर शर्मासमेत भई नेपाल भारतको सिमानामा रहेका माइती नेपाल र सुरक्षाकर्मीलाई समेत आफन्त भेट्न जाने भनी ढाँटी र पीडितलाई समेत ढाँट्न लगाई भारतको मुम्बई पुगेको र त्यहाँ प्रतिवादीमध्येका गंगाधर शर्माले भाडामा लिई राखेको कोठामा १ रात बसी भोलिपल्ट मेडिकल चेकजाँच गर्दा पीडित मेडिकलमा पास भएकोले निज पीडित साउदी अरब गएको र आफू मेडिकलमा फेल भएकोले नेपाल फर्की आएको तथ्यलाई स्वीकार गरी यी पुनरावेदक प्रतिवादी जयन्ती हमालले सुरू अदालतमा बयान गरेको देखिन्छ । सो बयानलाई पुनरावेदन पत्रमा समेत समर्थन गरी आफू निर्दोष रहेको भनी जिकिर लिएको पाइन्छ । घटना विवरण कागज गर्ने टोपबहादुर शाह, जाहेरवाली सङ्केत नाम दीपिकाले अदालतमा आई बकपत्र गर्दासमेत यी प्रतिवादीले पीडितलाई घरबाट मुम्बई पुऱ्याई बेपत्ता बनाएको भनी बकपत्र गरेको पाइन्छ भने प्रतिवादी जयन्ती हमालका साक्षी यादव उपाध्याय र लालबहादुर बुढाथोकीले समेत प्रतिवादीले पीडीतलाई भारतको मुम्बइसम्म पुऱ्याएको कुरालाई अन्यथा भन्नसकेको पाइँदैन । प्रतिवादी जयन्ती हमालले आफूले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले भारतको मुम्बई पुऱ्याएको नभई पीडित स्वयंले वैदेशिक रोजगारका लागि साउदी अरब जान खोजेको हुँदा उक्त कार्यमा सहयोगसम्म गरेको हुँदा मानव बेचबिखन तथा ओसारपसारमा सजाय हुने होइन भनी पुनरावेदनपत्रमा जिकिर लिए तापनि नेपालबाट साउदी अरबमा रोजगारमा जान अनुमति नहुने कुरामा निज जानकार रहेको कुरा निजको बयानबाट समेत पुष्टि हुन्छ । यसरी गैरकानूनी तवरले पीडितलाई वैदेशिक रोजगारमा साउदी अरब पठाउन पीडितलाई आफूसँगै लिई नेपाल भारत सीमामा रहेका प्रहरीसमेतलाई ढाँटी र पीडितलाई समेत ढाँट्न लगाई भारतको मुम्बइसम्म पुऱ्याएको कुरा निजले स्वीकार गरेकोमा निजको उक्त

कार्य प्रचलित मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ३(१) विपरीत रहेको नै देखिने।

यी पुनरावेदक प्रतिवादी जयन्ती हमालले पीडित सङ्केत नाम ५५क(२)लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) बमोजिम किन्ने वा बेच्ने उद्देश्यले नै विदेशमा लगेको पुष्टि हुने प्रमाण वादी पक्षले पेस गर्न सकेको पाइँदैन। नेपालबाट वैदेशिक रोजगारको लागि अनुमति नभएको साउदी अरबमा जानको लागि पीडितलाई निजको घरबाट सँगै लिई भारतको मुम्बइसम्म पुर्‍याई त्यहाँबाट साउदी अरबमा वैदेशिक रोजगारको लागि पठाएको भन्नेसम्म निजको अदालतसमक्ष भएको बयान तथा निजले पुनरावेदन पत्रमा उल्लेख गरेको जिकिरसमेतको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुनआएको देखिँदा यी पुनरावेदक प्रतिवादीको उक्त कार्य अभियोगपत्रमा दाबी लिएबमोजिम मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) अन्तर्गतको कसुर नभई ऐ. को दफा ४(२)(ख) अन्तर्गतको कसुरसम्म गरेको देखियो । अब, निज पुनरावेदक प्रतिवादीलाई दाबी गरिएको सजायका सम्बन्धमा विचार गर्दा मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) मा मानिस किन्ने वा बेच्नेलाई सजाय तोकिएकोमा निजलाई दफा ४(१)(क) मा कसुर प्रमाणित नभएको अवस्थामा सो सजाय आकर्षित हुने देखिएन। अभियोग दाबिमा उल्लिखित दफा १५(१)(ङ)(१) मा किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई सजायको व्यवस्था रहेको हुँदा यी पुनरावेदक प्रतिवादीले उल्लिखित उद्देश्यले विदेश लगेको प्रमाणित हुन नसकेको अवस्थामा सो सजाय पनि आकर्षित हुनसक्ने देखिएन। सोही दफा १५(१) को (च) मा शोषण गर्ने उद्देश्यले दफा ४(२)(ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैदको व्यवस्था गरेको पाइन्छ। पुनरावेदक प्रतिवादीले पीडितलाई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश लगेको भनी वादी पक्षबाट शंकारहित रूपमा पुष्टि गर्न नसकेको अवस्थामा यी पुनरावेदक निज पीडितलाई विदेश पठाउने कार्यमा साथ लागी गई पठाएकोमा साबित नै रहेको हुँदा निजका हकमा उक्त दफा १५(१)(च) को व्यवस्था आकर्षित हुने।

उपर्युक्तबमोजिम प्रतिवादी जयन्ती हमाललाई उक्त ऐनको दफा ४(२)(ख)को कसुरमा ऐ. को दफा १५(१)(च) बमोजिम दुई वर्षदेखि पाँच वर्षसम्म कैद सजाय हुनेमा दफा ४(२)(क) को कसुर ठहर्‍याई ऐ. को दफा १५(१)(ङ)(१) बमोजिम १०(दश) वर्ष कैद सजाय र रू.५०,०००।- (पचास हजार) जरिवाना गर्ने गरी सुरू सल्यान जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत सुर्खेतबाट मिति २०७४।३।१८ मा भएको फैसला सो हदसम्म मिलेको देखिएन। आफू निर्दोष रहेको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भनी प्रतिवादी जयन्ती हमालले लिएको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने।

अतः माथि उल्लिखित आधार कारणबाट प्रतिवादी जयन्ती हमालउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) विपरीत ऐ. ऐनको दफा ४(२)(क) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १०(दश) वर्ष कैद र रू. ५०,०००।– (पचास हजार रूपियाँ) जरिवाना हुने ठहर्‍याएको सुरू सल्यान जिल्ला अदालतको मिति २०७३।७।९ को फैसला सदर हुने ठहर्‍याएको उच्च अदालत सुर्खेतको मिति २०७४।३।१८ को फैसला केही उल्टी भई प्रतिवादी जयन्ती हमाललाई उक्त ऐनको दफा ४(२)(ख) को कसुरमा ऐ.को दफा १५(१)(च) बमोजिम ४(चार) वर्ष

कैद सजाय हुने।

इजलास अधिकृत : कुबेर पाण्डे

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल साउन १९ गते रोज ५ शुभम्।

६२

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-RB-०४०२, बैंकिङ कसुर, निर्मला खड्का वि. नेपाल सरकार*

प्रतिवादी निर्मला खड्काले अनुसन्धानको क्रममा मेरो श्रीमान्ले जाहेरवाला देवराज राईसँग रू.१०,००,०००/- सापटी लिएको थिएँ, केही समयपछि उक्त रकम फिर्ता मागेको हुँदा श्रीमान् र मेरो सहमतिमा खाली चेकमा सही गरिदिएकोमा निजले आफैँ बेहोरा लेखेका हुन् भनी बयान गरेको र अदालतसमक्ष जाहेरवाला देवराज राई र मेरो श्रीमान (अनिल खड्का) वैदेशिक रोजगारसम्बन्धी काम कारबाही गर्ने क्रममा रू.१०,००,०००/- (दश लाख) सापटी स्वरूप लिएका थिए । सो रकम फिर्ता गर्दा रकम नभएको ग्लोबल आई.एम.ई.बैंक लिमिटेडको खाताको चेकमा श्रीमान्ले रकम भरी जाहेरवालालाई दिएको हो भनी बयान गरेको देखियो । प्रतिवादीले आफ्नो खातामा रकम नभएको कुरा जानकारी रहेको अवस्थामा जानी जानी चेकमा सही गरेर जाहेरवालालाई दिएको तथ्यलाई स्वीकार गरी अदालत र मौकामा लेखाइदिएको देखिन्छ । प्रतिवादी निर्मला खड्काको नाममा रहेको खातामा पर्याप्त मौज्दात रकम नभएको कारण जाहेरवालाले पेस गरेको चेकबमोजिमको रकम भुक्तानी हुन नसकेको भन्ने ग्लोबल आई.एम.ई. बैंक लिमिटेडको पत्र तथा स्टेटमेन्टसमेत देखिने।

मैले जाहेरवालासँग कुनै रकम नलिएको र अभियोग दाबीबमोजिमको कसुर अपराध नगरेको भन्ने जिकिरलाई पुष्ट्याइँ गर्ने प्रतिवादी निर्मला खड्काबाट विश्वसनीय सबुद प्रमाण पेस हुन नसकेको, प्रतिवादीले आफ्नो खातामा रकम नभएको अवस्थामा जानी जानी भुक्तानी लिनु भनी जाहेरवाला देवराज राईलाई चेक जारी गरेको कुरालाई स्वीकार गरी बयान गरेको तथा जाहेरवालाको नाउँमा काटिदिएको चेकमा उल्लेख भएको रकम भुक्तानी हुन नसकेको भन्ने बैंकको पत्र र स्टेटमेन्टसमेतबाट निज प्रतिवादीबाट अभियोग मागदाबीबमोजिमको कसुर अपराध भएगरेको भन्ने देखिने।

उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादी निर्मला खड्काले आफ्नो खातामा चेकलाई खाम्ने पर्याप्त रकम नभएको भन्ने बैंकको पत्र तथा प्रतिवादीको बयान बेहोरासमेतबाट अभियोग माग दाबीबमोजिम कसुर अपराध यी पुनरावेदक प्रतिवादीबाट भए गरेको भन्ने देखिँदा आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार, कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी निर्मला खडकाले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) विपरीत कसुर गरेकाले सोही ऐनको दफा १५(१) बमोजिम ३(तीन) दिन कैद सजाय, रू.१०,००,०००/- (दश लाख) जरिवाना र बिगोबमोजिमको रकम जाहेरवालाले प्रतिवादीबाट भराइलिन पाउने साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम जरिवाना रकमको ४% ले हुन आउने रकम रू.४०,०००/- (चालिस हजार) क्षतिपूर्ति शुल्क प्रतिवादीले बेहोर्नुपर्ने गरी ठहराएको उच्च अदालत, पाटनबाट मिति २०७६/०३/०९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ऋतु राई

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल मंसिर ७ गते रोज ४ शुभम्।

६३

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-RB-०००१, बैंकिङ कसुर, दिपेन्द्र कोइराला वि. नेपाल सरकार*

यस अदालतबाट मिति २०७९/०१/२२ मा निर्मला सोडारी विरूद्ध नेपाल सरकार भएको ०७६-NF-००११ बैंकिङ कसुर मुद्दामा कानूनले उपचारका फरक फरक मार्गको व्यवस्था गरेको सन्दर्भमा नेपाल कानून व्याख्यासम्बन्धी ऐनको दफा २५ मा "दुई वा दुईभन्दा बढी ऐन मुताबिक गरेमा वा नगरेमा कसुर मानिने काम रहेछ भने कसुरदारलाई तीमध्ये कुनै एक ऐनबमोजिम सजाय हुन्छ तर एकपटक सजाय पाइसकेपछि सो कसुरमा दोस्रोपटक सजायको भागी हुँदैन" भन्ने व्यवस्थासमेतले दुई कानूनी उपचार विद्यमान भएमा कुनै एक कानूनबाट कारबाही गर्न सकिने गरी पक्षको रोजाइलाईसमेत स्वीकार गरेको भन्ने निर्णय भई बैंकिङ कसुर तथा सजाय ऐनअन्तर्गत मुद्दा चल्न सक्ने व्याख्या भइसकेको छ । यसरी कानूनले जब उपचारका दुईवटा मार्ग पीडितलाई प्रदान गरेको हुन्छ भने सोमध्ये कुनै मार्ग अवलम्बन गर्ने स्वतन्त्रता पीडितलाई हुन्छ भनी व्याख्यासमेत भइसकेको परिप्रेक्ष्यमा पीडित जाहेरवालाले प्रचलित कानूनहरूमध्ये कुनै एक मार्ग लिई आउनसक्ने नै हुँदा चेक अनादरको विषय विनिमय अधिकारपत्रअन्तर्गत मुद्दा दायर हुनुपर्नेमा सो नभई बैंकिङ कसुरअन्तर्गत मुद्दा दायर गरिएको कानूनसङ्गत नहुँदा अभियोग मागदाबी खारेज गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी दिपेन्द्र कोइरालाले आरोपित कसुर अपराध नगरेको भन्ने जिकिरलाई पुष्ट्याई गर्ने विश्वसनीय सबुद प्रमाण निजबाट पेस हुन नसकेको, प्रतिवादीले आफ्नो खातामा रकम नभएको अवस्थामा भुक्तानी लिनु भनी जाहेरवाला लाला गुरूङलाई चेक जारी गरेको कुरालाई स्वीकार गरी बयान गरेको तथा चेकमा उल्लेख भएको रकम जाहेरवालाले भुक्तानी प्राप्त गर्न नसकेको भन्ने बैंकको पत्रसमेतबाट प्रतिवादी दिपेन्द्र कोइरालाबाट अभियोग मागदाबीबमोजिमको कसुर अपराध भए गरेको भन्ने देखिने।

उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादी दिपेन्द्र कोइरालाको बयान बेहोरा र चेकमा उल्लेख भएको रकम प्रतिवादीको खातामा नभएको भन्ने बैंकको पत्रसमेतबाट अभियोग मागदाबीबमोजिमको कार्य यी पुनरावेदक/प्रतिवादीबाट भएगरेको देखिँदा आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भन्ने प्रतिवादी दिपेन्द्र कोइरालाको पुनरावेदन जिकिर तथा निजको विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार, कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी दिपेन्द्र कोइरालाले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) विपरीतको कसुर गरेकाले निजलाई ३(तीन) दिन कैद सजाय, रू.९,००,०००/- (नौ लाख रूपियाँ) जरिवाना र जाहेरवालाले प्रतिवादीबाट बिगो रकम भराइपाउने साथै अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ (३) बमोजिम जरिवाना रकमको ४ प्रतिशतले हुन आउने रकम प्रतिवादीले रू.३६,०००/- (छत्तिस हजार) क्षतिपूर्ति शुल्कबापत बेहोर्नुपर्ने ठहराएको उच्च अदालत, पाटनका मिति २०७७/१२/३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ऋतु राई

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल मंसिर ९ गते रोज ४ शुभम्।

**६४**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CI-२०३२, नामसारी गरी तर्फ कायम गरिपाऊँ, उमा मिश्र वि. इन्द्रामतीदेवी मिश्र*

स्व. अलखा मिश्रको स्याहार सम्भार, पालनपोषण तथा काज किरियासमेत अलखाको छोरी वादी इन्द्रमतीदेवी मिश्रले गरेको रहेछ भन्ने गाउँ तथा वडा सर्जमिन मुचुल्कालगायतका कागजातहरूबाट देखियो। प्रतिवादी उमा मिश्र तथा अलखाकी छोरीहरू

जेठी राम समुन्दरा मिश्राइन र माहिली ललिता भन्ने सन्तोला मिश्रसमेतले सो सर्जमिन मुचुल्का बेहोरालाई अन्यथा पुष्ट्याइँ गर्न विश्वसनीय प्रमाण पेस गर्नसकेको देखिएन। यी वादी इन्द्रमतीदेवी मिश्रले छोरासरह आमा अलखा मिश्रलाई संरक्षणमा राखी मृत्युपर्यन्त काज किरियासमेत गरेको भन्ने सर्जमिन मुचुल्का बेहोराबाट पुष्टि भएको देखिने ।

प्रत्यर्थी वादी इन्द्रमतीदेवी मिश्रले २०३३ सालमा बुबा रंजन मिश्रको र मिति २०६०/०७/१२ मा आमा अलखा मिश्राइनको आफ्नो कालगतिले मृत्यु भएको निजहरूको कुनै छोराको नभई तीन जना छोरीहरूको जायजन्म भएको सबै छोरीको विवाह भए पनि आमा जीवित रहुन्जेलसम्म स्याहार सम्भार र दाहसंस्कारसमेत आफैँले गरेको हुँदा मुलुकी ऐन, अपुतालीको ११ नं. बमोजिम आमा अलखा मिश्रको शेषपछि हक खाने एक मात्र हकदार आफू भएकोले मृतक आमाका नाउँमा रहेको जग्गा खारेज गरी आफ्ना नाउँमा नामसारी गरिपाउँ भनी मिति २०६९/०३/११ मा मालपोत कार्यालय, कपिलवस्तुमा निवेदन दर्ता गरेको देखिन्छ। सो सम्बन्धमा गाउँ सर्जमिन मुचुल्का, भिल्मी गा.वि.स.को जोत भोगको सिफारिस पत्र, फिल्डबुक उतार तथा वादी दाबीसमेतको आधारमा अलखा मिश्रका नाउँमा दर्ता रहेको जग्गाहरूको स्रेस्ता जीर्ण देखिएको हुँदा जग्गाधनी दर्ता प्रमाण पुर्जा अनुसार मृतक अलखा मिश्राइनका नाउँमा दर्ता रहेको जग्गा साबिक मुलुकी ऐन, अपुताली महलको २ र ११ नं. बमोजिम स्व. अलखा मिश्रका नाउँमा दर्ता रहेको जग्गा अलखा मिश्रको छोरी निवेदक इन्द्रमतीदेवी मिश्रका नाउँमा नामसारी हुने ठहरी मालपोत कार्यालय, कपिलवस्तुबाट मिति २०६९/०४/०७ मा निर्णय भएको देखियो । उक्त निर्णय बदर गराउन प्रतिवादी उमा मिश्र तथा अलखाकी छोरीहरू जेठी राम समुन्दरा मिश्राइन र माहिली ललिता भन्ने सन्तोला मिश्रसमेतले कहीँकतै उजुरी नगरी निर्णयलाई स्वीकार गरी सो निर्णय अन्तिम भइरहेको अवस्था देखिने।

बाबु आमाको सम्पत्ति छोरीले पनि छोरासरह अंश हक अथवा अपुताली हक प्राप्त गर्न सक्ने परिप्रेक्ष्यमा प्रतिवादी उमा मिश्रले आफ्नो भाउजू नाताकी अलखाको अंश हक अपुताली खाने हकदार कोही नभएको, निजको पालनपोषण तथा मृत्युपश्चात्को काजकिरिया मैले गरेको हुँ, सो अपुताली सम्पत्ति मैले पाउनुपर्छ भनी पुनरावेदक प्रतिवादीले लिएको जिकिरलाई पुष्ट्याइँ गर्ने तथ्ययुक्त सबुद प्रमाण पेस नगरी स्व. अलखा मिश्रलाई मैले सेवा सम्भार तथा मृत्युपश्चात् काजकिरिया मैले नै गरेको भनी प्रतिवादीले जिकिर लिनु मात्र पर्याप्त हुँदैन। सोको आधार दिइँदैन भने प्रतिवादीले जिकिर गरेकै भरमा अदालतले त्यसलाई ग्रहण गर्न सक्दैन । यस अवस्थामा स्व.अलखालाई स्याहार सम्भार तथा काजकिरिया प्रतिवादी उमा मिश्रले गरेको भनी अनुमान गर्नु स्वाभाविक देखिएन। वादी इन्द्रमतीदेवी मिश्रले अलखालाई सेवा सम्भार तथा मृत्युपछि काज किरिया गरेको हो भन्ने सर्जमिन मुचुल्काबाट देखिँदा कानूनी रूपमा यी वादी नै अलखाको अंश हक प्राप्त गर्ने व्यक्ति रहेको देखिने।

वादीले आमाको मृत्यु भएको करिब १० वर्षपछाडि परेको मुद्दा हदम्याद एवम् हकदैयाविहीन रहेको वादी दाबीबाट फुर्सद गरिपाउँ भन्ने प्रतिवादी उमा मिश्रको जिकिर रहेकोमा २०४४ सालमा निज उमा मिश्रले प्रस्तुत मुद्दाको विवादित जग्गा प्रभावती मिश्र र अलखा मिश्रको अंश हकको जग्गा रहेको भनी रेश्मीराज मिश्रउपर फिराद दायर गरेबाट अलखा मिश्रको अंश हकको जग्गा हो भन्ने तथ्यलाई निजले स्वीकार गरेको देखिन्छ । मिति २०२८/१२/०१ को सर्वोच्च अदालतको फैसला, कपिलवस्तु जिल्ला अदालतबाट मिति २०४७/०९/१९ र मिति २०५८/०२/१६ मा भएको फैसला र पुनरावेदन अदालत, बुटवलबाट मिति २०५९/०१/१८ मा अलखा मिश्रको अंश हक प्रतिवादी उमा मिश्रसँग रहने

गरिएको मिलापत्रसमेतबाट वादीको आमा अलखा मिश्रले प्राप्त गरेको अंश भागको ज.वि.१-१६-०१/२ जग्गा अलखा मिश्रले प्रतिवादी उमा मिश्रलाई कुनै किसिमबाट हक हस्तान्तरण गरिदिएको भन्ने तथ्ययुक्त सबुद प्रमाण मिसिल संलग्न कागजातबाट देखिँदैन। स्व. अलखा मिश्रकी छोरी वादी इन्द्रमतीदेवी मिश्रले आमाको अंश हकको सम्पत्ति प्राप्त गर्न अंश हक जग्गा जहिले पनि प्राप्त गर्न सक्ने छ भन्ने सिद्धान्त प्रतिपादन भइरहेको अवस्थामा हदम्याद एवम् हकदैयाविहीन मुद्दा दायर भएको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

अलखा मिश्रको संरक्षण तथा मृत्युपर्यन्तका कार्यहरू वादी इन्द्रमतीदेवी मिश्रबाट भए गरेको भन्ने गाउँ विकास समितिको सर्जमिन मुचुल्का, सिफारिस पत्रसमेतबाट कानूनी रूपमा स्व.अलखा मिश्रको नजिकको हकदार वादी इन्द्रमतीदेवी मिश्र देखिइरहेको यस अवस्थामा अलखा मिश्रले फैसलाबाट प्राप्त गरेको अंश भाग प्रतिवादी उमा मिश्रको नाउँमा रहेको जग्गाबाट नरम गरम मिलाई तर्फ कायम हुने गरी तर्फ छुट्याई ज.वि.१-१६-०१/२ जग्गा कानूनबमोजिम अंशबन्डा छुट्याई वादी इन्द्रमतीदेवी मिश्रले नामसारी दर्ता गर्न पाउने गरी भएको फैसला अन्यथा नभई मनासिब रहेको देखिन्छ । पुनरावेदक प्रतिवादी उमा मिश्रको पुनरावेदन जिकिर र निजका तर्फका उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

स्व.अलखा मिश्रले फैसलाबाट प्राप्त गरेको अंश भागको जग्गा वादी इन्द्रमतीदेवी मिश्रले आफ्ना नाउँमा दा.खा. नामसारी गर्न पाउने ठहरी कपिलवस्तु जिल्ला अदालतको मिति २०७१/०३/०८ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७२/०५/२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ऋतु राई

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०७९ साल फागुन १४ गते रोज १ शुभम्।

## इजलास नं. ११

### ६५

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-RB-०३४६, बैंकिङ कसुर, जयराम श्रेष्ठ वि. नेपाल सरकार*

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) लाई हेर्दा "आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटिदिन नहुने" भनी उल्लेख भई कसैले पनि आफ्नो खातामा पर्याप्त मौज्दात नभएको अवस्थामा चेक काटिदिई सो चेकको भुक्तानी हुन नसकेमा उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम कसुर मानिने कानूनी व्यवस्था रहेको छ। प्रतिवादीले मौकामा तथा अदालतमा समेत आफ्नो खातामा रकम नभएको कुरा जानकारी भएको, निजले खातामा रकम नभए पनि चेक काटिदिएको र सो चेकमा भएको दस्तखतसमेत आफ्नो भएको तथ्य स्वीकार गरी बयान गरेको अवस्था देखिँदा यी प्रतिवादी जयराम श्रेष्ठले अभियोग दाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) अनुसारको कसुर गरेको देखियो । तसर्थ अभियोग मागदाबीबमोजिम कसुर कायम गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

फौजदारी कानूनको उद्देश्य नै कसुरदारलाई सजाय गर्नु तथा पीडितलाई न्यायको अनुभूति दिलाउनु हो। प्रस्तुत मुद्दामा जाहेरवालाले पाउनुपर्ने रकम अभियोग दायर हुनुपूर्व नै प्राप्त गरिसकेको मिसिल संलग्न प्रमाणबाट देखिएको र कैदको हकमा प्रतिवादीलाई १० (दश) दिन हुने ठहरी फैसला भएको सन्दर्भमा विचार गर्दा, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा १४ (ख) मा सजाय निर्धारण गर्दा सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुनेभन्दा चर्को सजाय गर्न नहुने कुरालाई विचार गर्नुपर्ने भनी उल्लेख गरेको देखिँदा यी

जाहेरवालाले प्रतिवादीबाट पाउनुपर्ने रकम पाइसकेको अवस्था र प्रतिवादीले गरेको कसुरको मात्रा अनुसार प्रतिवादीलाई न्यूनतम कैद गर्दा पनि न्यायको मक्सद पूरा हुने तथा पीडितलाई न्याय प्रत्याभूति हुने देखिने।

माथि उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी जयराम श्रेष्ठलाई बैँकिङ कसुर तथा सजाय ऐन,२०६४ को दफा ३(ग) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१) अनुसार बिगोबमोजिम रू.१५,००,०००/- (पन्ध्र लाख) रूपियाँ जरिवाना र १० (दश) दिन कैद हुने ठहर्‍याइ उच्च अदालत पाटनबाट मिति २०७४/०९/०९ मा भएको फैसला बिगोबमोजिम सजाय गर्ने गरेको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई बिगोबमोजिमको जरिवानासमेत गरिपाउँ भन्नेसम्मको वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने।

इजलास अधिकृत : मेजुमी गुरूङ

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ माघ ०४ गते रोज ४ शुभम्।

**६६**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७७-CR-०९११, जबरजस्ती करणी, गंगाबहादुर राई वि. नेपाल सरकार*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा पूर्ण रूपमा इन्कार भएको भए तापनि अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडित बालिकालाई पैसा दिने प्रलोभनमा पारी निजको संवेदनशील अंगमा हात लगाई कपडा खोली बालिकाको योनिमा लिङ्ग छिराउन खोज्दा बालिका कराएपछि निजलाई कराउन नदिई रू. १००/- दिएर पठाएको र पुन: सोही गतिविधि मिति २०७५/०८/२३ गते दोहोर्‍याई निज बालिकालाई बोलाई पुन: करणी गरी निज पुन: कराएपछि रू.१,०००/- दिई सो स्थानबाट पठाएँ भनी बयान गरेका छन्। प्रतिवादीको उक्त बयानलाई समर्थन गर्ने गरी घटनास्थल मुचुल्का गर्ने श्रद्धा राई, विन्दा राई र परिवर्तित नाम ख कुमारसमेतले यी प्रतिवादीले निज बालिकालाई जबरजस्ती करणी गरेको भनी गाउँघरमा हल्ला भएको हुँदा सुनी थाहा पाएको भनी बकपत्र गरेको र जाहेरवालाले पीडितले भनेपछि थाहा पाएको भनी अदालतसमक्ष अभियोगदाबी पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ। पीडित बालिकाले प्रतिवादीले निजलाई बोलाई शरीरमा हातपात गरी रू.१००/- दिएको र पुन: २०७५/०८/२३ गते बोलाई निजले तान्दै लगेको र मुख बन्द गरी जबरजस्ती करणी गरेपश्चात् रू.१,०००/- दिई अरूलाई भने मारिदिन्छु भनी धम्की दिएको भनी अदालतसमक्ष बकपत्र गरेकोसमेत देखिन्छ। मौकामा कागज गर्ने घटना विवरणका मानिसहरूले समेत निज पीडित बालिकाबाट सुनी थाहा पाएको भनी अदालतमा आई मौकाको घटना विवरण कागजलाई समर्थन हुने गरी बकपत्र गरेको र पीडितको शारीरिक परीक्षणबाट hymen not intact भन्ने प्रतिवेदनसमेतबाट जबरजस्ती करणी भएको पुष्टि हुने।

पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भएको hymen not intact अर्थात कन्याजाली च्यातिएको भनी उल्लेख भएको तथ्यलाई मिसिल संलग्न पीडितको किटानी जाहेरी, किटानी बकपत्र, किटानी वस्तुस्थिति मुचुल्का, अदालतमा पीडितले गरेको बकपत्र, अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरलाई स्वीकार गरी प्रतिवादीले गरेको बयान र मिसिल संलग्न कागजले पीडितको जबरजस्ती करणी भएको तथ्य स्थापित गरी सोही कारणले कन्याजाली फाटेको भन्ने मनासिब आधार देखिँदा पुनरावेदक प्रतिवादीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने। मिसिल संलग्न पीडितको जन्मदर्ता प्रमाणपत्रको आधारमा निजको जन्ममिति २०६३।०४।२५ भई वारदात भएको मिति २०७५।८।१९ मा निजको उमेर १२ वर्ष ४ महिना रहेको देखिन्छ। प्रतिवादीको उक्त कार्य मुलुकी अपराध संहिता,२०७४ को दफा २१९ को उपदफा (१) र (२) नम्बरबमोजिमको कसुर भएको देखिँदा पुनरावेदकको अभियोग दाबीबाट सफाइ दिनुपर्ने जिकिरसँग सहमत

हुन सकिएन । उच्च अदालत विराटनगरबाट भएको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

प्रतिवादी गंगाबहादुर राईले पीडित १०-B (१-१२-ग) लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि भएको र प्रतिवादीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसुर भएको हुँदा तत्तत् दफाबमोजिम निज प्रतिवादीलाई जबरजस्ती करणीको कसुरतर्फ १४ वर्ष कैद हुने र पीडितलाई प्रतिवादीबाट रू.२५,०००।- (पच्चिस हजार रूपियाँ) क्षतिपूर्ति भराइदिने ठहर गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत बिराटनगरबाट मिति २०७७/०३/१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : निर्मला कुमारी खड्का

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल आसाढ ८ गते रोज ४ शुभम् ।

**६७**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-०२८२, वैदेशिक रोजगार कसुर, दिर्घनाथ चापागाई वि. नेपाल सरकार*

प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गर्दा जाहेरवालासमेतका १७।१८ जना मानिसले मलाई अपहरण गरी नियन्त्रणमा लिई ज्यान मार्ने धम्की दिई निजहरूले नै लेखी ल्याएको कागजमा सहीछाप गर्न लगाएका हुन् । जाहेरवालाले भाषा पढ्ने भनी भनेकोले लोकिन्द्रबाबु राईसँग चिनजान गराइदिएकोसम्म हो । मैले जाहेरवालाबाट रकम लिए खाएको छैन, तसर्थ निर्दोष छु अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । आफूलाई अपहरण गरी जबरजस्तीसँग कागज गराएको भनी बयानमा उल्लेख गरे पनि आफू अपहरणमा वा कसैको जबरजस्ती नियन्त्रणमा परेको भए सो विषयमा कहीँकतै उजुर बाजुर गरेको छु भनी यी प्रतिवादीले उल्लेख गरेको देखिँदैन । यदि सो कागज नै करकाप जोर जुलम गरी गराइएको हो भने सो विषयमा नालिस वा उजुरसमेत गरी बदर गराउनुपर्ने हुन्छ । सो विषयमा समेत यी प्रतिवादीले नालिस उजुर गरेको छु भनी खुलाउन सकेको पाइँदैन । यी प्रतिवादीका साक्षी पुष्पराज गौतमले प्रतिवादीले जाहेरवालाबाट रकम लिएखाएका होइनन् । वैदेशिक रोजगारसम्बन्धी काम गर्ने व्यक्ति पनि होइनन भनी प्रतिवादीको न्यायाधिकरणसमक्ष भएको इन्कारी बयान मिल्दोजुल्दो बकपत्र गरेको देखियो । इन्कारी बयान गरेर मात्र हुँदैन त्यसलाई सप्रमाण पुष्टि गर्न सक्नुपर्दछ । प्रतिवादी स्वयंले वैदेशिक रोजगारमा पठाउने भनी आफूले कागज गरिदिएको देखिन्छ । रूसको मस्को एयरपोर्टसम्म पुगेर जाहेरवाला फर्केको अवस्था देखिन्छ । सो कुरालाई अन्यथा हो भनी यी प्रतिवादी स्वयंले भन्नसकेको अवस्था छैन । आफू कसुरबाट बच्न यी प्रतिवादीले कसुर लोकिन्द्रबाबु राईले गरेका हुन् आफूचाहिँ निर्दोष छु भन्ने आशयले बयान गरेको देखिने ।

जाहेरवाला रामहरी भुजेललाई वैदेशिक रोजगारमा विदेश रसिया पठाइदिन्छु भनी निजबाट रकम लिई मस्को एयरपोर्टसम्म पुऱ्याई त्यहाँबाट जाहेरवाला फिर्ता भएको र जाहेरवालाबाट लिएको रकम रू. ५,००,०००।- मध्ये रू. ५०,०००।- फिर्ता गरी बाँकी रहेको रू. ४५०,०००।- फिर्ता गरेको अवस्थासमेत नदेखिँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ नं. विपरीतको कसुरमा ऐ. ४३ नं. बमोजिम यी प्रतिवादी दिर्घनाथ चापागाइँसमेतलाई जनही ३।०।० (तीन वर्ष कैद र रू.३,००,०००।- (तीन लाख) जरिवाना हुने ठहऱ्याई तथा जाहेरवालाले अभियोग मागदाबी अनुसार बिगो तथा हर्जानासमेत यी प्रतिवादीहरूबाट दिलाई भराइपाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने

इजलास अधिकृत : राजकुमार आचार्य

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल कार्तिक २ गते रोज ४ शुभम् ।

६८

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-CR-०२०४, ०७७-CR-०७०२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रामबहादुर थापा, रामकुमार मगर वि. नेपाल सरकार*

जाहेरवालाहरूले यी प्रतिवादीउपर गढाउ गर्न नसकेको, यी प्रतिवादी कसुरमा इन्कार रहेको, यी प्रतिवादी वैदेशिक रोजगारमा पठाउने भन्ने नदेखिएको, जाहेरवालाहरूको रकम यी प्रतिवादीले लिएको बुझेको भन्ने कहीँकतैबाट खुल्न नआएको र अन्य स्वतन्त्र प्रमाणहरूबाट यी प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा पठाउने कार्यमा संलग्न रहेको भन्ने नदेखिँदा सहप्रतिवादी रामकुमार मगरले गरेको बयानको आधारमा मात्र कसुरदार स्थापित हुन नसकेको अवस्थामा यी प्रतिवादी रामबहादुर थापालाई अभियोग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिँदा यी प्रतिवादी रामबहादुर थापालाई पनि अभियोग दाबी अनुसार सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवालाहरूबाट बुझिलिएको सो रकम आफूले प्रतिवादी रामबहादुर थापालाई बुझाएको हो तर रामबहादुर थापा फरार भएपछि जाहेरवालाहरूले मलाई जबरजस्ती वैदेशिक रोजगारको रकम बुझेको लिखतमा सहीछाप गराएका हुन भनी यी प्रतिवादीले न्यायाधिकरणसमक्ष गरेको बयानमा उल्लेख गरेका छन्। यति ठुलो मात्राको रकम आफूले लिएपछि त्यसै पनि कसैलाई बिनाभरपाई रकम दिने कुरा हुँदैन। यी प्रतिवादीले रामबहादुर थापालाई रकम बुझाएको वा दिएको भरपाई वा निस्सा पेस गर्नसकेको अवस्था छैन। यी प्रतिवादीले आफूले वैदेशिक रोजगारमा पठाउने इजाजत लिएको छैन भनी अनुसन्धान तथा अदालतको बयानमा उल्लेख गरेका छन्। निर्दोष रहेको जिकिर लिएपछि आफूले कसुर नगरेको भए सप्रमाण पुष्टि गर्न सक्नुपर्दछ। प्रमाण ऐन, २०३१ को दफा २७(१) मा "प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने छ" भन्ने उल्लेख भएको पाइन्छ। उल्लिखित कानूनी व्यवस्था अनुसार पनि आफूले कसुर नगरेको भए प्रमाणसहित खण्डन गर्नुपर्नेमा यी प्रतिवादीले साक्षीसम्म पनि राखेको देखिएन। केवल अर्का प्रतिवादी रामबहादुर थापालाई मैले रकम बुझाएको हो, मैले कसुर गरेको छैन भन्ने जिकिरको आधारमा मात्र यी प्रतिवादी कसुरदार होइनन् भन्न नसकिने।

प्रतिवादी रामबहादुर थापालाई अभियोग दाबीबाट सफाइ दिने गरी र प्रतिवादी रामकुमार मगरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।१०।० (एक वर्ष १० महिना) कैद र रू.१,७५,०००।- (एक लाख पचहत्तर) जरिवाना हुने ठहरी तथा जाहेरवालाहरूको बिगो रू.२३,४६,०००।- र सोको ५० प्रतिशत हर्जाना रू.११,७३,०००।- समेत जम्मा रू.३५,१९,०००।- यी प्रतिवादी रामकुमार मगरबाट जाहेरवालाहरूले दिलाई भराइपाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७६।८।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार आचार्य

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल कार्तिक २ गते रोज ४ शुभम्।

६९

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७०-CI-०१५३, मोही प्रमाणपत्र मोही नामसारी, दिनेश यादव वि. कासीप्रसाद साहसमेत*

पुनरावेदिकाले दाबी लिएको कि. नं. ४७३ को जग्गा सर्भे नापीका बखत नापी हुँदा कि. नं. १४० कायम हुनआएको भनेर निजै पुनरावेदिकाले उल्लेख गरेको देखिएको छ। उक्त कि.नं. १४० को जग्गाको फिल्डबुकमा जोताहाको नाम महलमा यी

पुनरावेदिकाका पति सिंहेश्वर यादवको नाम उल्लेख भएको नदेखिई खाली रहेको देखिएको छ। निजका पतिले मोहियानी हकको अस्थायी निस्सा र स्थायी प्रमाणपत्रसमेत प्राप्त गर्नसकेको देखिँदैन । पतिको मृत्यु नहुँदै निजका पतिले मोहियानी हकको प्रमाण पत्र पाउन साधिकार निकायमा कुनै उजुर गरेको वा कानूनी उपचार खोजेको देखिँदैन। जग्गाको स्रेस्ता अद्यावधिक राख्ने मालपोत कार्यालय धनुषासँग बुझ्दा उक्त कार्यालयको च.नं. ६०२७, मिति २०६७/१२/१३ को पत्रमा उल्लेख भए अनुसार कि.नं. ४७३ को जग्गा यी पुनरावेदिकाले जग्गाधनी भनी देखाएको कासी साह सुडीको नाममा नभई अर्कै तेस्रो व्यक्ति नारायण साहुको नाममा बिलोबन्दीबाट देखिएको भन्ने उल्लेख भएको देखिन्छ। मालपोत कार्यालयको उल्लिखित बेहोराबाट पुनरावेदकले साबिकमा कासी साहको नाममा रहेको कि.नं. ४७३ बाट हाल कायम हुन आएको कि.नं. १४० को विवादित जग्गामा मेरा पति मोही थिए भनी लिएको जिकिर खण्डित हुन पुगेको अवस्था देखिन्छ । जुन जग्गालाई जुन जग्गाधनी देखाई मोहियानी हकमा दाबी गरेको हो सो जग्गा नै निजले देखाएको जग्गाधनीको नाममा रहेको नदेखिई अर्कै जग्गाधनीको नाममा रहेको देखिन्छ भने अदालतले यी प्रमाणहरूलाई अनदेखा गरी जबरजस्ती यिनै प्रतिवादीको जग्गा हो भनेजस्तो गरी निज पुनरावेदिकाको जिकिरबमोजिम विवादित जग्गाको मोही यी पुनरावेदिकाका पति थिए भनी मान्नसक्ने अवस्था देखिँदैन। विवादित जग्गाको जग्गाधनी स्रेस्ताबाट जुन व्यक्ति रहेको देखिन्छ निज जग्गाधनीलाई प्रतिवादी बनाएको स्थिति देखिँदैन । स्रेस्ताबाट जग्गाधनी देखिएको व्यक्तिलाई प्रतिवादी बनाएको नदेखिएको तर जग्गाधनी नै नदेखिएको व्यक्तिलाई प्रतिवादी बनाएको प्रस्तुत फिरादबाट पुनरावेदिकाको दाबीबमोजिम निजका पतिलाई मोही कायम रहेको मान्न मिलेन । साथै २०२५ सालमा भएको नापीको फिल्डबुकबाट पनि कि. नं. ४७३ को जग्गामा जोताहाको महलमा "नाम खाली" भन्ने बेहोरा उल्लेख भएबाट यी पुनरावेदकका पति सिंहेश्वर यादव उक्त जग्गाको मोही रहे भएको नदेखिने।

मालपोत कार्यालय धनुषाले च.नं. ३४४६/१३६९ मिति २०६७/०९/०४ मा जिल्ला प्रशासन कार्यालय धनुषालाई लेखेको पत्रमा पनि साबिक कि.नं. ४७३ को जग्गा कासी साहको नाममा नरहेको र हाल उक्त जग्गा कति नं. कित्ता कायम भएको छ उल्लेख गर्न नसकिने भन्ने बेहोराको जबाफ पठाएको देखिन्छ। यस अदालतको मिति २०७६/०५/१८ को आदेशानुसार थप स्पष्ट पार्न मिति २०७७/११/२६ मा लेखिएको पत्रको जवाफमा पनि नापी कार्यालय धनुषाको च.नं.५४६ मिति २०७८/०७/०४ को पत्र प्राप्त भएकोमा साबिकको कि.नं. ४७३ बाट कित्ताकाट भई अन्य विभिन्न कि.नं. हरू कायम भएको देखिए तापनि पुनरावेदकले जिकिर लिएजस्तो हाल कायम भएको भनी उल्लेख गरेको कि.नं. १४० साबिक कि. नं. ४७३ बाट कित्ता काट भइआएको देखिँदैन भनी उल्लेख भएको देखिन्छ। यसैगरी मालपोत कार्यालय धनुषाको च.नं. ६०२७ मिति २०६७/१२/१३ को पत्रमा बिलोबन्दीको रै.नं. ३७४ भित्र नारायण साहु तेलीको कि.नं. ४७३ परेको भन्ने पनि देखिएको छ । यो स्थितिमा विवादित साबिक कि. नं. ४७३ को हाल कायम कि नं. १४० को जग्गा पुनरावेदकले विपक्षी बनाएका कासीप्रसाद साहको रहेको भनी मान्न सकिएन। जब विवादित जग्गाको मोही यी पुनरावेदिकाका पति सिंहेश्वर यादव रहे भएको तथ्य नै स्थापित हुन आउँदैन भने पति मोही भएको नाताले मोहियानी हक नामसारी गरिपाउँ भन्ने यी पुनरावेदिकाको दाबी स्वत: नै औचित्यहीन हुन जाने देखिएकोले निरूपण गर्नुपर्ने अन्य प्रश्नमा प्रवेश गर्नुपर्ने नदेखिने ।

विवादित जग्गाको क्षेत्रीय दर्ता किताब (फिल्डबुक) मा पुनरावेदकको पति सिंहेश्वर यादवको नाम मोहीको रूपमा जनिएको नदेखिएको, विवादित हाल कायम कि.नं. १४० को जग्गाको साबिक कि.नं. ४७३ भनिएको जग्गा पुनरावेदकले विपक्षी बनाएका

कासीप्रसाद साहको नाममा रहेको नदेखिई अर्के तेस्रो व्यक्ति नारायण साहुको नाममा रहेको देखिएको, पुनरावेदकले जिकिर लिएजस्तो विवादित कि. नं. १४० को जग्गा साबिक कि.नं. ४७३ बाट नै कित्ताकाट भइआएको भन्ने कुरा पनि प्रमाणित हुन नसकेकोसमेत को अवस्थामा विवादित जग्गाको मोहियानी हक आफ्नो नाममा नामसारी गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू भूमि सुधार कार्यालय धनुषाको निर्णय सदर हुने ठहराएको पुनरावेदन अदालत जनकपुरको मिति २०६८/११/०१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्यामहरि अधिकारी

इति संवत् २०७९ साल आषाढ २२ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CR-०७८२, लुटपिट, कासीप्रसाद साहसमेत वि. दिनेश यादवसमेत
- ०७२-CR-०७८३, लुटपिट, कासीप्रसाद साहसमेत वि. दिनेश यादवसमेत

**७०**

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CI-००६२, मोही लगत कट्टा, चन्द्रमान डंगोल वि. दुर्गा शर्मा*

प्रस्तुत मुद्दासँग लगाउमा रहेको ०७२-RI-२०३० को मोही नामसारी मुद्दाको विषय यसै विवादसँग सम्बन्धित रहेको र उक्त मुद्दामा आज यसै इजलासबाट मोही नामसारी नहुने गरी सुरू भूमि सुधार कार्यालय काठमाडौंको निर्णयलाई सदर गर्ने पुनरावेदन अदालत पाटनको फैसला उल्टी भई प्रतिवादीका नाममा मोही नामसारी हुने ठहरी फैसला भएको छ । विवादित जग्गाको साबिक मोही कान्छाभाइ डंगोलले मोही छोडपत्र गरेको तथ्यलाई मान्यता नदिई निज कान्छा भाइ डंगोलको नामको मोहियानी हक निजका छोरा प्रतिवादीका नाममा नामसारी हुने ठहरी आज यसै इजलासबाट फैसला भएको स्थितिमा सोही फैसलामा उल्लिखित आधार प्रमाणबाट निजको नामको मोही लगत कट्टा हुन नसक्ने देखिँदा मोही लगतकट्टा हुने ठहऱ्याई भूमि सुधार कार्यालय, काठमाडौंबाट मिति २०७१।०५।४ मा भएको निर्णयलाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७२।६।२१ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई मोही लगत कट्टा नहुने।

इजलास अधिकृत : शिवबहादुर थापा

इति संवत् २०७९ साल असार २२ गते रोज ४ शुभम्।